# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली साहित्य क्षेत्रका सुपरिचित प्रतिभा साहित्यकार पण्डित मनिराज जोशीको जन्म वि.सं. २०१२ साल असोज ६ गते डोटी जिल्लाको गाँजरी गाउँविकास समितिअन्तर्गत वडा नं. १ मा भएको हो । प्राथमिक तहको विद्यार्थी अवस्थादेखि नै कविता लेख्न थालेका श्री जोशीले वि.सं. २०३५ सालमा धनगढीबाट प्रकाशित सेती समाचार दैनिकमा 'यो जिन्दगी के छ र' शीर्षकको कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्य यात्रा सुरु गरि हालसम्म पनि निरन्तर सक्रिय रहँदै आउनुभएको छ । साहित्यकार जोशीका हालसम्म दश ओटा पुस्तकाकार कृति प्रकाशित भैसकेका छन् भने चारवटा प्रकाशोन्मुख छन् । उनका हालसम्म पुस्तकाकार कृतिका रुपमा **'बेहडाबाबाको उत्पत्ति र महिमा'** (२०४६), **'बालज्योतिसार'** (२०४९), **'आनन्दगीता'** (२०५३), **'सरिता खण्डकाव्य'** (२०५६), **'विनोदानन्दमणि काव्य'** (२०६१), **'वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता'** (२०६१), **'अमर साधक पहलमानसिंह स्वार महाकाव्य'** (२०६१), **'दुई लाखको अर्ति कथासङ्ग्रह'** (२०६१), **'धौली खण्डकाव्य'** (२०६४) र **'दशरथ चन्द महाकाव्य'** (२०६५) छन् । साथै उनका **जयपृथ्वी वहादुर सिंह महाकाव्य, शैलेश्वरी महाकाव्य, देवकान्त पन्त खण्डकाव्य र कर्मकाण्ड भाष्कर** प्रकाशोन्मुख रहेका छन् ।

यस अलावा यिनका थुप्रै फुटकर लेख रचना, कथा कविता, समालोचना, निबन्ध, जीवनी जस्ता रचनाहरु गरिमा, गोरखापत्र, कान्तिपुर, कैलाली संगम, सेती समाचार सौरभ, मालिका, सुरभि, फूलबारी, नेपाल, जनमत, समुदय, हिमालय टाइम्स लगायत दर्जनौं पत्रपत्रिकामा प्रकाशित भएका छन् । विशेष गरी यिनका कृतिहरू सांस्कृतिक, धार्मिक, सामाजिक ऐतिहासिक, पौराणिक एवम् ज्योतिषी

विषयवस्तुमा आधारित रहेको पाइन्छ । प्राथमिक तहको मात्रै औपचारिक शिक्षा प्राप्त गरेका यिनले स्वाध्यायनकै क्षमताले साहित्यको काव्यात्मक शैलीलाई उठान गरेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको काव्यात्मक शैलीबाट प्रभावित उनले राष्ट्रकवि माधव घिमिरे र कवि माधव वियोगीको छन्दात्मक शिल्पप्रविधिलाई आत्मसात गर्दै सशक्त काव्यहरुको सिर्जना गरेका छन् । उनका काव्य र रचनाहरुमा विचार, भाव र अनुभूतिको समिश्रण देख्न सकिन्छ ।

## १.२ शोधसमस्या

साहित्यकार मनिराज जोशी एक प्रख्यात ज्योतिषी र समाजसेवी भएपनि उनको कीर्ति फैलाउने महत्त्वपूर्ण क्षेत्र साहित्यिक सृजनशीलता हो । नेपाली साहित्यमा कविता, खण्डकाव्य, महाकाव्य, कथा, निबन्ध, जीवनी, समालोचना, संस्मरण, प्रबन्ध जस्ता सिर्जनशील विधामा विशिष्ट स्थान राख्न सफल साहित्यकार मनिराज जोशीका बारेमा हालसम्म सामान्य चर्चा परिचर्चा बाहेक विस्तृत अध्ययन भएको पाइएको छैन । त्यसकारण साहित्यकार श्री मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित प्रश्नहरू नै यस शोधपत्रको समस्या हुनेछ । त्यसैले निम्नलिखित समस्याहरुको समाधान खोज्ने कार्यतर्फ नै प्रस्तुत शोधपत्र उन्मुख रहेको छ :-

क) साहित्यकार मनिराज जोशीको जीवनी र व्यक्तित्व के कस्तो छ ?

ख) मनिराज जोशीको जीवनीको विकासक्रम र व्यक्तित्व पक्षका साथै कृतित्वको विकासक्रम के कस्तो छ ?

ग) उनले सामाजिक एवम् साहित्यिक सङ्घ संस्थाहरुमा संलग्न रही नेपाली साहित्य र समाजमा के-कस्तो योगदान दिएका छन् ?

घ) उनले साहित्यका कुन-कुन विधामा कलम चलाएका छन् ?

ङ) उनका साहित्यिक कृतिहरु के कस्ता छन् ?

## १.३ शोधकार्यका उद्देश्य

नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने साहित्यकार र तिनका कृतिहरूको अध्ययन अनुसन्धानको परम्परा निरन्तर चलिरहेको छ । समस्या कथनमा उठेका समस्याहरुको समाधान गर्न साहित्यकार मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाबाट विस्तृत र व्यवस्थित अध्ययन गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य हो । त्यसकारण मनिराज जोशीको समग्र जीवनको अध्ययन, जीवनका प्रमुख कार्य र घटनाको उद्घाटन, उनको व्यक्तित्वको चिनारी, उनका साहित्यिक रचनाहरुमा प्रवृत्तिको निर्धारण एवम् वस्तुपरक अध्ययन, विभिन्न सामाजिक र साहित्यिक संङ्घ संस्थामा संलग्न रहेर नेपाली साहित्य र समाजलाई दिनुभएको योगदानको मूल्याङ्कन गर्दै निष्कर्षसम्म पुग्ने उद्देश्यमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ । यसलाई बुँदागत रूपमा निम्नानुसार देखाउन सकिन्छ :-

क) मनिराज जोशीको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरुको अध्ययन निरुपण गर्नु ।

ख) उनका साहित्यिक कृतिहरुको विश्लेषण र अध्ययन गर्नु ।

ग) उनले सामाजिक एवम् साहित्यिक संस्थाहरुमा संलग्न रहेर नेपाली साहित्य र समाजलाई दिएको योगदानको मूल्याङ्कन गर्नु ।

घ) उनले कलम चलाएका साहित्यका विविध विधामा देखापर्ने प्रवृत्तिहरुलाई औल्याउनु ।

ङ) उनका फुटकर प्रकाशित कृति र अप्रकाशित कृतिहरुको सामान्य चर्चा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको उत्थानमा विशिष्ट योगदान पुऱ्याउनु हुने साहित्यकार मनिराज जोशीले कविता, कथा, निबन्ध, समालोचना, ज्योतिषी जस्ता विधामा कलम चलाएर साहित्य भण्डारलाई ओजपूर्ण बनाएका छन् । यस्ता राष्ट्रिय प्रतिभाहरुको बारेमा प्रकाश पार्नु निश्चय नै महत्त्वपूर्ण कार्य हो । नेपाली साहित्य फाँटमा आफ्नो छुट्टै पहिचान बनाइ सकेका साहित्यकार मनिराज जोशीका बारेमा हालसम्म सामान्य चर्चा बाहेक कहि कतैबाट खोज अनुसन्धान र अध्ययन हुन सकेको छैन साथै यिनका कृतिहरुका बारेमा पनि गहन रुपमा हालसम्म अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । मनिराज जोशी नेपाली साहित्यका ओजस्वी प्रतिभा हुन् । साहित्यकार मनिराज जोशीका सम्बन्धमा विभिन्न विद्वान, लेखक, कविहरुले चर्चा गरेका अंशहरू कालक्रमिक रुपमा सङ्क्षेपमा पूर्व कार्य समीक्षाका रूपमा यहाँ प्रस्तुत गरिएका छन् ।

डा. रामचन्द्र भट्टले **'बालज्योतिसार'** (२०४९) मा आफ्नो मन्तव्य व्यक्त गर्दै - 'सेती अञ्चलमा ज्योतिषसम्बन्धी उपयोगी ग्रन्थ तयार पार्ने मनिराज जोशी पहिलो व्यक्ति भएको' बताएका छन् ।

स्वामी १००८ देवराज आचार्यले '**आनन्दगीता**' (२०५३) को मन्तव्यमा "कवि जोशी श्री हरिमा समर्पित हुनुभएको र उनको रचना शक्ति र भगवत शक्ति उच्च रहेको" वताएका छन् ।

भानुभक्त पोखरेलले **'सरिता खण्डकाव्य'** (२०५६) मा शुभकामना मन्तव्यमा भनेका छन् - 'ज्योतिषशास्त्रका माध्यमबाट कार्यक्षेत्रमा प्रवेश गरेका तथा प्रसिद्धि पाएका भए पनि मनिराजजोशी धार्मिक सामाजिक, सांस्कृतिक, साहित्यिक र शैक्षिक आदि विविध विषयमा रुचि राख्ने व्यक्ति भएको उल्लेख छ ।

कवि यज्ञराज यात्रीले **'सरिता खण्डकाव्य'** मा शुभकामना दिदै भनेका छन् - "मनिराज जोशी साहित्य फाँटका जति शिल्प स्रष्टा हुनुहुन्छ, सामाजिक पृष्ठभूमिबाट पनि त्यत्ति नै सुसज्जित हुनुहुन्छ"

मोहन कोइरालाले **'सरिता खण्डकाव्य'** (२०५६) मा शुभकामना लेख्दै - 'नेपालका सुदूरपश्चिमका साहित्यकार एवम् समावसेवी जोशीको खण्डकाव्य समसामयिक एवं पारिवारिक पृष्ठभूमिमा छन्दवद्ध, रोचक र मिठासपूर्ण छ' भनेका छन् ।

पद्मराज जोशी 'प्रभात' ले **'पहलमानसिंह स्वार महाकाव्य' (२०६१)** को भूमिकामा 'श्री जोशीज्यू द्वारा सृजना गरिएको ऐतिहासिक अनुसन्धानमुलक यस महाकाव्यमा एकातिर स्वार अनुवंशको सजीब चित्रण हुन पुगेको छ भने अर्को तिर पहलमासिंह स्वारको दुःखान्त नाटक **'अटलबहादुर'** को सृजनाकाल, सृजना परिवेश र सृजनाको विषयवस्तुलाई यथार्थपरक रुपमा प्रस्तुत गर्ने कार्य भएको" टिप्पणी गरेका छन् ।

राष्ट्रकवि माधब प्रसाद घिमिरेले **'धौली'** खण्डकाव्य (०६४) मा 'एकको कथा हजारौंको व्यथा' शीर्षकको शुभकामना मन्तव्यमा भनेका छन् :- "कवि मनिराज जोशी पहलमानसिंह स्वार महाकाव्य सिर्जना गर्ने स्रष्टा हुन् । उनमा वर्णनशक्ति प्रशस्त पाइन्छ, प्रस्तुत 'धौली' मा कवि जोशीले हेमगौरी धौलीको शिल्प सौन्दर्य र उसका सुकोमल भावनाको साथै उसले नर्कमा परेर भोग्नु परेका मर्माहत पीडा र आफ्नो र आफूजस्तै अरु चेलीको उन्मुक्तिको निम्ति सिर्जिएको रोमाञ्चक वर्णन पाइन्छ" साथै घिमिरेले कविले समसामयिक सामाजिक समस्यालाई लिएर एक उदाहरणीय कार्य गरेको टिप्पणी गरेका छन् ।

लोकेन्द्रबहादुर चन्दले '**दशरथ चन्द महाकाव्य**' (२०६५) मा 'लेखक मनिराज जोशी सशक्त लेखनका धनी भएको र दशरथ चन्द महाकाव्य वडो प्रभावकारी ढङ्गले रचना गर्नुभएको' वताएका छन् ।

साहित्यकार माधव वियोगीले मनिराज जोशी द्वारा लिखित **'दशरथ चन्द महाकाव्य'** (२०६५) को भूमिकामा "कवि मनिराज जोशी छन्दोवद्ध कविताका सशक्त पारखीका रुपमा गनिएका व्यक्तित्व हुन्" । उनी साहित्य लेखनमा मात्र सीमीत छैनन् । सामाजिक जीवनका विविध क्षेत्रमा उनले हात हालेका छन्, यस अर्थमा उनी बहु-आयामिक व्यक्तित्व हुन् । परम्परागत तथा शास्त्रीय मान्यतालाई आत्मसात गर्दै आधुनिकताको समेत वरण गर्न उनी तत्पर छन्" भनेका छन् । साथै वियोगीले भनेका छन् - 'सुदूरपश्चिमका नेतृत्वशाली कविका रुपमा उनलाई चिन्न र बुझ्न सकिन्छ । महाकाव्य रचनाका माध्यमवाट उनले आफ्नो पहिचानलाई पनि दह्रो पारेका छन् ।

महाकाव्यकार रामनाथ अधिकारीले आफ्नो **'मनिराज'** महाकाव्य २०६५ को मन्तव्यमा "कविजीका उपदेशबाट कुलतमा लागेका युवा युवतीहरु सुधारिएको भेटिएको र बहुआयामिक व्यक्तित्वका कवि मनिराज '**छन्दकवि** र **महाकवि**' का रुपमा समेत परिचित भएको" बताएका छन् ।

साथै सोही मन्तव्यमा अधिकारीले "यस्ता विराट प्रतिभाका धनी, नम्रता, सहनशीलता, उदारताका साथै सबैमा समान दृष्टि राख्ने, समान व्यवहार गर्ने, विभिन्न पुरस्कारहरुबाट सम्मानित अभिनन्दित, विभूषित ख्यातिप्राप्त कविका सम्बन्धमा महाकाव्य तयार गरी पाठकहरुका काखमा सौंपने सुअवसर प्राप्त भएकोमा आफैलाई गौरवान्वित" सम्झेका छन् ।

## १.५ शोधकार्यको औचित्य

साहित्य सिर्जनामा निकै लामो यात्रा पार गरिसकेका र नेपाली साहित्यका विविध विधामा कलम चलाउँदै आएका मनिराज जोशीका वारेमा आजसम्म सङ्क्षिप्त चर्चा परिचर्चाबाहेक विस्तृत अध्ययनअनुसन्धान भएको छैन । त्यसैले जोशीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सर्वप्रथम विस्तृत व्यवस्थित तथा सुनियोजित ढङ्गबाट तथ्यपरक अध्ययन गरिएको हुँदा यो शोधकार्य औचित्यपूर्ण भएको छ । साहित्यकार मनिराज जोशीका बारेमा जानकारी राख्न चाहने हरेक अध्येताहरुका लागि यो शोधपत्र निकै सहयोगी र मार्गदर्शक बन्ने पनि देखिन्छ । यसका साथै समवर्ती र उत्तरवर्ती साहित्यकारका लागि पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वले प्रेरणादायी भूमिका खेल्ने र नेपाली साहित्यिक अनुसन्धानपरम्पराको विकासमा पनि यसले सहयोग गर्ने हुँदा यसको औचित्य, महत्त्व र उपयोगिता सिद्ध हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यसमा उनको जन्मदेखि २०६५ साल सम्मको समयावधिलाई सीमाङ्कन गरिएको छ । मनिराज जोशीका करिव दुई दर्जन कृति अप्रकाशित देखिन्छन् । तर यसमा अप्रकाशित कृतिका बारेमा व्याख्या विश्लेषण गरिएको छैन । उनको जीवनी र व्यक्तित्व प्रष्ट्याउँदै प्रकाशित कृतिहरु र फुटकर कृतिहरुको परिचयात्मक सामान्य विश्लेषण मात्र यसमा समावेश गरिएको छ । समग्रमा यो अध्ययन मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्वसँग नै सम्बन्धित रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यको सामग्री-सङ्कलनका सन्दर्भमा मुख्य रुपमा शोध नायकबाट प्राप्त जानकारी र बिषयबस्तुलाई आधार बनाइएको छ । यसका थोरबहुत रूपमा पुस्तकालयीय अध्ययनपद्धति पनि अपनाइएको छ । साथै यस शोधका नायकसंग प्रत्यक्ष रूपमा आवश्यक जानकारी लिनुका साथै, भेटवार्ता, पत्रपत्रिका र अन्य सम्बन्धित व्यक्तित्वहरुसित सम्पर्क गरेर तथा उनका आफन्त, परिवारका सदस्यहरु र समकालीन व्यक्तिसँग पनि आवश्यक परामर्श लिई यस शोधका निम्ति सामग्री संकलन गरिएको छ । यसक्रममा सम्बद्ध क्षेत्रका विभिन्न विद्वान, लेखक साहित्यकार तथा उनका बारेमा जान्ने व्यक्तिसँग पनि मौखिक रूपमा सोधपुछ गर्दा प्राप्त भएका सूचनाको उपयोग पनि यसमा गरिएको छ । कृतित्व पक्षका सम्बन्धित सामग्री मनिराजका साहित्यिक कृति र विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेख रचना नै रहेको कुरा स्वतः स्पष्ट छ ।

### १.७.२ विश्लेषणविधि

प्रस्तुत शोध सामग्रीको विश्लेषणको मूल आधार जीवनीपरक र कृतिपरक समालोचनालाई बनाइएको छ । साथै यसमा पुस्तकालयीय तथा क्षेत्रीय विधिबाट संकलित सामग्रीहरुको अध्ययन विश्लेषणमा पूर्वीय साहित्य तथा पाश्चात्य साहित्यमा चलेका सिद्धान्त र बाद आदिलाई आधार बनाइएको छ । यसका साथै परम्परित, सैद्धान्तिक र व्यवहारिक समालोचनाविधिको उपयोग गरी तथ्यपरक ढङ्गले अध्ययन गरिएको छ । सामग्रीको सङ्कलनपछि त्यसलाई  सूचीकरण गरी सामान्य वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरुमा सङ्गठित गरिएको छ :

१) पहिलो परिच्छेद : शोधपरिचय

२) दोस्रो परिच्छेद : मनिराज जोशीको जीवनी

३) तेस्रो परिच्छेद : मनिराज जोशीको व्यक्तित्व

४) चौथो परिच्छेद : मनिराज जोशीका कृतिहरुको विवेचना

५) पाँचौ परिच्छेद : उपसंहार तथा शोध निष्कर्ष

उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थ सूची राखिएको छ ।

# दोस्रो परिच्छेद
# मनिराज जोशीको जीवनी

## २.१ जन्म र जन्मस्थान

मनिराज जोशीको जन्म वि.सं. २०१२ असोज २६ गते बुधवारका दिन बिहान ८ बजेको समयमा भएको हो । उनी पिता पं. धर्मराज जोशी र माता जसुदादेवी जोशीका कोखबाट जेष्ठ पुत्रका रुपमा जन्मिएका हुन् ।[१] उनको जन्मस्थान सेती अञ्चल डोटी जिल्लाको गाँजरी गाविस वार्ड नं. १ अन्तर्गत् **'दानकोट'** हो । यो ठाउँ उनको पुर्ख्यौली थलो हो । सन्तानका रुपमा उनी आमाबुवाका दोस्रा सन्तान हुन् भने पुत्रका रुपमा जेठा पुत्र हुन् । उनी भन्दा जेठी दिदी हीरा जोशी हुनहुन्छ भने उनी भन्दा पछाडि भाइहरु भूमिराज जोशी र पद्मराज जोशी छन् । उनको न्वारनको नाम पनि मनिराज जोशी नै हो । साहित्यिक लेखनमा कतिपय ठाउँमा उनले आफ्नो नाम **मणिराज जोशी** पनि लेखेको भेटिन्छ ।[२]

साहित्यकार मनिराज जोशी जन्मेको ठाउँ पुग्न डोटी जिल्लाको सदरमुकाम सिलगढीदेखि पूर्व दश कोष पहलमान सिंह राजमार्गअन्तर्गत कुँडिगडा भन्ने ठाउँबाट करिव दुई किलोमिटर दक्षिण तर्फ जानुपर्ने हुन्छ । तत्कालीन डोटेली राजाबाट उनी जन्मेको गाँजरी गाउँ विर्ताको रुपमा पाइएको हो । त्यस पूर्व गाँजरी गाविसको नाम 'वेडुलानी' थियो भन्ने सुनिन्छ । सायद सवै कुराले मिलेको सुन्दर र विद्वानहरुको ठाउँ भएर होला तत्कालिन डोटेली राजाले गाँजरी गाउँको प्रशंसा यसरी गरेका थिए :-

*गाँजरी गजगम्मेरी धन्य वाराणसी पुरी*
*जोगानन्द समाख्याता कवि कुञ्जर केसरी*

---

[१] शोध नायकबाट प्राप्त जानकारी अनुसार ।

[२] पूर्ववत्

अर्थः 'वाराणसीपुरी जस्तै सुन्दर र पवित्र नगरी प्रशस्त जनसंख्या भएको गाँजरी गाउँमा जोगानन्द नामक विद्वान पण्डित एवम् प्रकाण्ड ज्योतिष कवि हुनुहुन्छ' । जोगानन्द पण्डित् साहित्यकार मनिराज जोशीका पुर्खा बाजे हुन् ।[३]

## २.२ बाल्यकाल

मनिराज जोशीको बाल्यकाल पूर्णतया जन्मस्थानमै बितेको पाइन्छ । जोशीको वाल्यकाल निकै कष्टमय थियो । उनी जन्मेको सात वर्ष सम्म पनि प्रष्ट रुपमा बोल्न सकेनन् । कतिपयले उनलाई **'लाटो भयो'** पनि भने । सात वर्ष सम्म पनि बोली नफुटेपछि घरपरिवार र आफन्तमा चिन्ता छायो । कमजोर आर्थिक अवस्थाका मनिराज जोशीको परिवारसंग उनीलाई बाहिर लगेर उपचार गर्ने सामर्थ्य पनि थिएन । दुर्भाग्यवश उनी आठ वर्षकै हुँदा उनका पिता धर्मराज जोशीको वि.सं.२०२० असाढमा अल्पायुमै निधन भयो । यस घटनाले उनमा झन् निराशा छायो । पिताको निधन पछि डोटी जिल्लाकै **'डौड'** गाविस स्थित सुन्डगाउँ निवासी उनका मावली बाजे पुरन्धर जोशीले उनको रेखदेख गरे र उनलाई बोल्न सिकाए । त्यसपछि क्रमशः मनिराज जोशीको बोली फुट्दै गयो । आठ वर्षकै उमेरमा पिताको माया ममताबाट टाढिन पुगेका जोशीलाई मावली बाजे पुरन्धर जोशी र मामाहरु जेठा हरिलाल जोशी, माहिला बालकृष्ण जोशी र कान्छा भानुभक्त जोशीको स्नेह र प्रेरणाले अगाडि बढ्न सहयोग मिल्यो ।[४]

मनिराज जोशीको मावली गाउँ उनी जन्मेको हुर्केको गाँजरी गाँउभन्दा अन्दाजी पन्ध्र/बीस किलोमिटर पश्चिममा पर्दछ । उनको मावली गाउँको नाम 'साइल' हो । मनिराजजोशीले आफ्नो वाल्यकालका केही समय मावली गाउँमा पनि विताएको

[३] पूर्ववत् ।

[४] पूर्ववत् ।

पाइन्छ । तत्कालीन परिवेशमा गाउँमा कुनै साहित्यिक माहोल नभए पनि डोटीको संस्कृति झल्किने डेउडा, फाग, माङल, हुड्के पञ्चेबाजालगायत कर्मकाण्डी मावलीको सङ्गतले मनिराज जोशीको हृदय साहित्यतिर आकर्षित भएको हो । उनले त्यसबेला आठ वर्षकै उमेरमा उनको मावली गाउँ साइल सुन्डका प्रधानपञ्चलाई एक कविता आफै लेखेर सुनाएपछि प्रधानपञ्च खुसी भएर उनलाई नगद पाँच रुपैंया पुरुस्कार दिएका थिए । त्यसवेलादेखि उनलाई गाउँका कतिपय भद्र भलाद्मीहरुले उनको उपनाम **'कवि'** राखेका थिए ।[५]

## २.३ शिक्षादीक्षा

मनिराज जोशीले घरायसी अनौपचारिक शिक्षा, औपचारिक शिक्षा र स्वाध्यायन गरी तीन किसिमका शिक्षा प्राप्त गरेका छन् ।

सात वर्षको उमेर सम्म पनि बोली नफुटेका मनिराज जोशीको अनौपचरिक शिक्षा र बोलीको विकासमा त्यसबेला  एकजना जोगीको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । गाउँकालागि अपरिचित ती जोगीले मनिराज जोशीका घर परिवारको आग्रहमा करिव एक महिना गाँजरी गाउँमा वसी उनलाई ध्यान, प्रणायाम तथा योगका माध्यमबाट बोल्न सक्ने बनाए, त्यसपछि ती जोगीले उनलाई अक्षरारम्भ पनि गराए । अप्रत्याशित रुपमा सवल मानसिक क्षमताका मनिराज बाल्यकाल देखि नै अध्ययनतिर विशेष रुचि लिन्थे जसका कारण उनले एक दुई महिनामै बाह्राखरी सिके र अक्षर चिन्न सक्ने भए । आठ वर्षकै उमेरमा पितालाई गुमाउन पुगेका मनिराज जोशीको विलक्षण प्रतिभाका कारण त्यसबेला त्यस क्षेत्रका विद्वान पण्डित पनि आकर्षित हुन थाले । उनलाई त्यसबेला डोटी 'डौड' गाविस गाङ्खेत निवासी उनका

---

[५] पूर्ववत् ।

नातेदार प्रकाण्ड ज्योतिषी विद्वान चेतराज रेग्मीले आफूसँग  राखी प्राथमिक र ज्योतिषी विद्या अनौपचारिक रूपमा पढाए ।[६]

अनौपचारिक रूपमा घरायसी शिक्षा पाएका मनिराज जोशीले औपचारिक रुपमा जन्मस्थान गाँजरी कै शिशु सुधार प्रा.वि.मा वि.सं. २०१९ सालमा सरस्वती पूजाका दिन भर्ना भएर अध्ययन सुरु गरेको देखिन्छ । उक्त विद्यालयमा कक्षा १ मा भर्ना भएका मनिराज जोशी भर्ना भएकै वर्ष कक्षा १ मा प्रथम भएर सबैलाई आश्चर्य चकित पारेका थिए । तत्कालिन परिवेशमा गाउँमा एउटा मात्र विद्यालय भएको, पाठ्यपुस्तकको अभाव भएको, अनुभवी र तालिम प्राप्त शिक्षकको अभाव भएको र विद्यालयको कोठासमेत नभएर खुल्ला चौरमा बसेर पढ्नु पर्ने बाध्यात्मक परिस्थितिमा पनि मनिराज जोशीले गाँजरीको शिशु सुधार प्रा.वि बाट औपचारिक रुपमा कक्षा पाँच सम्मको औपचारिक शिक्षा लिएका हुन् ।[७]

गाउँमा पाँच कक्षा भन्दा माथिको विद्यालय नभएका कारण मनिराज जोशीको औपचारिक शिक्षा कक्षा पाँचमै सीमित हुन पुगेको देखिन्छ । विद्यालयको अभाव र आर्थिक विपन्नताले गाँजिएका मनिराज जोशी उच्च शिक्षा पढ्ने धोको पूरा हुन सकेन । तर अध्ययन प्रति विशेष लगाव भएका जोशीले विद्यालय नगए पनि घरमै बसेर विभिन्न ज्ञानमूलक शैक्षिक सामग्रीहरू अध्ययन गर्दै गए । चौध/पन्ध्र वर्षकै उमेरमा उनी **भागवत, गीता, रुद्री, चण्डी कर्मकाण्ड** लगायतका पुस्तकहरु पढ्नमा रुचि राख्न थाले । औपचारिक शिक्षाबाट  वञ्चित हुन पुगेका मनिराज जोशीले डोटी गाङ्खेत  निवासी दप्थरी चेतराज रेग्मीको सङ्गतबाट ठूलो प्रेरणा र ज्ञान पाएको देखिन्छ । नाताले फुपूका छोरा पर्ने प्रकाण्ड ज्योतिष विद्वान चेतराज रेग्मीसँग अनौपचारिक पाँच वर्ष वसी उनले नेपाली र संस्कृत साहित्यको प्रशस्त ज्ञान हाँसिल गरेको देखिन्छ ।

[६] शोधनायकका मामा भानुभक्त जोशीका अनुसार ।

[७] पूर्ववत् ।

मनिराज जोशीले घरमै संस्कृत र नेपाली साहित्यको अध्ययन गरेका हुन् । उनले आफ्नो अनौपचारिक शिक्षाका क्रममा संस्कृत र नेपाली भाषा साहित्यको गहिरिएर स्वाध्ययन गरेको पाइन्छ । प्राथमिक शिक्षाको मात्र विद्यालय गएर औपचारिक शिक्षा लिएका मनिराज जोशीले हालसम्म आइपुग्दा स्वाध्ययनकै भरमा आफूलाई सुदूर पश्चिमाञ्चलको स्थापित साहित्यकार र ज्योतिषको रूपमा उभ्याएका छन् । विशेषगरी नेपाली महान् साहित्यकारहरू भानुभक्त आचार्यको **रामायण,** देवकोटाको **मुनामदन** तथा संस्कृत साहित्यका **वेद, पुराण, महाभारत, गीता** लगायतका पुस्तकको प्रभाव मनिराज जोशीमा गहिरो रूपमा परेको देखिन्छ ।[८]

आफ्नो इमान्दारी र लगनशीलताले गर्दा एउटा दुर्गम ठाउँमा जन्मे हुर्केको र शिक्षाको साँगुरो र अप्ठ्यारो बाटोलाई पन्छयाउँदै अघि बढेको बालक आठ वर्षकै उमेरमा पिताको मायाबाट वञ्चित हुनु परे पनि हालसम्म आइपुग्दा एक स्थापित साहित्यकार र ज्योतिषको रूपमा प्रसिद्धि पाउन सक्नु उनको उल्लेखनीय पक्ष हो । उनी जन्मेको पहाडी गाउँमा त्यतिखेर पठन पाठनको कठिनाइ र पाठ्यसामग्रीको अभावका बाबजूद पनि आजको स्थानमा पुग्नु भनेको चानचुने कुरा होइन । आज यो स्थानमा उनी पुग्न सफल हुनुको श्रेय उनैको परिश्रम, धैर्य र लगनशीलतालाई जान्छ । साहित्यका अलावा सुदूर पश्चिम क्षेत्रको ख्यातिप्राप्त ज्योतिषको रुपमा र वरिष्ठ समाजसेवीको रुपमा समेत मनिराज जोशीले आफ्नो पहिचान बनाएका छन् ।

## २.४ पारिवारिक पृष्ठभूमि

मनिराज जोशीका पिता पं धर्मराज जोशी एक सामान्य ब्राह्मण परिवारका व्यक्ति थिए । तत्कालीन बाइसे चौबीसे राज्यका बेला डोटेलीराज्य अन्तर्गत पर्ने गाँजरी क्षेत्रमै एक मात्र ब्राह्मण परिवार थियो उनको । गर्ग गोत्रीय जोशी परिवार

---

[८] शोधनायकबाट प्रप्त जानकारी अनुसार ।

डोटी क्षेत्रमा इमानदार शिक्षित र ज्योतिष परिवारका रुपमा स्थापित थियो । मनिराज जोशीको जन्म भन्दा अगाडि उनका परिवारको हैसियत विर्तावालको जस्तो देखिन्छ । उनको खान्दानमा राजकाजी परम्परा नभए पनि लेख्ने पढ्ने परम्परा भने थियो । पहाडी जीवनशैली प्रायः खेतीपाती, पशुपालनमा आधारित हुने हुनाले मनिराज जोशीको परिवार पनि सोही पेसासँग सम्बद्ध थिए । थोरै खेतीपातीको भरमा उनको परिवार निर्भर थियो । आर्थिक यापन गर्न पनि धौ धौ परेको थियो ।[९]

मनिराजले हजुरबुवा सहदेव जोशी र हजुरआमा सरस्वती जोशीलाई देख्न पाउनु भएन । उनी नजन्मिदै उहाँहरुको निधन भैसकेको थियो । मावली हजुरबा पुरन्धर जोशी र मामाहरुले उनको जीवनमा ठूलो प्रभाव पारेको देखिन्छ । सामान्य ब्राह्मण परिवारका कूलमा जन्मेका मनिराजका पिताको मुख्य पेशा गाउँघरमा जजमानी र कृषि नै थियो । गाउँमा अन्य ब्राहमण नभएका कारण पनि डोटीको गाँजरी र आसपासको क्षेत्रमा सबैले उनकै परिवारलाई पुरोहित मानेका थिए त्यसकारण पनि मनिराज जोशीको परिवार पण्डित्याईंबाट आफ्नो जिविकोपार्जनमा थियो भन्न सकिन्छ ।

मनिराज जोशी आफू जन्मेपछि वि.स. २०४० साल सम्म डोटी गाँजरीमै हुर्किए । वि.सं. २०४० साल पछि भने उनको परिवार कैलालीको धनगढी आइ बसोबास गरेको देखिन्छ ।[१०]

'मनिराज जोशीको खास थर गजुरेल हो तर ज्योतिष सेवामा प्रवीण भएका कविका पुर्खालाई डोटेली राजाले ज्योतिषी भनेर सुनको पट्टामा लेखिदिएको हुनाले पछि ज्योतिषीको अपभ्रंश भइ जोशी हुनगएको हो भन्ने भनाइ छ ।'[११]

---

[९] पूर्ववत् ।

[१०] पूर्ववत् ।

[११] रामनाथ अधिकारी 'संगी' मनिराज महाकाव्य (विष्णुमाया वाङ्मय प्रतिष्ठान पोखरा २०६५) लेखकीय मन्तव्य ।

'कुमाउगडमा बस्ने चारथानी ब्राहमणहरु मध्य पहिलो कुमाउगड बाट आए र डोटीको गाँजरी बसेका मनिराजका प्रथम पुर्खाको नाम हो जगदीश । जगदीश गाँजरीमा आएर बसिसकेपछि त्यहाँ उनका जयानन्द र भाष्कर दुइ पुत्रहरुको जन्म भयो । जसमा कान्छा छोरा भाष्कराचार्य प्रसिद्ध ज्योतिषीका नामले चर्चित छन् । जहाँ कविको जन्म भयो त्यो ठाउँ डोटीका राजाबाट विर्ताको रुपमा प्राप्त भएको थियो । रोचक प्रसंङ्ग के छ भने कविका पुर्खाले रिठाको दाना भित्र पात्रो हालेर राजाका हजुरमा पठाएकोले रिठु जोशी भन्ने उपाधी राजाबाट प्राप्त भएको र सो मिति देखि प्रत्येक सालको बैशाख १ गतेका दिन नयाँ सालको पात्रो डोटेली राजाका हजुरमा पण्डितहरुले अनिवार्यरूपमा बुझाउनै पर्ने चलन थियो । यस प्रकारबाट संचालन हुँदै आएको कविजीको पुस्तावली हेर्दा जयानन्दको ३६ पुस्तापछि पं. रामपति जोशी, रामपतिका छोरा पं. नन्दराम जोशी, नन्दराम जोशीका ३ छोराहरु मध्य पं.धर्मराज जोशी कवि मनिराज जोशीका पिता हुन् ।[१२]

## २.५ मनिराजका पारिवारिक वंशज

मनिराज जोशीका पिता पं. धर्मराज जोशीका २ दाजु थिए जसको नाम जेठा खड्गराज जोशी र माहिला भक्तराज जोशी हुन् । धर्मराज तीन भाइमध्ये कान्छा थिए । मनिराजको जन्म हुँदासम्म उनका बुवाहरुको अंशवण्डा भैसकेको थियो । जेठा खड्गराजको वि.सं. २०१९ मा, माहिला भक्तराजको २०४३ र कान्छा धर्मराजको वि.सं. २०२० सालमा निधन भएको थियो । यिनिहरुकी एक मात्र जेठी दिदी थिइन् उनको नाम देवी जोशी हो । उनको विवाह डोटी साइल निवासी टीकादत्त जोशीका साथ भएको थियो ।[१३]

---

[१२] पूर्ववत् ।

[१३] शोधनायकसंग मिति २०६६ जेठ २० गते लिएको अन्तर्वार्ताअनुसार ।

## २.६ मनिराज जोशीका दाजुभाइ दिदी बहिनी

मनिराज जोशीका उनीसहित तीन भाइ र एक दिदी छन् । भाइहरूमध्ये जेठी दिदी हीरा जोशी हुन् जसको विवाह डोटी देउरामहल निवासी तुलाराम जोशीसंग भयो । जेठी दिदी हीरा जन्मिनुभन्दा अगाडि पनि मनिराज जोशीकी आमा जसुदा जोशीको पहिलो सन्तानका रुपमा जन्मिएको एक बालकको जन्मेकै २/३ दिनमा निधन भएको थियो । मनिराज भाइहरुमध्ये जेठा हुन् । उनीपछी दुई भाइ छन् । माहिला भूमिराज जोशी पनि पण्डितको काम गर्छन् । हाल उनी धनगढी नैनादेवी भगवती मन्दिरका पुजारीको रूपमा कार्यरत छन् भने कान्छा भाइ पद्मराज जोशी धनगढी नगरपालिका वार्ड नं. १२ जुगेडास्थित शारदा मा.वि.मा प्रधानाध्यापक भै कार्यरत छन् ।[१४]

## २.७ उपनयन संस्कार

आठ वर्षकै उमेरमा पिता गुमाएका मनिराज जोशीको १३ वर्षको उमेरमा उपनयन संस्कार (ब्रतबन्ध) भयो । त्यतिबेला गाउँघरमा व्राह्मणपुत्रले १२ वर्ष भित्र व्रतबन्ध गरिसक्नु पर्ने प्रचलन थियो । त्यतिबेलाको समयमा त्यहाँ अन्य मानिसहरुको तुलनामा सानै उमेरमा उनको व्रतबन्ध नहुँदा साथीभाइहरुले मनिराजको जात खतम हुने भयो, बाहुन नहुने भो भनेर गिज्याएका थिए । वि.सं. २०२२ सालमा मावली बाजे पुरन्धर जोशी र उनकी आमा जसुदा जोशीले मनिराजको व्रतबन्ध वैदिक विधि पूर्वक जन्मस्थान गाँजरी मै सम्पन्न गरेका हुन् । उनको उपनयन संस्कारमा उनका नातेदार दप्थरी पं. चेतराज रेग्मीले मनिराजलाई गायत्री मन्त्र सुनाएका थिए । १२/१३ वर्षकै उमेरमा ब्रतबन्ध गरेका मनिराज जोशीलाई आफ्नो व्रतबन्धको स्मरण थोरबहुत अहिले पनि ताजै छ । परम्परागत प्रचलन अनुसार उनको व्रतबन्धको दिन

[१४] पूर्ववत् ।

दहि सगुन, कसार बनाएको, सुरुवाल भोटो लगाएको, यज्ञ बनाएको आदि कुराले मनिराज खुशी थिए ।[१५]

## २.८ विवाह

मनिराज जोशीको विवाह वि.स. २०२४ मंसिर महिनामा १२ वर्षकै उमेरमा हिन्दू परम्परा अनुसार भएको हो । डोटीको पोखरी गाविसअन्तर्गत सलेना देउरामहल निवासी श्री पं. जगन्नाथ जोशी र पार्वती जोशीकी सातौं सन्तान ईश्वरी जोशीसंग मनिराजको विवाह विधिपूर्वक भएको हो । २०१३ सालमा जन्मेकी ईश्वरी विवाह गर्दा खेरी एघार वर्षकी मात्र थिइन् । मनिराज जोशीका ससुराले दुई विवाह गरेका थिए । मनिराजको विवाह जगन्नाथ जोशीकी कान्छी धर्मपत्नीका सात सन्तानमध्ये कान्छी छोरीसंग भएको हो ।[१६] जेठी पट्टिबाट पनि एक छोरा र एक छोरी छन् । सानै उमेरमा विवाह गर्नुपर्ने सामाजिक बाध्यात्मक परिस्थितिमा फसेका मनिराज जोशीले विवाहपश्चात् धेरै वर्षसम्म विवाहको बारेमा आफू अनभिज्ञ रहेको स्मरण सुनाए । सामान्य साक्षर मात्र भएकी उनकी श्रीमती ईश्वरी जोशी श्रीमान्को प्रगती र गृहस्थीमा जीवनभर व्यस्त रहिन् ।

## २.९ सन्तान

मनिराज जोशीका दुई छोरा र दुई छोरी छन् । उनका जेठा छोराको नाम गोविन्दराज जोशी हो । गोविन्दको जन्म वि.स. २०३३ असोज १७ गते भएको हो । गोविन्दराज जोशीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर पूरा गरी अर्द्धसरकारी जागिरमा कार्यरत छन् । मनिराज जोशीको दोस्रो सन्तानका रुपमा जन्मेकी छोरी टंकेश्वरी जोशी हुन् । टंकेश्वरीको एसएलसीसम्मको अध्ययनपश्चात् विवाह भैसकेको

[१५] पूर्ववत् ।

[१६] पूर्ववत् ।

छ । टंकेश्वरी पछि तेस्रो सन्तानका रुपमा जन्मेकी धनकुमारी जोशीले स्नातकतह सम्मको अध्ययन पूरा गरेकी छिन् । उनको पनि धनगढी निवासी प्रेमराज जोशीसँग विवाह भैसकेको छ । छोरी टंकेश्वरी जन्म वि.सं. २०३८ वैशाखमा र धनकुमारीको जन्म वि.सं. २०४० सालमा भएको हो । कान्छा सुपुत्र वासुदेव जोशी हुन् । उनको जन्म वि.सं. २०४३ मा भएको हो । अविवाहित वासुदेव हाल इन्जिनियरिङमा स्नातक गर्दैछन् ।[१७]

## २.१० पारिवारिक आर्थिक अवस्था र बसोबास

पण्डित् धर्मराज जोशीका जेष्ठ सुपुत्र मनिराज जोशीको जन्मथलो एवम् पुर्ख्यौली थलो दुवै डोटी जिल्लाको गाँजरी गाविस हो । उनी सामान्य आर्थिक अवस्था भएको परिवारमा जन्मिएका हुन् । सामान्य दैनिक जीवन यापन गर्न समेत अप्ठ्यारो परिस्थिति थियो उनको ।

मनिराज जोशीका पिता उनी आठ वर्षकै उमेरमा यस लोकबाट विदा भएपछि लालन-पालनको भार उनकी माता जसुदाको टाउकोमा आइलाग्यो । तत्पश्चात् परिवार भित्र देखापरेका हरेक चुनौतिहरुलाई चिर्दै टुहुरा छोराछोरीहरुको लालन पालन शिक्षा, स्वास्थ्य र जीवीकोपार्जनका लागि खेतीबालीमा ध्यान दिएर पनि जेठा छोरा मनिराजलाई पाँच कक्षासम्म पढाउन आमा सफल रहनु भयो । पाँच कक्षा पास गरिसकेपछि मनिराजको पढाइ रोकियो । र उनी आफ्नो मावली घर डोटीकै सुन्डगाउँमा रही ज्योतिष शास्त्र र संस्कृत शास्त्र पढ्ने निधोगरी मावली घरतर्फ लागे । मावली बाजे पुरन्धर जोशी पनि पण्डित नै थिए । मनिराजका तीन भाइ मामाहरु हरिवोल, बालकृष्ण र भानुभक्तले उनलाई अति नै माया गर्दथे । आफ्ना मावली बाजेले उनलाई डोटी गाड्खेतका प्रख्यात ज्योतिष दप्थरी चेतराज रेग्मीका

---

[१७] पूर्ववत् ।

साथ रही पढ्ने सल्लाह दिए र मनिराजले अध्ययन गर्न थाले । हुने '**बिरुवाको चिल्लो पात'** भनेझैं छोटो समयमा नै उनले ज्येतिषी र संस्कृत समेत अध्ययन पूरा गरिसकेपछि २०३३ सालमा गाँजरी गाउँको शिशुसुधार मा.वि.मा शिक्षकमै काम गर्न थाले । **देखेको भेटिदैन लेखेको मेटिदैन** भने झै मनिराजको जागिरीको भोक समाप्त भयो । पहाडमा बाढी पैरो गयो, दैवी प्रकोप लाग्यो र पुनर्वासका सिलसिलामा कविका परिवारहरु कैलाली जिल्लाको धनगढी नगरपालिका वार्ड नं. १२ स्थित जुगेडामा आइ बसोवास गर्न लागे । हाल मनिराज जोशीको धनगढी नगरपालिका १ बसन्तटोलमा आफ्नै निवास रहेको छ ।[१८]

डोटीबाट कैलाली बसाइ सरिसकेपछि मनिराज जोशीकोआर्थिक स्थितिमा केही फरक आएको देखिन्छ । खेतीपातीका अलावा जिल्ला  अदालतमा सरकारी सेवामा कार्यरत मनिराज जोशी हाल स्वेच्छिक सेवानिबृत्त भैसकेका छन् । जागिरबाट आउने पेन्सन बाफतको पारिश्रमिक र ज्योतिषी पेशाका साथै पत्रपत्रिकामा प्रकाशन हुने रचना बाफत पाइने शुल्क र किताब प्रकाशनबाट पाइने आय यिनका मूल आर्थिक स्रोत हुन् । यिनको धनगढी बजारमा दुईवटा पक्की घर छन् । आफ्नै मेहनत र पसिनाबाट उनले घरवार जोडेका हुन् । यसरी निकै परिश्रम र लगनशीलताका साथ मनिराज जोशीले आफ्नो घर गृहस्थीलाई सुचारुरूपले चलाएका छन् । समग्रमा भन्नुपर्दा उनको आर्थिक स्थिति मध्यम बर्गीय छ ।

मनिराजको स्थायी बसोबास डोटीको गाँजरी गाविस नै भएपनि हाल उनी धनगढी नगरपालिका वार्ड नं. १ स्थित आफ्नै निवासमा बसोबास गर्दै आएका छन् ।[१९]

---

[१८] रामनाथ अधिकारी 'संगी' मनिराज महाकाव्य (विष्णुमाया वाङ्मय प्रतिष्ठान पोखरा २०६५) लेखकीय मन्तव्य ।

[१९] शोधनायकसँगको कुराकानीमा आधारित ।

## २.११ मनिराज जोशीका जागिरका क्षणहरु

औपचारिक रुपमा पाँच कक्षा सम्म मात्र पढ्न पाएका मनिराज जोशी वि.सं. २०३३ साल तिर आफू अध्ययन गरेकै स्कुल शिशुसुधार प्रा.वि गाँजरी डोटीमा केही समय शिक्षकको रुपमा कार्यरत रहेको देखिन्छ । उनले करिव दुई वर्ष जति शिक्षकको रुपमा कार्य गरे । वि.सं. २०३५ साल तिर कैलाली सरेका मनिराज जोशीले सर्वप्रथम कैलाली जिल्ला हुलाक कार्यालयमा केही समय हल्कारा पदमा समेत जागिर खाएको देखिन्छ । पछि त्यहाँबाट जागिर छोडी मनिराज जोशी तत्कालिन धनगढी नगर पञ्चायतको बैदार पदमा जागिर खान पुगे २०३६ देखि २०४० सम्म करिव ४ वर्ष जति । त्यसपछि जोशीले २०४० असोज १२ गते देखि कैलाली जिल्ला अदालतमा टाइपिस्ट मुखिया पदमा सरकारी जागिर खाई करिव २३ वर्ष सो पदमा रही वि.सं. २०६३ सालमा स्वेच्छिक अवकासलिइ साहित्य, समाजसेवा र ज्योतिषी पेशामा क्रियाशील रहदै आएका छन् ।[२०]

## २.१२ साहित्यिक क्षेत्रमा संलग्नता

सानै उमेरदेखि एकान्तप्रेमी र भावुक स्वभावका मनिराज जोशी आठ वर्षकै उमेरमा पितालाई गुमाउन पुगेपछि झनै भावुक बने । उनले सर्वप्रथम आठ वर्षको उमेरमा डोटीका सौकार वोगटीको व्यक्तिगत जीवनमा आधारित कविता लेखेर सुनाए पछि नगद रु. पाँच पुरूस्कार पाएका थिए । त्यस अलावा उनका मावली बाजे पुरन्धर जोशी र डोटी गाड्खेतका पण्डित चेतराज रेग्मीले संस्कृत र नेपालीमा देवताका स्तुति, स्तोत्रहरु विहान विहान मीठो स्वरमा वाचन गर्नु, श्लोक हाल्नु, जस्ता गतिविधिबाट अवोध बालक मनिराज जोशीमा गहिरो प्रभाव पर्‍यो ।[२१]

---

[२०] पूर्ववत् ।

[२१] शोधनायककी आमा जसुदा जोशीका अनुसार ।

विविध जातजातिहरुको बसोबास रहेको डोटी जिल्लाको दक्षिणपूर्वी भागमा पर्ने गाँजरी एकल प्राकृतिक रुपमा रमणीय झन् त्यसमा पनि विभिन्न जातिहरुका विभिन्न चाडपर्वहरुमा हुने विविध साँस्कृतिक कार्यक्रमहरुले गीत सङ्गीत तर्फ उनलाई आकर्षित पारे । विशेषगरी सुदूर पश्चिमेली लोक संस्कृतिको परम्परागत प्रकृयाले उनलाई साहित्यिक क्षेत्रमा आकर्षित पारेको देख्न सकिन्छ । डोटेली लोक संस्कृतिका हुड्के, पञ्चेबाजा, सनाहा, झिम्टो, दमाहा, फाग, डेउडा माङल, सगुन लगायत गाउँघरमा भनिने दन्त्यकथा, चुट्का, भजन आदिले पनि मनिराज जोशीलाई एकदमै प्रभावित पार्न थाले ।

तत्कालीन परिवेशमा पुस्तक, पत्रपत्रिका र साहित्यिक माहोलको अभाव भएको क्षेत्रमा बुढापाका व्यक्तिहरूले घरमा ल्याएर राखेका **रामायण, महाभारत, वीरसिक्का, मुनामदन, बाललहरी** आदि पुस्तकको अध्ययनबाट पनि मनिराज जोशीको साहित्य प्रति गहिरो छाप परेको देखिन्छ । आठ वर्षकै उमेरमा गाउँभरिमै पहिलो कविता लेख्ने व्यक्तिको रुपमा देखा पर्दा गाउँघरका मानिसले उनको नाम नै **कवि** राखि दिएपछि त झन् उनलाई कविताप्रति प्रेरणा जाग्यो र तमामौं कविता, फुट्कर लेख लेख्न थाले । यसका अतिरिक्त डोटी गाँजरीको रमणीय प्राकृतिक वातावरण र तत्कालीन ग्रामीण परिवेशमा देखिने सामाजिक पीडा, अन्याय, अल्याचार, अन्धविश्वास लगायतका कुराले पनि मनिराज जोशीलाई साहित्यिक क्षेत्रमा डोऱ्याएको हो ।[२२]

## २.१३ स्वभाव र रुचि

मनिराज जोशीको स्वभाव र रुचि बारे बेग्लाबेग्लै अध्ययन गरिएको छ ।

---

[२२] पूर्ववत् ।

### २.१३.१. स्वभाव

मनिराज जोशी सम्वेदनशील स्वभाव भएका व्यक्ति हुन् । उनी कुनै पनि दुखद् समाचार र वियोगान्त कथा देखेपछि सहन सक्दैनन् । कमजोर हृदय भएका मनिराज भावनात्मकताका कारण आँखाबाट आँसुझर्ने गरेको बताउँछन् । मनिराज जोशी औपचारिक कार्यक्रम र स्थानमा निकै भद्र र सौम्य देखिन्छन् । होचो कद, सरल भेष मीठो बोली, शिष्ट व्यवहार र हेर्दै धार्मिक जस्तो देखिनु मनिराजका विशेषता हुन् । उनको स्वभाव शोषक सामन्त र आफूलाई ठूला भन्नेहरु प्रति निकै कठोर र सामान्य वर्गका मानिस प्रति निकै नरम हुन्छ । उनमा कुनै प्रकारको घमण्डीपन छैन । उनी स्वावलम्वी र स्वतन्त्र जीवन जिउन चाहने व्यक्ति हुन् । उनी सम्मान र पुरस्कारका लागि साहित्य नलेखी सामाजिक परिवर्तन र राष्ट्र निर्माणका खाँतिर साहित्य सिर्जना गरेको बताउँछन् ।[२३]

### २.१३.२ रुचि

हरेक व्यक्तिका आ-आफ्नै प्रकारका रुचि र इच्छा हुन्छन् । व्यक्तिलाई उसको रुचिको आधारमा पनि पहिचान गर्न सकिन्छ । उनको रुचि भनेको समुन्नत समाजको निर्माण गर्नु हो । अरुलाई सम्मानित गरेपछि आफू पनि सम्मानित भइन्छ भन्ने मान्यताबाट प्रभावित मनिराज जोशी प्राकृतिक सौन्दर्यमा रम्न चाहने, प्रकृतिप्रेमी र एकान्तप्रेमी पनि हुन् । उनको रुचि भौतिक सुखसयल भन्दा पनि सादा जीवन उच्च विचारसँग मिल्छ । उनी प्राकृतिक र ग्रामीण सरल समाजमा रमाउन आनन्द मान्दछन् । समाजका असहाय, दीन, दुखी, गरीव असहायहरुको कल्याण गर्नु, दैवीय शक्तिमा अगाध आस्था राखी नियमित पूजापाठ गर्नु र आफ्नो नित्य कर्मबाट

---

[२३] धनगढीका समाजसेवी हरिलाल गिरीका अनुसार ।

नै फल पाइन्छ भन्ने मान्यताबाट उनी अघि सरेको पाइन्छ । उनी समाजको विकासको गति र आवश्यकता बुझ्रेर त्यही अनुसार अघि बढ्नुपर्ने धारणा राख्छन् ।

निस्वार्थी आचरण र व्यवहार भएका कुनै पनि मानिस मनिराज जोशीका लागि मनपर्ने मानिस हुन् । उनलाई मनपर्ने स्वदेशी विद्वान साहित्यकारहरुमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, महाकवि देवकोटा, छन्दकवि माधव वियोगी, भानुभक्त पोखरेल, महामानव बीपी कोइराला आदि हुन् । यस अलावा पूर्वीय संस्कृत साहित्यका वाल्मीकि, कालिदास, कविरदास महात्मा गान्धी, योगी नरहरिनाथ, गौतम बुद्ध आदि विद्वानका मान्यता र चिन्तनको अध्ययन मनन्मा उनको विशेष रुचि छ ।

उनी सादा नेपाली खाना मनपराउने व्यक्ति हुन् । सामान्य दाल, भात, रोटी, चिया, दही, दुध, तरकारी नै उनका मनपर्ने भोजन हुन् । प्रायः सर्टपाइन्ट भन्दापनि कुर्ता सुरुवाल नै बढी रुचाउने मनिराज त्यही पहिरनमा प्राय : देखिन्छन् ।[२४]

## २.१४ राजनीति र सामाजिक सङघ संस्थाको संलग्नता

मनिराज जोशी राजनीतिमा बहुदलीय प्रजातन्त्र र स्वतन्त्रताको पक्षमा रहने व्यक्ति हुन् । उनले हालसम्म कुनै पनि पार्टीमा संलग्न भइ सक्रियतापूर्वक लागेको भेटिंदैन । सिद्धान्तका हिसावले उनको आस्था अन्य राजनीतिक दल भन्दा वीपीको प्रजातान्त्रिक समाजबाद अँगालेको नेपाली काँग्रेस सित छ । बीपी कोइराला, महात्मा गान्धी आदि नेताहरुबाट प्रभावित मनिराज मुलुकमा वर्तमान अवस्थामा देखिएको नेताहरुको पदलोलुपता, भ्रष्टपन र लाचारीपनबाट असन्तुष्ट देखिन्छन् । मुलुकमा प्रजातन्त्रसँगै गणतन्त्र आइसक्दा पनि नेपाली राजनीतिमा देखिएको फोहरी खेल, स्वार्थीपन, पदलोलुपता, भ्रष्टाचारका कारण आफू राजनीतिमा संलग्न नभए पनि

[२४] शोधनायकसँगको कुराकानीमा आधारित ।

नेपाली राजनीति प्रति उनको चासो भने छ । राजनीतिमा बेलावखतमा देखिने अतिवाद उनी पटक्कै मन पराउँदैनन् ।[२५]

मनिराज जोशी सुदूर पश्चिमाञ्चलका विभिन्न साहित्यिक आर्थिक र सामाजिक संघ संस्थासंग प्रत्यक्ष संलग्न भई कार्य गरिरहेको देखिन्छ । सुदूर पश्चिमाञ्चल साहित्य समाजका उनी संस्थापक हुन् । वि.सं. २०५१ सालमा उनी सहित केही स्रष्टाहरुले स्थापना गरेको सुदूर पश्चिमाञ्चल साहित्य समाज अहिले त्यस क्षेत्रकै प्रतिनिधिमूलक संस्था बनेको छ । सुदूर पश्चिमाञ्चलको क्षेत्रीय पुस्तकालयको रुपमा स्थापित कैलाली जनपुस्तकालयको संचालक समितिमा पनि उनी उपाध्यक्ष सम्म भइ पटक पटक कार्य गरिसकेका छन् । यस बाहेक मनिराज जोशी कवि देवकान्त स्मृति प्रतिष्ठान धनगढीको संस्थापक अध्यक्ष, छन्द प्रतिष्ठान धनगढीको संस्थापक अध्यक्ष, नेपाली भाषा-संस्कृति परिषद्को क्षेत्रीय संरक्षक, राधाकृष्ण मन्दिर धनगढीको संस्थापक, सत्संग मण्डली धनगढीको संस्थापक सचिव, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, नेपाल प्रेस युनियनको सदस्य, आध्यात्मिक सत्सङ सेवा समिति धनगढीको सदस्य, नेपाल क्षयरोग निवारण सङ्घ घनगढीको सदस्य, नेपाल ज्योतिष सेवा समिति कैलाली को अध्यक्ष लगायत दर्जनौ सङ्घ संस्थामा हाल कार्यरत रहेका छन् ।[२६]

## २.१५ सम्मान तथा पुरुस्कार

बहुप्रतिभाका धनी मनिराज जोशीलाई उनको योगदानको कदर गर्दै विभिन्न संघसंस्था द्वारा सम्मान तथा पुरस्कारहरु प्रदान गरिएको छ । नेपाली साहित्यको

---

[२५] पूर्ववत् ।

[२६] पूर्ववत् ।

विविध विधामा कलम चलाएर त्यसैमा आफ्नो जीवनको लामो समय अर्पण गरिसकेका मनिराज विभिन्न सम्मान तथा अभिनन्दनबाट विभूषित भैसकेका छन् ।

नेपाली साहित्यमा उनले पुऱ्याएको योगदान स्वरुप साहित्य क्षेत्रको सुदूर पश्चिमाञ्चलको सबै भन्दा ठूलो पुरस्कार **सुदूर पश्चिमाञ्चल साहित्य पुरस्कार** २०६३ बाट उनी  सम्मानित भैसकेका छन् । सुदुरपश्चिमाञ्चल साहित्य समाजले हरेक वर्ष १ जना उत्कृष्ट साहित्यकारलाई राष्ट्रिय स्तरमा प्रदान गर्दै आएको यो पुरस्कारको राशी नगद रु दश हजार सहित अभिनन्दन रहेको छ । मनिराजले कैलाली बहुमुखी क्याम्पस विद्यार्थी साहित्य प्रतिष्ठानले प्रदान गर्दै आएको **विद्यार्थी साहित्य पुरस्कार २०६२** समेत प्राप्त गरिसकेका छन् । साहित्य संस्कृतिमा विशिष्ट योगदान पुऱ्याए स्वरुप उन्लाई हिन्दू धर्म नारी आह्वान केन्द्रीय समितिले २०६३ मा अभिनन्दन गरेको छ । अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान पोखराले पनि उनलाई २०६५ मा अभिनन्दन गरेको छ । यस अलावा कैलाली उद्योग बाणिज्य संघ, नवरत्न साहित्य संगम धनगढी, पहलमानसिंह स्मृति प्रतिष्ठान काठमाडौं, सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी, कैलाली जनपुस्तकालय धनगढी लगायतका संघसंस्थाले पनि उनको योगदानको कदर स्वरुप उनलाई सम्मान तथा अभिनन्दन प्रदान गरिसकेका छन् ।[२७]

फरक-फरक रूपमा आयोजना हुने विभिन्न साहित्यिक प्रतियोगिताहरुमा मनिराज दर्जनौं पटक पुरस्कृत भैसकेका छन् । लायन्स क्लब धनगढी लगायतका सङ्घ संस्थाले उनलाई प्रशंसा-पत्र प्रदानगरी सम्मानित गरेका छन् ।  उनले

[२७] पूर्ववत् ।

जीवनमा पाएका सम्मान पत्र, अभिनन्दन पत्र र प्रशंसा पत्रहरु उनको घरको बैठक कोठाको भित्तामा लहरैसँग टाँसिएका छन् ।

मनिराज जोशी सम्मान तथा पुरूस्कारको अपेक्षा नराखी साहित्य सिर्जनागर्ने व्यक्ति हुन् । नेपाली साहित्यमा पुरस्कारका लागि हुने होडबाजीलाई उनले एक किसिमको विकृति ठानेका छन् । पुरस्कार र सम्मान दिनेले व्यक्तिको अनुहार नहेरी उसको कृति र योगदानको अनुहार हेर्नुपर्ने उनको धारणा रहेको छ ।[२८]

## २.१६ लेखन प्रेरणा र आरम्भ

आठ वर्षकै उमेरमा पहिलो कविता सृजनागरेका मनिराजलाई साहित्यप्रेमी उनका दाजु केशवराज जोशीको प्रेरणा पनि निकै फलदायी बनेको हो । साहित्य प्रतिको उनको लगाव र झुकाव कै कारण उनले दोस्रो पटक वि.सं. २०२८ सालमा शिवपुराण विद्देश्वर संहिताको नेपाली भाषामा अनुवाद गर्न सफल भएका थिए ।[२९] त्यसपछिका दिनमा क्रमशः मनिराजले आफ्नो साहित्य यात्रालाई अगाडि बढाएको देखिन्छ वि.सं. २०२८ देखि वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलन सम्मको समय मनिराज जोशीको फुटकर साहित्य लेखनमा वितेको देखिन्छ । कृति प्रकाशनको सुरुवात भने उनी डोटीबाट  कैलालीमा सरिसकेपछि २०४६ सालमा पहिलो कृति **'बेहडा बाबाको उत्पत्ति र महिमा'** प्रकाशन भएको हो, त्यस पछिका दिनमा हाल सम्म उनका करिव एक दर्जन कृति प्रकाशित भैसकेका छन् ।

---

[२८] पूर्ववत् ।

[२९] पूर्ववत् ।

## २.१७ प्रकाशित पुस्तकाकार कृतिहरु

स्थानिय तथा राष्ट्रिय पत्रपत्रिकामा छिटफुट रुपमा लेख कविता, कथा, निवन्ध प्रकाशन गर्ने मनिराजका पुस्तकाकार कृति दश वटा छन् । तिनिहरुको सूची निम्न अनुसार रहेको छ :-

| क्र. स. | कृति | विधा | प्रकाशन मिति | प्रकाशन संस्था /स्थान |
|---|---|---|---|---|
| १ | बेहडाबाबाको उत्पत्ति र महिमा | प्रवन्ध | २०४६ | स्वयम् |
| २ | वालज्योतिसार | ज्योतिषी पुस्तक/प्रवन्ध | २०४९ | जोशी ज्योतिषी सेवा, धनगढी |
| ३ | आनन्दगीता | कविता संग्रह | २०५३ | स्वयम् |
| ४ | सरिता | खण्डकाव्य | २०५६ | विद्यार्थी साहित्य प्रतिष्ठान, धनगढी |
| ५ | विनोदानन्दमणि | कविता | २०६१ | मिश्रा व्रदर्श, धनगढी |
| ६ | वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता | प्रवन्ध | २०६१ | रोहित कुमार मिश्रा |
| ७ | अमर साधक पहलमानसिंह स्वार | महाकाव्य | २०६१ | पहलमानसिंह स्मृति प्रतिष्ठान, काठमाडौं |
| ८ | दुई लाखको अर्ति | कथा संग्रह | २०६१ | सुप साहित्य समाज धनगढी |
| ९ | धौली | खण्डकाव्य | ०६४ | तारा जोशी, धनगढी |
| १० | दशरथ चन्द | महाकाव्य | २०६५ | दशरथ चन्द मेमोरियल ट्रस्ट ,काठमाडौं |

हालसम्म मनिराज जोशीका प्रकाशित कृतिहरु यतिनै हुन् । उपर्युक्त कृतिहरुका अतिरिक्त जोशीका थुप्रै फुट्कर रचनाहरु प्रकाशित छन् । ती रचनाहरुलाई तीन भागमा बाँड्न सकिन्छ र ती हुन् :- निवन्धात्मक फुट्कर रचना,

कवितात्मक फुट्कर रचना र समालोचनात्मक (भूमिका) फुट्कर रचना । उनका प्रकाशित फुट्कर रचनाहरुको सूची यस प्रकार छ :-

## २.१७.१ पत्रपत्रिकामा प्रकाशित फुटकर कविताहरुको सूची

| **क.स.** | **कविताको शीर्षक** | **पत्रिका** | **प्रकाशिन मिति** |
|---|---|---|---|
| १ | सरस्वती बन्दना | महाकाली साप्ताहिक | महेन्द्रनगर २०४४ |
| २ | आफ्नै मनसित | मालिका अङ्क ४ | २०५० |
| ३ | धनगढी | मातृ सन्देश अर्द्ध साप्ताहिक | ०५२/१२/२५ |
| ४ | राष्ट्रिय एकताका प्रतीक श्री ५ वीरेन्द्र | शुभजन्मोत्सव स्मारिका | २०५२ |
| ५ | बसन्त | मातृसन्देश | २०५२/१२/२५ |
| ६ | मेरो हिमाल | सुरभि | २०५३ वर्ष २ अङ्क २ |
| ७ | बसन्त | मातृ सन्देश | २०५५ वर्ष १६ अङ्क २२ |
| ८ | मेरो लेक | कैलाली संगम | २०५५ |
| ९ | सुनयना पञ्चकम् | महामाया | अङ्क १, २०५५ |
| १० | शिकारी | सृजना त्रैमासिक | २०५५ |
| ११ | रम्नेछु सुख ऐशमा | सुदूर साप्ताहिक | २०५५ माघ २ |
| १२ | नयाँ वर्ष | मातृ सन्देश | २०५६ बैशाख १ |
| १३ | आफैसित | सुदूर साप्ताहिक | २०५६ असोज ३० |
| १४ | फर्को जंगलबाट | सुरभि | २०५६ वर्ष ७ अङ्क ७ |
| १५ | बिन्ती | मातृसन्देश | २०५६/०४/१४ |
| १६ | इच्छा | मातृसन्देश | २०५६ वर्ष १७ अङ्क ११ |
| १७ | नयाँ वर्ष | मातृसन्देश | ०५६ चैत्र २९ |
| १८ | आमाको बिलौना | श्री नेपाल टाइम्स दैनिक | २०५७ चैत्र १७ |
| १९ | नयनेश्वरी | श्री नेपाल टाइम्स दैनिक | २०५७ चैत्र ३ वर्ष १ अङ्क १५७ |
| २० | ब्रह्माजीको बिलाप | सेती समाचार | २०५७ चैत्र १२ |

| | | | |
|---|---|---|---|
| २१ | नशा | सहस्राव्दी साप्ताहिक | २०५७ कार्तिक |
| २२ | आमाको प्रश्न | सुदूर सुसेली सा. | २०५७ भाद्र १२ |
| २३ | के भयो कलिकाल | जनमत | २०५७ बनेपा |
| २४ | आमाको विलौना | नेपाल टाइम्स | ०५७/१२/१ |
| २५ | देउ नयाँ जीवन | नवजीवन स्मारिका | ०५७ वर्ष १ अङ्क १ |
| २६ | नेपाल बर्वाद छ | सुरभि | २०५७ दशैं |
| २७ | पृथ्वी सन्देश | सेती समाचार | ०५७/९/२८ |
| २८ | शहीदको गुनासो | गरिमा | अङ्क ७१, २०५७ चैत्र |
| २९ | वर्तमानको कथा | जनमत दैनिक | २०५८ वर्ष २० अङ्क ७१ |
| ३० | श्रद्धासुमन | सुदूर सुसेली साप्ताहिक | २०५८ असाढ ३१ |
| ३१ | विनय | सुदूर सुसेली | २०५८ साउन १४ वर्ष १ अङ्क २१ |
| ३२ | लम्कौं उज्याला तिर | चेतनापत्र | २०५८ माघ २३ |
| ३३ | इच्छा | नेपाल टाइम्स दैनिक, | ०५८/२/१७ |
| ३४ | पागल | नेपाल टाइम्स | ०५८/२/१८ |
| ३५ | ब्रह्माजीको चिन्ता | सुदूर सुसेली सा. | २०५८/२/१४ |
| ३६ | श्रद्धासुमन | नेपाल टाइम्स दैनिक | २०५८ भदौ १ |
| ३७ | प्रार्थना | समुदम | २०५८ श्रावण, काठमाडौं |
| ३८ | लक्ष्मीप्रसाद नवज्योति बनी उदायो | चेतना पत्र, पोखरा | २०५८/८/२५ |
| ३९ | लम्क उज्याला तिर | चेतना पत्र | २०५८ मंसिर वर्ष १ अङ्क ४२ |
| ४० | यो प्यारो बहुमूल्य | मालिका | २०५८ वर्ष ७ अङ्क ७ |

| | | | |
|---|---|---|---|
| ४१ | मेरो लक्ष्य | अंकुर | २०५८ |
| ४२ | मेरा वाज्याकी अर्ति | सौंराइ | वर्ष १ अङ्क १, पुस, २०५८ |
| ४३ | पशुपतिनाथको सन्देश | जनमत (साहित्यक) | २०५८ कार्तिक |
| ४४ | आऊ फर्क न फर्कः | जनमत दैनिक | २०५८/०३/१० |
| ४५ | को होला | हाम्रो पुरुषार्थ | २०५८ |
| ४६ | शारदा भक्ति | सुशेली | वर्ष १ अङ्क १३, २०५८ |
| ४७ | सरस्वती वन्दना | चेतना पत्र | २०५९ बर्ष १ अङ्क २०८ |
| ४८ | मेरो रहर | चेतना पत्र दैनिक | २०५९ |
| ४९ | अन्तिम पत्र प्रियसीलाई | मिर्मिरे (ने.रा.बैंक) | २०५९ |
| ५० | उदाउ पहलमान चाँडै उदाउ | सेती समाचार | २०५९ मंसिर ८ वर्ष ५ अङ्क १० |
| ५१ | बसन्तागमनको प्रतीक्षा | चेतना पत्र | २०५९ वर्ष २ अङ्क २०७ |
| ५२ | मेरो रहर | चेतना पत्र | २०५९ वर्ष २ अङ्क १०७ |
| ५३ | दुब्लो | चेतना पत्र | २०५९ वर्ष २ अङ्क ६२ |
| ५४ | श्रद्धाञ्जली | चेतना पत्र | २०५९ वर्ष माघ १९ वर्ष २ अङ्क ८६ |
| ५५ | मेरो अभिष्टि मातासँग | चेतना पत्र | २०५९ माघ वर्ष २ अङ्क ८२ |
| ५६ | समष्टिमा बन्न पुगेछु साधक | चेतना पत्र | २०५९ चैत्र वर्ष २ अङ्क २०३ |
| ५७ | पहलमानसिंह | सेती समाचार | २०५९ भदौ ६ गते |
| ५८ | पहलमानसिंह स्वार | चेतना पत्र | २०५९ वर्ष १ अङ्क २४२ |
| ५९ | पहलमानसिंह स्वार | चेतना पत्र | २०५९ अषाढ वर्ष १ अङ्क २३९ |
| ६० | कवि महिमा | सेती समाचार | २०५९ बर्ष ५ अंङ्क १४२ |
| ६१ | मेरो कविताको उद्देश्य | चेतना पत्र | २०५९ वर्ष १ अङ्क १७६ |
| ६२ | गरौं उन्नति एक ढिक्का भएर | चेतना पत्र | २०५९ वैशाख वर्ष १ अंङ्क १७७ |
| ६३ | रोपाईंको सम्झना | चेतना पत्र | २०५९ वर्ष १ अङ्क २६८ |

| | | | |
|---|---|---|---|
| ६४ | गर्छु प्रतीक्षा सदा | चेतना पत्र | २०५९ वर्ष १ अङ्क १८३ |
| ६५ | मेरो अनुरोध | चेतना पत्र | २०५९ वर्ष १ अङ्क १९४ |
| ६६ | प्रकृति बर्णन | चेतना पत्र | २०५९ वर्ष १ अङ्क २३९ |
| ६७ | पहलमानसिंह स्वार | चेतना पत्र | २०५९ अषाढ १४ वर्ष १ अङ्क २४९ |
| ६८ | पहलमानसिंह स्वार | चेतना पत्र | २०५९ अषाढ १८ वर्ष १ |
| ६९ | पहलमानसिंह स्वार | चेतना पत्र | २०५९ वर्ष १ अङ्क २४० |
| ७० | भावपूर्ण श्रद्धासुमन | देवकान्त स्मृतिग्रन्थ | २०५९ असाढ २८ |
| ७१ | कैलाली जनपुस्तकालयको गतिविधि | मालिका | २०५९ पुर्णाङ्क ८ |
| ७२ | भएँ म कृतार्थ आज | महामाया | २०४९ वर्ष ४ अङ्क ४ |
| ७३ | सौंराइ ज्योत्स्ना वन | धनगढी पोष्ट | २०६० कार्तिक २२ अङ्क १ अंक ८५ |
| ७४ | गुमाएँ | साप्ताहिक परामर्श | २०६० जेठ २९ |
| ७५ | धौली | साप्ताहिक परामर्श | २०६० अषाढ १२ |
| ७६ | मेरो राष्ट्रियता | नवज्योति त्रैमासिक | २०६० मंसिर /पौष |
| ७७ | शिक्षा | शैक्षिक स्मारिका | २०६१ |
| ७८ | गौरी पञ्चकम् | सुरभि | २०६१ |
| ७९ | बसन्त | प्रतिभा संगम | २०६१ वर्ष १ अङ्क १ |
| ८० | मेरो कैलाश | जनचेतना | २०६१ वर्ष ४ अङ्क १० |
| ८१ | स्मृति कविता | ठेकराज स्मृति ग्रन्थ | २०६१ चैत्र |
| ८२ | यो जिन्दगी के छ र ? | महामाया | वर्ष ६ अङ्क २०६१ |
| ८३ | जातोमा पिसियो | स्वर्गद्धारी स्मारिका | २०६२ |
| ८४ | श्रद्धाञ्जली | फूलवारी स्मारिका | २०६२ मंसिर |
| ८५ | श्रद्धा समर्पण गरेर मनाउदैछौं | धनगढी पोष्ट | २०६२ वर्ष ३ अङ्क ५० |
| ८६ | मेरो खप्तड | सञ्जीवनी | २०६३ बैशाख |

| | | | |
|---|---|---|---|
| ८७ | एक्लो | जनमत | २०६४ जेठ २९ |
| ८८ | सम्पन्नता | जनमत | २०६४ जेठ २९ |
| ८९ | अभिभावक प्रति काव्याञ्जली | डा.देवी ओझा स्मृति ग्रन्थ | २०६४ |
| ९० | बसन्त | अंकुर | २०६४ |
| ९१ | पन्छी | मोती दर्पण | २०६६ |
| ९२ | यो बेदना सुन्छ को | सुरभि | वर्ष ६ अङ्क २ |
| ९३ | एक्लो | सेती समाचार | - |
| ९४ | कवितासँग | पुष्पाञ्जली | वर्ष २ अङ्क १ |

## २.१७.२ पत्रपत्रिकामा प्रकाशित फुटकर निवन्धात्मक रचना

| क.स. | शीर्षक | पत्रिका | प्रकाशन मिति |
|---|---|---|---|
| १ | स्वतन्त्रता | मालिका | २०५५ अङ्क ५ |
| २ | धनगढीको दुर्गा जाँत | कान्तिपुर दैनिक | २०५५ चैत २० |
| ३ | सडक स्तुति | हिमालय टाइम्स | २०५६ मंसिर २४ |
| ४ | न.पा.का.महिमा | हिमालय टाइमस | २०५६/५/३० |
| ५ | नयाँ पुस्ताको विकृति | सेती समाचार | २०५७ वर्ष ३ अङ्क २२५ |
| ६ | श्रीकृष्ण जन्माष्टमी | सुदूर साप्ताहिक | ०५७ भदौ ५वर्ष ९ अङ्क ६ |
| ७ | नारायण ब्रह्म | सेती समाचार | २०५७ भदौ ८ |
| ८ | ज्योतिषको महत्व | कैलाली सङ्गम | २०५७ |
| ९ | रक्सी पुराण | सुरेली | वर्ष १ अङ्क २, २०५७ |
| १० | के ज्योतिष भाग्यवाद हो ? | कैलाली संगम | २०५८ |
| ११ | नवदुर्गा अनुष्ठान केन्द्र | सेती समाचार | २०५९ वर्ष ५ अङ्क १४१ |
| १२ | मानव जन्मको सार | सुरेली | २०५९ कार्तिक |
| १३ | ज्योतिषको शास्त्र | कैलाली सङ्गम | २०६० |
| १४ | ज्योतिषहरुको मनगढन्ते फलादेश कि तौरतरिकामा भिन्नता | सरगम | २०६० वर्ष २ पूर्णाङ्क ५ |
| १५ | पराशक्ति अविर्भाव | महामाया | २०६२ वर्ष |
| १६ | एक्काइसौ शताव्दीको ज्योतिष | मालिका | २०६२ अङ्क ९ |
| १७ | स्व. नृपवहादर स्वाँरको सम्झनामा | स्व.नृप.व.स्वाँर स्मृति ग्रन्थ | २०६४ कार्तिक |
| १८ | मानव | फूलवारी | २०६५/२०६६ वर्ष ५ अङ्क ५ |
| १९ | समाजसेवा | सुदूर साप्ताहिक | वर्ष ९ अङ्क २५ |
| २० | महिला अधिकार संरक्षण महिलाबाटै सम्भव छ | सुदूर साप्ताहिक | वर्ष ९ अङ्क २५ |
| २१ | डोटेली वाल कथा | सयपत्री | पूर्णाङ्क १३ |

## २.१७.३ पत्रपत्रिकामा प्रकाशित फुटकर समीक्षात्मक लेख

| क.सं. | शीर्षक | पत्रिका | प्रकाशन मिति |
|---|---|---|---|
| १ | कैलाली जनपुस्तकालय धनगढीको संक्षिप्त सिंहावलोकन | मालिका | ०५३ वर्ष १० पूर्णाङ्क ८ |
| २ | मर्मस्पर्शी लेख | कान्तिपुर | २०५७ भदौ २६ |
| ३ | 'सुभद्रा' खण्डकाव्य | सुदुर साप्ताहिक | २०५७ भदौ २६ |
| ४ | धनगढीको साहित्य लेखन र नयाँ आयाम | सुसेली | ०५७ वर्ष १ अङ्क ६ |
| ५ | चित्त बुझ्नेन | कान्तिपुर (कोसेली) | २०५७ कार्तिक २६ |
| ६ | नामसारी कथा संग्रह भित्र | सुसेली | ०५८ वर्ष १ अङ्क १२ |
| ७ | वदलाको प्रेरणा भित्र पस्न खोज्दा | धनगढी पोष्ट | वर्ष १, अङ्क, ९२ २०६० |
| ८ | वर्तमान युगको माग र ज्योतिषको आपरिहार्यता | नयनेश्वरी | ०६१ दोस्रो अङ्क |
| ९ | ज्योतिषी साहित्यको रहस्य | संगत | ०६३ वैशाख |
| १० | स्वस्थानी महाकाव्य भित्र प्रवेश गर्दा | स्वस्थानी महकाव्य | ०६४ |
| ११ | शुभकामना मन्तव्य | लक्ष्मी स्मृति रचना संग्रह | २०६४ कार्तिक |
| १२ | सबैका लागि नमूना बनेकी जसुदा | जसुदाभट्ट स्मृति ग्रन्थ | २०६५ माघ |
| १३ | भूमिका | छेदालाल शोककाव्य | ०६५ |
| १४ | जगदम्वा महाकाव्यको पर्यावलोकन | साहित्य सुसेली | वर्ष १, अङ्क १ |
| १५ | बूढी गंगा महात्म्य | सुरभि | वर्ष १, अङ्क २ |
| १६ | भूमिका | देशरोएका वेला | गजल सङ्ग्रह, २०६२ |
| १७ | भूमिका | गौरापर्व एक परिचय | २०५९ |

## २.१७.४ मनिराज जोशीका अप्रकाशित कृतिहरु

| क्र.सं. | कृति | विधा |
|---|---|---|
| १ | जयपृथ्वीबहादुर सिंह | महाकाव्य |
| २ | शैलेश्वरी | महाकाव्य |
| ३ | देवकान्त पन्त | खण्डकाव्य |
| ४ | बिलाप | खण्डकाव्य |
| ५ | ज्ञानमणिमाला | स्तुतिकाव्य |
| ६ | भजनानन्दमणि | भजन संग्रह |
| ७ | ज्ञानानन्दमणि | कविता संग्रह |
| ८ | मेरो कर्तव्य | कविता संग्रह |
| ९ | कर्मकाण्ड भाष्कर | धर्म/संस्कृति |
| १० | शैलेश्वरी गीता चालिसा | धर्म/संस्कृति |
| ११ | शैलेश्वरी कवचम् | धर्म/संस्कृति |
| १२ | कालसर्प योग शान्ति | धर्म/संस्कृति |
| १३ | बटुक भैरव | स्तोत्र /अनुवाद साहित्य |
| १४ | नवग्रह उपासना | धर्म/संस्कृति |

# तेस्रो परिच्छेद

## मनिराज जोशीको व्यक्तित्व

### ३.१ पृष्ठभूमि

हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण र संस्कारका साथै साथीभाइ इस्टमित्रको साथ सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । अझ विशेषगरी कुनै पनि व्यक्तिमा भएको सिर्जनशील प्रतिभा, अध्ययन, चिन्तन-मनन् र केही गर्छु, केही बन्छु भन्ने उसभित्रको सकारात्मक महत्वाकांक्षाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा गहिरो प्रभाव पारेको हुन्छ । सामान्यतया व्यक्तित्वका दुई प्रकार हुन्छन् - वाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व । मनिराज जोशीको व्यक्तित्व निर्माणमा एकातिर उनको परिवारिक वातावरणले पनि मद्दत पुऱ्याएको छ भने अर्कोतिर वाल्यकालको रमणीय परिवेश, मावली बाजे पुरन्धर जोशीको प्रेरणा, ज्योतिष पं. चेतराज रेग्मीको संगत र दाजु केशवराज जोशीको सत्प्रेरणाका साथै डोटीबाट कैलाली आगमनपछिको साथ संगतले पनि त्यत्तिकै भूमिका खेलेको देखिन्छ । व्यक्तिको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न घटना र मोडहरुबाट समेत निर्मित हुन्छ । यसको निर्माणमा उसको पारिवारिक, सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, राजनैतिक आदि पक्षहरुको महत्वपूर्ण भूमिका हुन्छ । प्रत्येक मानिसमा आ-आफ्नो खुवी, प्रतिभा र व्यक्तित्वहरु हुन्छन् तर पनि सवैले कुशलता प्राप्त गरी उल्लेखनीय प्रभाव पार्न सक्दैनन् । मनिराज जोशीले जुनजुन क्षेत्रमा हात हाले वा कलम चलाए ती सबै क्षेत्रमा उतिकै प्रभाव छोड्न सफल देखिएका छन् । नेपाली भाषा-साहित्य मनिराजको विशेष क्षेत्र भएपनि यस बाहेक अन्य क्षेत्रहरुमा पनि मनिराजले विशेषज्ञता हाँसिल गरेका छन् । उनी यस्ता व्यक्ति हुन् जसले आफ्नो जीवनको आधा भन्दा बढी समय भाषा साहित्य कला र

संस्कृतिका लागि बिताएका छन् । मनिराज जोशीका साहित्यिक र साहित्येतर गरी दुई खाले व्यक्तित्व छन् । धेरै क्षेत्रमा उत्तिकै दखल भएका मनिराज जोशीका चर्चा गर्न लायक थुप्रै व्यक्तित्वहरु छन् । उनी साहित्यभन्दा भिन्न शिक्षक, समाजसेवी, ज्योतिष, सम्पादक, अभिप्रेरक र धार्मिक व्यक्तित्वका रुपमा पनि देखिन्छन् । त्यसकारण उनी बहुमुखी प्रतिभा हुन् । लामो समयसम्म सरकारी कर्मचारी भएर सेवा गरी जीवनको ५४ वर्षीय उत्तरार्धमा कलम चलाइ रहेका मनिराज जोशीका व्यक्तित्वका महत्वपूर्ण क्षेत्रहरुलाई विभिन्न रुपमा वर्गीकरण गरी यहाँ उल्लेख गरिएको छ :-

## ३.२ शारीरिक व्यक्तित्व

प्राय: हँसिलो र खुलेको अनुहार भएका मनिराज जोशीको कद मझौलाखालको छ । यिनको शारीरिक वर्ण गहुँगोरो छ । उनी ५ फिट ६ इञ्च अग्ला छन् ।[३०] चुच्चेनाक, आधा फूलेको कपाल भएका मनिराज दुब्ला पातला देखिन्छन् । बालक कालमै पितृ ममताबाट वञ्चित भएका मनिराजको मानसिक अवस्था कहिल्यै असामान्य भएन । प्राय : कुर्ता सुरुवालमा देखिने, निधारमा टिका र टाउकोमा नेपाली टोपी उनको विशेषता हो । शारीरिक बनावट त्यति आकर्षक नभए पनि उनी भित्रको बेजोड प्रतिभा भने साँच्चीकै लोभलाग्दो किसिमको छ । साथीभाइ इस्टमित्र सितको भेटघाट र कुराकानीमा अति सरल, शिष्ट सौम्य र भद्र देखिने मनिराजको हृदय फराकिलो छ । शारीरिक रुपमा हट्टाकट्टा नभएका, होचो कदका मनिराजको वर्तमान शारीरिक अवस्था भने त्यति सवल देखिदैन उनी विगत चार/पाँच वर्ष देखि ग्यास्ट्रिक लगायतका रोगबाट पीडित छन् ।[३१]

---

[३०] शोधनायकबाट प्राप्त जानकारी ।

[३१] पूर्ववत्

## ३.३. साहित्यिक व्यक्तित्व

मनिराज जोशीको साहित्यिक व्यक्तित्वका चार पाटा छन् ।

१) कवि व्यक्तित्व

२) निबन्धकार व्यक्तित्व

३) कथाकार व्यक्तित्व

४) समालोचक व्यक्तित्व

### ३.३.१ कवि व्यक्तित्व

मनिराज जोशीको लेखनको शुवारुत कविताबाटै भएको हो । आठ वर्षकै उमेरमा कविता लेखेर सुनाएका यिनी वाल्यकालमा पारिवारिक वातावरण र सामाजिक परिवेशबाट प्रभावित हुन पुगेको देखिन्छ । वाल्यकालमै कविता लेख्न थाले पनि २०३५ साल पछि नै यिनका कविता परिष्कृत रुपमा अगाडी बढेका देखिन्छन्। खासगरी डोटीबाट कैलालीको बसाई-सराई पछि नै यिनका कवितामा निखारता थपिएको हो ।[३२]

वि.सं. २०३५ सालमा धनगढीबाट प्रकाशित एक पत्रिकामा प्रथम कविता प्रकाशन गरेर साहित्य यात्रामा झुल्किन पुगेका मनिराज त्यसयता आफूलाई स्थापित कवि र महाकाव्यकार को रुपमा समेत चिनाउन सफल भएका छन् । वि.सं. २०४६ को प्रजातन्त्र पुनर्वहाली पछि उनका फुटकर कविता स्थानिय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका हुन् । विशेषगरी छन्द कविता लेख्न मन पराउने मनिराज जोशीलाई छन्दको पनि राम्रो ज्ञान छ ।

'मनिराजजोशीको साहित्यिक व्यक्तित्व अत्यन्त उर्जाशील छ । कविता, खण्डकाव्य र महाकाव्य लेखनका माध्यमबाट उनले नेपाली साहित्यमा ठूलै गुन

[३२] पूर्ववत् ।

लगाएका छन् । मूलतः शास्त्रीय मर्यादा र शिष्टता भित्र रही काव्यात्मक सिर्जना गर्छन् उनी । भाषा शैली र भाव संयोजनमा उहाँ कहिकतै चुक्नु भएको छैन । आफू भित्रका दुष्भावना मेटाइ सदाचारी वन्न र आफ्नो सदाचारिताको केही हिस्सा राष्ट्र र समाजको समग्र विकासमा लक्षित गर्न सक्ने कविताको खोजीगर्ने हो भने मनिराजका कविता उच्च मुल्याङ्कनमा पर्ने कुरामा म आशावादी छु । मनिराज जनपक्षीय स्रष्टा हुनुहुन्छ उहाँका कवितामा रोग, भोक, अशिक्षा एवम् गरीवीले आक्रान्त मानिसहरुको संवेदनशील पीडा भेटिन्छ । उहाँका कवितामा छन्द, रस र अलङ्कारको राम्रो संयोजन भेटिन्छ । छन्दलाई रसानुकूल बनाई प्रयोग गर्नु वास्तवमा कठीन कार्य हो, त्यसमा पनि अभिव्यक्तिलाई अलङ्कारयुक्त पार्नु अझै कठीन कार्य हो ।

मनिराजका कवितामा आएका अलङ्कार जवर्जस्त नभएर स्वभाविक छन् । रसले छन्दलाई अस्वभाविक पारेको र छन्दले रसलाई अतिक्रमण गरेको अवस्था उहाँका कवितामा छैन ।'[३३]

मनिराज मूलतः कवि हुन् । कविताका जति भावपूर्ण र ओजपूर्ण शैली उनका अन्य विधामा भेटिदैन । पहलमानसिंह स्वार महाकाव्य र दशरथ चन्द महाकाव्य प्रकाशन गरी आफ्नो बेजोड प्रतिभा प्रस्तुत गरिसकेका मनिराजका सरिता खण्डकाव्य, विनोदानन्दमणि-काव्य, धौली-खण्डकाव्य प्रकाशित छन् । सुदूर पश्चिमबाट प्रकाशित हुने अधिकांश पत्रपत्रिकामा उनका असंख्य फुट्कर कविता प्रकाशित छन् । यसकासाथै राष्ट्रिय रुपमा प्रकाशित हुने अन्य पत्रपत्रिकामा पनि उनका कविता प्रकाशित भएका छन् । निकट भविष्यमा उनको **शैलेश्वरी महाकाव्य**, **जयपृथ्वी बहादुर सिंह महाकाव्य र देवकान्त खण्डकाव्य** प्रकाशोन्मुख रहेका छन् । यस बाहेक उनीसंग थुप्रै अप्रकाशित कविता बाँकी रहेका छन् ।

---

[३३] रामनाथ अधिकारी 'संगी' 'मनिराज' महाकाव्य (विष्णुमाया वाङ्मय प्रतिष्ठान पोखरा २०६५) माधब वियोगीको भूमिका ।

### ३.३.२. प्रबन्धकार व्यक्तित्व

कृतिगत रुपमा हालसम्म तीन वटा प्रबन्ध संग्रह उनका प्रकाशित छन् । मनिराज जोशी एक कुशल प्रबन्धकार पनि हुन् । स्थानिय तथा राष्ट्रिय थुप्रै पत्रपत्रिकामा उनका थुप्रै प्रबन्धहरु प्रकाशित छन् ।

मनिराजले वि.सं. २०४६ पछि मात्र प्रबन्ध विधामा कलम चलाएका हुन् । मनिराज जोशीले वि.सं. २०४६ सालमा **'वेहडा बाबाको उत्पत्ति र महिमा'** शीर्षकको स्थान परिचय लेखेर प्रवन्ध क्षेत्रमा पाइला चालेका हुन् ।

मनिराजले रचना गर्नुभएका प्रवन्धहरु कुनै संश्लिष्ट, कसिला अनुभव र अनुभूतिका उच्छलनिकट छन् भने कतिपय सामान्य लेख वा टिप्पणी जस्ता छन् । उनका **'बेहडा बाबाको उत्पत्ति र महिमा** (२०४६), **बालज्योतिसार** (२०४९) र **वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता** (२०६१) प्रवन्धात्मक कृति हुन् । सूचना र सञ्चार गराउने खालका ती कृतिहरु सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिले उपयोगी छन् । धर्म, संस्कृति, परम्परा र ज्योतिषशास्त्रको महिमा बुझ्न ती कृति सार्थक छन् भन्ने मलाई लाग्दछ । युगीन मान्यता आवश्यकता र विश्वासलाई पनि उहाँले उक्त कृतिहरुमा उठाउनुभएको छ । ती कृतिबाट के कुरा प्रष्ट हुन्छ भने मनिराजको कलम पद्यमा मात्र नभएर गद्यमा पनि सबल र तीव्र छ ।[३४] वि.सं. २०४६ पछि प्रबन्ध विधामा कलम चलाएका मनिराज जोशीका **सुदूर साप्ताहिक, कान्तिपुर, सेती समाचार, फूलवारी, सयपत्री, महामाया, हिमालय टाइम्स** जस्ता विभिन्न पत्रपत्रिकाहरुमा प्रबन्धहरु प्रकाशित छन् । प्रवन्धमा बौद्धिक विचारको तर्कसंगत तरिकाले प्रस्तुतीकरण गर्नु उनको विशेषता हो । साहित्य, संस्कृति, समाज, राजनीति कला, दर्शन आदि विभिन्न पक्षबाट विषयवस्तु टिपेर छोटै आयाममा नीजि

[३४] पूर्ववत् ।

धारणाको निष्कर्ष दिने काम उनका प्रवन्धले गरेका हुन्छन् । संक्षेपमा उनको प्रबन्धकार  व्यक्तित्वका मुख्य विशेषतालाई निम्न बुँदामा देखाउन सकिन्छ :-

क) छोटा आकारका प्रबन्धमा वृहत् सन्देश देखाउनु ।

ख) शिष्ट र विचलनयुक्त भाषाको प्रयोग गर्नु ।

ग) तत्सम र आगन्तुक शब्दको बढी प्रयोग गर्नु ।

घ) प्रबन्धका बीच बीचमा संस्कृत भाषाका श्लोकको प्रयोग गर्नु ।

ङ) आध्यात्मिकता, राष्ट्रपतिको जिम्मेवारी, नागरिकले गर्नुपर्ने कर्तव्य, अहिंस्रक, सदाचारी भाव देखाउनु ।

### ३.३.३. कथाकार व्यक्तित्व

मनिराज जोशी कथाकार पनि हुन् । उनका कथाहरु ग्रामीण परिवेशको झल्को दिने सामाजिक विषयवस्तुमा आधारित छन् । मनिराज जोशीद्वारा लिखित **'दुईलाखको अर्ति'** कथा सङ्ग्रह उनको प्रथम कथा सङ्ग्रह हो । उनका कथाले सामाजिक र पारिवारिक विषयलाई उठान गरेका छन् । वि.सं. २०६१ माघमा प्रकाशित उनको **दुईलाखको अर्ति** कथा संग्रहबाटै उनको कथा यात्रा सुरु भएको हो ।[३५] उनको कथा लेखनमा वाल्यकालका घटना, दन्त्यकथा र सामाजिक परिवेशको झल्को पाइन्छ ।

सरल र सहज लाग्ने उनका कथाहरुमा भावगाम्भीर्यता पाठकमुखी र प्रत्येक नागरिकले गर्नुपर्ने कर्तव्यको सन्देश पाइन्छ । मानवीय संवेदनालाई छुन र भाव सञ्चार गर्न उनका कथा सफल छन् ।

---

[३५] शोधनायकबाट प्राप्त जानकारी ।

### ३.३.४. समालोचक व्यक्तित्व

कविता विधाबाट आफ्नो साहित्यिक यात्राको थालनी गरेका मनिराज जोशीले कहिलेकाही समालोचना क्षेत्रमा पनि हातहाल्ने गरेका छन् । यद्यपी उनको समालोचनात्मक कृति प्रकाशित छैन । साहित्यिक क्षेत्रमा आफ्नो गर्विलो पहिचान वनाइसकेका मनिराज जोशी कृतिगत समालोचना गर्ने व्यक्ति हुन् । विभिन्न कृतिहरुमा उनले लेखेका भूमिका मन्तव्य नै उनले नेपाली समालोचना फाँटमा गरेको योगदान हो । त्यसकारण उनी छुट्टै रूपमा समालोचक नभई साहित्य स्रष्टाहरुका कृतिमा भूमिका मन्तव्य लेखेर समालोचना गर्ने व्यक्ति हुन् ।[३६]

मनिराज जोशीका मुख्य मुख्य भूमिका लेखहरु यी हुन् :

माधव वियोगीको 'जगदम्बा महाकाव्यको पर्यावलोकन' (**साहित्य सुशेली - वर्ष १ अंक १**), भालचन्द्र भण्डारीको **'सुभद्रा खण्डकाव्य'** को समीक्षा (**सुदूर साप्ताहिक २०५७ भदौ २६**), रतनदेव फूलाराको **लक्ष्मी स्मृति रचना संग्रहको** भूमिका, रामनाथ अधिकारीको **'छेदालाल शोककाव्यको** भूमिका, पद्मराज जोशी 'प्रभात' को '**गौरापर्व एक परिचयको** भूमिका, टीएन जोशी 'किशोर' को **देशरोएका बेला** गजल सङ्ग्रह भित्रको भूमिका र रामनाथ अधिकारीको **स्वस्थानी महाकाव्य** भित्रको भूमिका आदि रहेका छन् । यसका अतिरिक्त यिनले फुट्कर पत्र पत्रिकामा विभिन्न कृति, सङ्घ-संस्था एवम् समसामयिक विषयको. समेत समीक्षा गरेका छन् । यिनका समीक्षात्मक लेखहरुमा प्रभाववादी समालोचनात्मक शैली भएकोले निबन्धात्मक गुणहरु भेटिन्छन् । उनले कृतिको वस्तुपरक मूल्याङ्कन गर्ने वस्तुवादी समालाचनाको पनि आवश्यक मात्रामा उपयोग गरेको  देखिन्छ ।

---

[३६] रामनाथ अधिकारी 'संगी' 'मनिराज' महाकाव्य (विष्णुमाया वाङ्मय प्रतिष्ठान पोखरा २०६५) माधब वियोगीको भूमिका ।

वि.सं. २०५७ सालमा **कान्तिपुर** राष्ट्रिय दैनिकमा प्रकाशित 'चित्त बुझेन' शीर्षक को प्रतिक्रियात्मक समीक्षा नै उनको समालोचना क्षेत्रको पहिलो टिप्पणी मानिन्छ । त्यस यता उनले आफ्नो साहित्य लेखनको केही अंश समीक्षात्मक टिप्पणी र भूमिका लेखनमा पनि खर्चेका छन् ।[३७]

## ३.४ साहित्येतर व्यक्तित्व

मनिराज जोशीको साहित्येतर व्यक्तित्व पनि निकै फराकिलो छ । उनी बहुआयामिक प्रतिभा भएका व्यक्तित्व हुन् । साहित्यका अलावा यिनका साहित्येतर व्यक्तित्वका मुख्य मुख्य पाटा हुन् :- शिक्षक व्यक्तित्व, ज्योतिषी व्यक्तित्व, सामाजिक र सांस्कृतिक व्यक्तित्व, धार्मिक व्यक्तित्व, बहुभाषी व्यक्तित्व साहित्येत्तर लेखक ब्यक्तित्व, अन्वेषक व्यक्तित्व, सम्पादक व्यक्तित्व आदि । यहाँ यिनीहरुको बेग्ला बेग्लै अध्ययन गरिएको छ :-

### ३.४.१ शिक्षक व्यक्तित्व

मनिराज जोशीले डोटी गाँजरी स्थित शिशु सुधार प्रा.वि.बाट औपचारिक रुपमा कक्षा पाँचसम्मको मात्र अध्ययन गरेका हुन् । तत्पश्चात् उनी स्वाध्यायन बाटै आजको स्थिति सम्म आइपुगेका हुन् । मनिराज जोशीले आफूले प्राथमिक तहमै पढेको विद्यालय गाँजरी, डोटीको शिशुसुधार प्रा.वि.मा वि.सं. २०३३ देखि २०३५ सम्म दुई वर्ष अध्यापन गरेको देखिन्छ ।[३८]

मनिराज जोशीको शिक्षक व्यक्तित्व अत्यन्त प्रभावकारी र आकर्षक भएको देखिन्छ । त्यसबेला स्कुलमा उनको व्याख्यान सुन्न विद्यार्थीहरु अत्यन्त लालायित हुन्थे। उनले पढाएका विद्यार्थीहरु हाल देशका विभिन्न क्षेत्रमा उच्च तहसम्म कार्यरत

---

[३७] शोधनायकबाट प्राप्त जानकारी ।

[३८] पूर्ववत् ।

रहेका छन् । औपचारिक रुपमा उनले विद्यालयमा शिक्षक भई दुई वर्षमात्र काम गरेपनि मनिराज जोशी अहिले पनि तालिम, प्रशिक्षण, प्रवचन आदिमा कुशल शिक्षकको भूमिका निर्वाह गर्दछन् । कैलाली जिल्लामा बसेर उहाँले विभिन्न ज्योतिष प्रशिक्षण, कर्मकाण्ड प्रशिक्षण, छन्द प्रशिक्षण आदि दिदै आउनु भएको छ । यी प्रशिक्षणहरुमा देखिने उनको शिक्षण व्यक्तित्वले जो कोही पनि आकर्षित भै हाल्छन् ।[३९]

## ३.४.२. ज्योतिषी व्यक्तित्व

मनिराज जोशी सुदूरपश्चिमाञ्चल क्षेत्रका ख्यातिप्राप्त प्रकाण्ड ज्योतिष हुन् । हाल उनको आय आर्जनको मुख्य पेशा नै ज्योतिषी छ । सरकारी सेवामा रिटायर्ड भई उनले धनगढी नगरपालिका वार्ड नं. १ बसन्तटोलमा अवस्थित आफ्नै निवासमा आम जनमानसलाई ज्योतिषी सेवा पुऱ्याउँदै आएका छन् । मनिराज जोशीको साहित्यिक व्यक्तित्व जति उन्नत छ त्यति नै ज्योतिषी व्यक्तित्व पनि उन्नत छ । ज्योतिषीलाई उहाँले पेशाकै रूपमा अपनाउनु भएको छ । यो पेशामा उहाँ सफल पनि हुनुहुन्छ । हराउँदै गएको ज्योतिषी विद्यालाई प्रचार प्रसार गर्दै आस्थाको विषय वनाउने कार्यमा उहाँले लामो समय व्यतित गर्नुभएको छ । सुदूर पश्चिम जस्तो पिछडिएको क्षेत्रमा जन्मेर त्यही क्षेत्रमा हुर्कदै र ज्ञानार्जन गर्दै परम्परागत संस्कृतिको रक्षा गर्नु उहाँको प्रशंसनीय कार्य हो । उहाँ झट्ट हेर्दा पूर्ण ज्योतिष जस्तो देखिनु हुन्छ । दैनिक पूजापाठ गर्नु र घरमा विहानैदेखि हेराउन वा आफ्नो भूत, वर्तमान र भविष्यका बारेमा विज्ञासा राख्नेहरुको राम्रैसँग चित्त बुझाउने कार्य उहाँको जीवनयापनको आधार बनेको छ । उहाँको समीपमा आउने ज्योतिषी ग्राहकका ग्रहदशा र भविष्य फल सम्बन्धी प्रश्नको चित्त बुझ्दो उत्तर दिन सक्ने क्षमता

[३९] शोधनायका दाजु पु. सहदेव जोशीका अनुसार ।

उहाँसित छ । आवश्यक परे ग्राहकका घरमै पुगेर पनि सेवा दिन उहाँ तत्पर देखिनुहुन्छ । यो एकातिर उहाँको महानता हो भने अर्कोतिर पेशा प्रतिको लगाव हो ।[४०]

ज्योतिष सिक्न जान्न चाहनेका लागि उहाँ कर्मठ गुरूका रुपमा उपस्थित हुनुहुन्छ । त्यस प्रकारका लेख रचना वा कृति प्रकाशित गरेर पनि उहाँ गुरु बन्नु भएको छ । उहाँले आफ्नो ग्राहक प्रति कस्तो व्यवहार गर्नुहन्छ भन्ने मूल्याङ्कन गर्न म स्वयम् उपस्थित भएर दुई/तीन पटक अवलोकन समेत गरेको छु । हँसिलो मुद्रामा सभ्य र शिष्ट तरिकाले नआत्तिकन उहाँ ग्राहकसँग सम्बाद गर्नुहुन्छ, त्रिकालदर्सी गुरूका रुपमा उहाँलाई सम्बोधन गर्नेहरु सुदूरपश्चिममा प्रशस्तै छन् ।[४१]

उहाँले विभिन्न ज्योतिष सम्मेलनहरुमा आफ्नो सक्रिय सहभागिता जनाएर व्यक्तित्व विकास गर्ने अवसर पनि पटक पटक प्राप्त गर्नु भएको छ ।

मनिराजलाई ज्योतिष विद्या तिर आकर्षित पार्ने उनका गुरु पं. चेतराज रेग्मी हुन् । डोटी गाङ्खेत निवासी पं. चेतराज रेग्मीले उनलाई पाँचवर्ष सम्म ज्योतिषी र कर्मकाण्डको ज्ञान दिएका थिए । वि.सं. २०२८ साल देखि मनिराज नियमित ज्योतिषी सेवामा छन् ।[४२]

### ३.४.३ सामाजिक र सांस्कृतिक व्यक्तित्व

समाजसेवालाई आफ्नो जविनको अभिन्न अङ्ग ठान्ने मनिराज जोशीमा सानै देखि परोपकारी भावना विद्यमान थियो ।आफूले सक्दो सेवा गर्ने प्रवृत्तिले उनलाई डोऱ्याएको देखिन्छ । उनले बिना पारिश्रमिक पनि ठाउँठाउँमा विद्यालय मन्दिर, पाटी

---

[४०] पूर्ववत् 'मनिराज' महाकाव्य माधब वियोगीको भूमिका ।

[४१] पूर्ववत् ।

[४२] शोधनायकबाट प्राप्त जानकारी ।

पौवा आदि निर्माणका लागि पुराण, भागवत वाचन गरेको देखिन्छ ।[४३] सुदूर पश्चिमाञ्चल साहित्य समाजको संस्थापक, नेपाल क्षयरोग निवारण संस्थाको सदस्य, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, कैलाली जनपुस्तकालयको आजीवन सदस्य, तिलोत्तमा स्मृति प्रतिष्ठानको सदस्य, सुदूर पश्चिमाञ्चल ज्योतिष सेवा समितिको अध्यक्ष, कवि देवकान्त स्मृति प्रतिष्ठानको संस्थापक अध्यक्ष, नेपाल ज्योतिष परिषद्को केन्द्रिय सदस्य, प्रतिभा पुस्तकालय कैलालीको आजीवन सदस्य, नेपाली भाषा संस्कृति परिषद् सुप क्षेत्रीय समितिको संरक्षक, रेयुकाइ नेपालको सदस्य आध्यात्मिक सत्संग सेवा समितिको सदस्य र नेपाल प्रेस युनियनको सदस्य भई उनले सामाजिक र सांस्कृतिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

मनिराज जोशी विभिन्न सामाजिक संघ-संस्थाका सल्लाहकार सदस्य भएको पाइन्छ । उनी सुदूरपश्चिमको लोक-संस्कृति चाडपर्व तथा लोक साहित्यमा पनि विशेष रूचि राख्छन् । मनिराज जोशी विभिन्न सांस्कृतिक कार्यक्रम र चाडपर्वका अवसरमा प्रत्यक्ष रुपमा सहभागी हुने गर्छन् ।[४४]

मनिराज जोशीले समाजमा आफूलाई उच्च व्यक्तित्वको रुपमा स्थापित गराउनु भएको छ । त्यो केवल साहित्य लेखन र ज्योतिष पेशाले मात्र नभएर सामाजिक गतिविधिमा सक्रिय सहभागिताबाट पनि हो । मनिराज एउटा कुशल समाजचिन्तक हुनुहुन्छ । आफू बाँचेको समाजको निरन्तर उन्नति होस् भन्ने पवित्र भावना उहाँ राख्नुहुन्छ । भावना राख्ने मात्र नभएर त्यस प्रकारका क्रियाकलापमा समेत उहाँको सक्रियता देखिन्छ । छरछिमेकमा र आफन्तजनमा आइपर्ने दुःख,

[४३] समाजसेवी हरिलाल गिरीका अनुसार ।

[४४] साहित्यकार पद्मराज जोशी 'प्रभातका' अनुसार ।

कठिनाइ र समस्या निवारणमा अत्यन्त गंभीर र संवेदनशील भएर प्रस्तुत भएको अनुभूति गर्न सकिन्छ ।[४५]

समाजका सबै मानिसहरु अनुशासित, कर्तव्यनिष्ठ, सभ्य र कर्मठ हुनुपर्छ भन्ने उहाँको मान्यता छ । उहाँबाट पाठ पाएर धेरै गैर जिम्मेवारहरु जिम्मेवार बनेको, कैयौं अकर्मठहरु कर्मठ बनेको, थुप्रै कुलतीहरु सुलती बनेको उदाहरण छन् । समाजका थुप्रै वालवालिका युवायुवती र बृद्धबृद्धाले उहाँबाट धेरै ज्ञान पाएका छन् । गरीव, रोगी र असहायप्रति अत्यन्त दयाभाव राख्नुहुने मनिराजको घर आँगनमा त्यस्ता व्यक्तिहरू आउने गर्छन् जो उहाँको संगतबाट जीवनलाई सुखमय पार्न चाहन्छन् । अर्को कुरा छरछिमेकमा आइपर्ने बाटोघाटो निर्माण र सरसफाइ जस्ता कार्यमा उहाँ सक्रियतापूर्वक अग्रसर हुनुहुन्छ । विकास निर्माणका कार्यमा नेतृत्व दिन सक्ने क्षमता उहाँ सित प्रवल छ । विभिन्न सामाजिक प्रभावका संघ-संस्थामा विभिन्न पदमा रहेर उहाँले गहन भूमिका निभाउनु भएकोबाट पनि यो तथ्यको पुष्टि हुन्छ । कुरा भन्दा काम धेरै गर्ने उहाँको वानी नै बसिसकेको छ । बैरी नै किन नहोस् कुनै आग्रह पुर्वाग्रह नराखी सहयोग र सद्भावका हात फैलाउनु हुन्छ उहाँ । 'उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर, फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र' भन्ने कवि शिरोमणि लेखनाथ पौड्यालको यो काव्यांस उहाँको जीवनबृत्तमा एक उदाहरण बनेको छ ।[४६]

## ३.४.४ धार्मिक, आध्यात्मिक तथा पुरोहित व्यक्तित्व

पं. मनिराज जोशी वेद, भागवतका विद्वान हुन् । उनले स्वाध्यायन बाटै विद्वता हाँसिल गरेका हुन् । वैदिक दर्शन र पुराणका विद्वानका रुपमा सुदूर पश्चिमाञ्चलमा चर्चित उनले सयौं स्थानमा व्यासाचार्य भै श्रीमद्भागवत, शिवपुराण, देवीभागवत्,

[४५] पूर्ववत् ।

[४६] साहित्यकार तथा प्राध्यापक माधब वियोगीसँगको कुराकानीमा आधारीत ।

सुर्यपुराण लगायतका पुराण प्रभावशाली ढङ्गले वाचन गरेको देखिन्छ । कतिपय ठाउँमा भगवानको मन्दिर, विद्यालय, बाटोघाटो, पुस्तकालय, साहित्य विकास आदि निर्माणका लागि उनले बिना पारिश्रमिक पुराण बाचन गरेको देखिन्छ ।[४७] मनिराज जोशी सनातन हिन्दूधर्मका कट्टर पक्षपाती हुन् ।  आफ्नो धर्म-संस्कृति सुहाँउदो काम गर्नुपर्ने मान्यता उनको छ । हरेक दिन सुर्योदय अघि नै उठी आफ्नो नित्य कर्म पूजा गरेपछि मात्र उनी अरुकार्यको थालनी गर्दछन् ।[४८]

मनिराज धार्मिक र आध्यात्मिक क्षेत्रमा अत्यन्त सफल देखिन्छन् । नित्य भगवानको पूजा आराधना गर्नाले मनोकाङ्क्षा पूरा हुने उनको विश्वास छ । समाजको भलो चिताउने र समानताप्रति विश्वास राख्ने जुनसुकै धर्मका मौलिकताहरुलाई सकारात्मक दृष्टिले हेर्नुपर्ने उनको विश्वास रहिआएको छ । साहित्यकार मनिराज जोशी हिन्दू धर्मलाई एक उच्च जीवन दर्शन र आदर्शका रुपमा लिन्छन् ।आफूलाई पूर्णतया आस्तिक हुँ भन्न रुचाउने मनिराज जोशी धर्म संस्कृति र आध्यात्मप्रति अगाध आस्था राख्ने व्यक्ति हुन् ।[४९] यसका साथै मनिराज जोशी एक सफल पुरोहित हुन् । गाउँघरमा हुने पूजा, अर्चना, विवाह, व्रतबन्ध, श्राद्ध लगायतका कार्यमा उनी पुरोहितको रुपमा कार्य गर्दछन् ।

### ३.४.५ बहुभाषी व्यक्तित्व

मनिराज जोशीलाई नेपाली, हिन्दी, संस्कृत, डोटेली र रानाथारु भाषाको राम्रो ज्ञान छ ।[५०] यस बाहेक सुदूर पश्चिममा बोलिने अछामी, वझाङ्गी, बैतडेली आदि भाषिकाको समेत उहाँसित राम्रो ज्ञान छ । त्यसैले उनलाई बहुभाषी व्यक्तित्वको रुपमा पनि लिन सकिन्छ । उनको प्रशस्त स्वाध्यायन र साहित्य सिर्जनाले बहुभाषी व्यक्तित्वलाई सघाउ पुऱ्याएको छ ।

---

[४७] साहित्यकार तथा समाजसेवी दीनानाथ भट्टसँगको कुराकानी ।

[४८] शोधनायककी श्रीमती ईश्वरी जोशीबाट प्राप्त जानकारी ।

[४९] शोधनायकसँगको अन्तर्वार्ता ।

[५०] पूर्ववत् ।

### ३.४.६ सम्पादक व्यक्तित्व

मनिराज जोशीले वि.सं.२०५६ देखि २०६२ सम्म धनगढीबाट प्रकाशित **'महामाया'** नामक पत्रिकाको प्रधान सम्पादक भै काम गरेका थिए । यसबाहेक उनले कैलाली जनपुस्तकालय धनगढीबाट प्रकाशित हुने **'मालिका'** पत्रिका र सुदूर पश्चिमाञ्चल साहित्य समाजबाट प्रकाशित हुने **'सुरभि'** को पनि केही अङ्कमा सम्पादक भई काम गरेको देखिन्छ ।[५१]

मनिराज जोशीले सुदुरपश्चिमका वरिष्ठ समाजसेवी स्व. ठेकराज पन्तको स्मृतिमा प्रकाशित **'ठेकराज पन्त स्मृति ग्रन्थ**' को पनि प्रधान सम्पादक भई कार्य गरिसकेका छन् ।

कैलालीबाट प्रकाशित हुने **सौरभ, सौंराइ, शैलधारा** लगायतका पत्रिकामा उनले सल्लाहकार भएर पनि कार्य गरेका छन् । मनिराज जोशीमा एक कुशल सम्पादकमा हुनुपर्ने गुण विद्यमान छन् । विशेषगरी उनी साहित्यिक, सामाजिक ऐतिहासिक विषयवस्तुको सम्पादन कार्यमा दक्ष मानिन्छन् । पत्रकारिता क्षेत्रप्रति पनि विशेष रूचि राख्ने मनिराज जोशी जीवनको उत्तरार्द्धमा आफ्नो सम्पादकत्त्वमा एक समाचारमूलक पत्रिका समेत दर्ता गरी संचालन गर्ने योजनामा रहेको बताउँछन् ।[५२]

### ३.४.७ अध्ययनशील व्यक्तित्व

मनिराज जोशी एक अध्ययनशील व्यक्तित्व हुनुहुन्छ । उनले नेपाली साहित्यका धेरैजसो कृतिको अध्ययन गरेका छन् । संस्कृतका भागवत, पुराण, गीता, रामायण, महाभारत, श्रीकृष्ण चरित्र लगायतका पुस्तकहरुको गहिरो अध्ययन उनले गरेका छन् । प्रायः धार्मिक, आध्यात्मिक, साहित्यिक, विचारात्मक कृतिहरुको उनी

[५१] पूर्ववत् ।

[५२] पूर्ववत् ।

नियमित अध्ययन गर्छन् ।[५३] मनिराज जोशीको अधययन गर्ने कुनै विशेष समय त छैन तर उनी जतिबेला आफूलाई फुर्सद मिल्यो अध्ययनमा जम्छन् । घण्टौं लगाएर पुस्तकहरु पढ्ने क्षमता उनीसंग छ । धनगढीको कैलाली जनपुस्तकालयमा गएर पनि उनी प्रायःजसो अध्ययन गर्ने गर्छन् । युवा अवस्थामा उनले प्रशस्त स्वाध्यायन गरे तर हाल शारीरिक कमजोरीका कारणले धेरै पुस्तक पत्रिका पढ्न सक्दैनन् ।

मनिराज जोशी अध्ययनशील, चिन्तनशील व्यक्तित्व हुन् । उनी अध्ययनले मानिसलाई पूर्ण स्वावलम्वी बनाउने कुरामा विश्वास राख्दछन् । ठुलठूला पुस्तकहरु पनि पढ्न अल्छी नमान्ने र जुनसुकै विषय बस्तुको अध्ययन गर्दा पनि गहन रुपमा मनन् गर्ने हुनाले उनको अध्ययन अनुसन्धान गर्ने तरिका विशिष्ट खालको देखिन्छ ।

### ३.४.८ अन्वेषक व्यक्तित्व

मनिराज जोशीका व्यक्तित्वका अनेक पक्ष मध्ये अन्वेषक व्यक्तित्व पनि एक हो । उनले आफ्ना कृतिमार्फत् मुख्यतया सुदूर पश्चिमाञ्चलका विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय व्यक्तित्व र स्थान सम्बन्धित ऐतिहासिक विषयबस्तु केलाइ कतिपय मान्यताहरु स्थापित समेत गराएको देखिन्छ ।

शिवजीको ज्योतिर्लिङ्गको रुपमा कैलालीको बेहडाबाबालाई स्थापित गराउने कार्यमा उनको ठूलो भूमिका छ ।[५४] वि.सं. २०४६ मा प्रकाशित उनको **'बेहडाबाबाको उत्पत्ति र महिमा'** पुस्तक अन्वेषण कै रुप मान्न सकिन्छ । मनिराजले सुदूरपश्चिमका महान प्रतिभाहरु स्व. पहलमानसिंह स्वाँर, स्व. जयपृथ्वीबहादुर सिंह, स्वं दशरथचन्दको जीवनी को अन्वेषण गरी महाकाव्य लेखेका छन् । जसबाट ती महान प्रतिभाहरुको बारेमा सबैलाई ज्ञान प्राप्त भएको छ ।

---

[५३] शोधनायकका सुपुत्र गोविन्द जोशीबाट प्राप्त जानकारी ।

[५४] शोधनायकका अनुसार ।

### ३.४.९ अभिप्रेरक व्यक्तित्व

मनिराज जोशी अरुलाई हौसला र प्रेरणा दिई माथि उठाउने व्यक्तिहरु मध्ये पर्दछन् । साहित्यको विषय होस् या समाजसेवा, ज्योतिषको विषय होस् या आध्यात्मिक उनीसंग सल्लाह लिने र सोधपुछ गर्ने व्यक्तिहरुको संख्या धेरै छ । आफूसंग सल्लाह लिने हरेक व्यक्तिलाई उनी उचित मार्ग निर्देशन गर्दछन् । सुदूर पश्चिमको ख्यातिप्राप्त ज्योतिषको रूपमा र प्रखर वक्ताको रुपमा उनले यस क्षेत्रका लाखौं मानिसलाई अभिप्रेरणा दिएका छन् । उचित सरसल्लाहहरु दिई बाटो देखाइदिने खुवी पनि छ उनीसित ।[५५] सरल र इमान्दार स्वभावका मनिराज जोशी एक कुशल अभिप्रेरक व्यक्तित्व हुन् । उनको अभिप्रेरणाबाट थुप्रै व्यक्तिले आफ्नो जीवनको बाटो पहिल्याएका छन् ।

### ३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्वन्ध

मनिराज जोशीको साहित्यिक लेखनमा उनको जीवन भोगाइ, पारिवारिक पृष्ठभूमि, वंशाणुगत संस्कार तथा पेशागत कार्यको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ । मनिराज जोशीको ५४ वर्षीय जीवन सरकारी सेवा, समाजसेवा र साहित्य सिर्जनामा बितेको छ । वि.सं. २०४० को दशक देखि साहित्य सिर्जनामा सक्रिय देखिएका मनिराज जोशीको जीवनको सर्वाधिक महत्वपूर्ण व्यक्तित्व, **कवि व्यक्तित्व** देखिन्छ ।[५६] उनको यस जीवनी अन्तर्गत् उनका व्यक्तित्वका यी मुख्य मुख्य पक्ष देखिन्छन्-सामाजिक व्यक्तित्व, ज्योतिषी व्यक्तित्व, धार्मिक साँस्कृतिक व्यक्तित्व र सशक्त सष्टा व्यक्तित्व ।

---

[५५] समाजसेवी दीर्घराज जोशीका अनुसार ।

[५६] शोधनायकसँगको कुराकानीमा आधारित ।

मनिराज जोशी वाल्यकाल देखि नै साहित्य लेखनमा प्रवेश गरे पनि वि.सं. २०३५ सालमा धनगढीबाट प्रकाशित एक पत्रिकामा कविता छापेर साहित्यिक क्षेत्रमा उदाएका हुन् । उनले नेपाली साहित्यमा कविता, निवन्ध र समालोचनाका क्षेत्रमा कलम चलाएका छन् । उनका **बेहडा बाबाको उत्पत्ति र महिमा** (२०४६) **वालज्योतिसार** (२०४९), **विनोदानन्दमणि** (२०६१), **वर्तमान युगको माग** र **ज्योतिषको अपयरिहार्यता** (२०६१), **अमर साधक पहलमानसिंह स्वार** (महाकाव्य) २०६१), **आनन्दगीता** (२०५३) र **दशरथ चन्द महाकाव्य** (२०६५) प्रकाशित छन् । यस बाहेक उनका **जयपृथ्वीवहादुर सिंह** (महाकाव्य), **कवि देवकान्त पन्त** (खण्डकाव्य), र **मेरो काव्य** (कविता सङ्ग्रह) प्रकाशोन्मुख छन् । मनिराज जोशीको लेखनमा उनको जीवन भोगाइले पनि प्रभाव पारेको देखिन्छ । पाँच कक्षासम्मको मात्र औपचारिक शिक्षा लिन पाएका उनले स्वाध्यायन बाटै विशिष्ट शिक्षा लिएको देखिन्छ । आठ वर्षकै उमेरमा पितृ बात्सल्यबाट छुट्टिनु परेकोले उनले स्नेहका अनुभव पनि अरुबाट लिनु परेको थियो ।[५७]

विद्यालय, पाठशाला तथा गुरूहरुसँगको छुट्टाछुट्टै अनुभव र विद्वानहरुका सत्संग र सत्प्रेरणाले पनि उनलाई लेखनमा प्रयाप्त उर्जा थपेको देखिन्छ । उनको लेखाइमा पाइने तार्किकताको आधार पनि त्यसैबाट पुष्टि हुन्छ ।

ब्राह्मण, कुलीन, धार्मिक र शास्त्रीय जीवन भोगाइ रहेको मनिराजको परिवार केही हदसम्म खेतीपातीमा पनि तल्लीन रहेकोले उनको सोचमा पनि त्यसको प्रभाव पर्नु अस्वभाविक मानिदैन । गाउँघरको बसाइ, उकालो ओरालो, डाँडाँ भञ्ज्याङ्गका ओहोर दोहोर र खेतीपाती तथा मेलापात जस्ता गाउँलेपाराको जीवन भोगाइ उनका कृतिहरुमा झल्किएका छन् ।

---

[५७] पूर्ववत् ।

## ३.६ पारिवारिक पृष्ठभूमि र लेखनका बीच अन्तर्सम्वन्ध

मनिराज जोशीको लेखनमा उनको पारिवारिक पृष्ठभूमि पनि प्रमुख रहेको देखिन्छ । उनका पुर्खा डोटेली राजाका नजिक मानिने र प्रकाण्ड ज्योतिषीको रुपमा विर्ता पाउनसमेत सफल रहेका थिए ।[५८] उनका मावली बाजे तथा मामाहरु शिक्षित थिए । उनका काका नन्दलाल जोशी, दाजु केशवराज जोशी, पुजारी दाजु सहदेव जोशी र मामा ज्योतिर्विद् दप्थरी चेतराज रेग्मीसंगको उनको सम्पर्क र संगतबाट पनि मनिराजमा लेखन क्षमता बढेको भन्न सकिन्छ । घर तथा मावली दुवैतिरको यस्तो वातावरणले सानैदेखि उनमा ज्ञानको भोक जागेको थियो । माता सरस्वतीको कृपा भन्नुपर्छ मनिराज जोशीको बेजोड अध्ययनशीलताले उनलाई आजको स्थानमा पुऱ्याइ छाड्यो ।

बाल्यकाल देखिनै आर्य हिन्दू धर्मशास्त्र र संस्कारको महिमागान सुन्दै हुर्केका हुनाले पनि पछि गएर लेखनको विषय बनाउनमा उनी अभिप्रेरित भएको देखिन्छ ।[५९]

---

[५८] पूर्ववत् ।

[५९] साहित्यकार पद्मराज जोशीका अनुसार ।

# चौथो परिच्छेद

## ४.१ मनिराज जोशीका कृतिहरुको विवेचना

मनिराज जोशीले अनौपचारिक रुपमा आठ वर्षकै उमेरमा कविता लेखनको शुरुवात गरेर नेपाली साहित्यमा प्रवेश गरेपनि औपचारिक रुपमा वि.सं. २०३५ साल देखि साहित्यमा प्रवेश गरी हालसम्म पनि विभिन्न ग्रन्थहरुको लेखनमा साधनारत छन् भन्ने कुरा पहिलो र दोस्रो परिच्छेदमा चर्चा भैसकेको छ । जोशी नेपाली साहित्यको विशेषगरी कविता, खण्डकाव्य  र महाकाव्य लेखनमा सक्रिय रहेको देखिन्छ । उनका प्रकाशित कृतिहरु दशवटा छन् ।

आध्यात्मिक विषयमा वढीजसो केन्द्रित रही साहित्यको उत्थानमा निरन्तर लागि पर्ने नेपालका थोरै व्यक्तिहरुमा मनिराज जोशी पर्दछन् । मनिराज जोशी स्वधर्मको रक्षा, राष्ट्र र राष्ट्रियताको संरक्षण ईश्वरीय प्रेमको प्रचार, आत्मज्ञानको अभिप्रेरणाका साथै राष्ट्रिय विभूतिहरुको महिमागान, स्रष्टाको उत्थान, नेपालीपन एवं रीतिरिवाजको महिमागानमा निरन्तर लागिपरेका छन् ।

मनिराज जोशीका कृतिहरु मध्य **'बेहडा बाबाको उत्पत्ति र महिमा** (२०४६), **वालज्योतिसार** (२०४९), **सरिता** २०५६, **आनन्दगीता** २०५३, **विनोदानन्दमणि** २०६१, **वर्तमान युगको माग** र ज्योतिषको **अपरिहार्यता** २०६१, **अमर साधक पहलमानसिंह स्वाँर महाकाव्य** २०६१, **दुइ लाखको अर्ति** कथासङ्ग्रह (२०६१), **धौली खण्डकाव्य** (२०६४) र **दशरथ चन्द महाकाव्य** (२०६५) छन् । मनिराज जोशीका हालसम्म अप्रकाशित कृतिहरुको यहाँ चर्चा गरिएको छैन । उनका प्रकाशित कृतिहरु मध्ये काव्यात्मक कृतिहरु बढी महत्वपूर्ण र ओजपूर्ण छन् तिनिहरुको चर्चा अलि वढी र साना आकारका एवं प्रबन्धात्मक शैलीका कृतिको संक्षिप्त चर्चा र विश्लेषण गरिएको

छ । यहाँ उनका प्रकाशित कृतिहरुलाई काव्यात्मक कृति, कथात्मक कृति र प्रबन्धात्मक गरी तिन प्रकारमा विवेचना गरिएको छ ।

### ४.१.१. मनिराज जोशीका कवितात्मक कृतिको अध्ययन

### ४.१.१.१ फुट्कर कविता र तिनका सङ्ग्रहहरुको अध्ययन

### ४.१.१.१.१ आनन्दगीता -कविता सङ्ग्रह (२०५३) को अध्ययन

वि.सं. २०५३ सालमा कवि मनिराज जोशीले यस कृतिको लेखन र प्रकाशन गर्नुभएको देखिन्छ । कुल चौसाठ्ठी पृष्ठमा संरचित **'आनन्दगीता'आध्यात्मिक** कविताहरुको सङ्ग्रह हो । मूल्य रु. बीस राखिएको यस कविता संग्रह भित्र चौतीस वटा कविता सङ्ग्रहित गरिएका छन् ।[६०]

यस स्रग्रह भित्र निम्न कविताहरु समावेश छन् :- १) आनन्द गीता २) ऋण चुकाएँ ३) हरिनाम माला ४) बिन्ती ५) पिलो ६ं पश्चाताप ७) उड्ने चरी ८) तिमी र म ९) मन १०) हरि किर्तन ११) के साँच्चै हरि हौ? १२) तेरो मुख १३) परीक्षा १४) नीति वाक्य १५) युग दोष १६) उजुरी निवेदन १७) अभिमान १८) श्री कृष्ण स्तुति १९) आखिरी २०) फार्छे २१) जेल संस्मरण २२) भेटी २३) धन महात्म्य २४) धन महात्म्य द्रितीय २५) धर्म कमाएँ २६) जीवनको वास्तविकता २७) प्रार्थना २८) भगवती बन्दना २९) काल महिमा ३०) पिपल चौतारी ३१) शवरी स्तुति ३२) गुनासो ३३) अर्ति ३४) मुक्ति हुनु ।

प्रस्तुत आनन्द गीता कविता सङ्ग्रहमा धर्म, जाति, सम्प्रदाय, वर्ग, लिङ्ग, वर्ण भेद गरिएको छैन । आफै भित्रको इश्वरीय उपासनालाई सर्वौच्च देखाइएको छ। परमानन्दको तात्विक वर्णन, दैवी सम्पदाको विवेचना तथा भौतिक सम्पत्तिको महत्वमाथि झटारो हानेको छ । आजको मानव वैज्ञानिक चमत्कारले चन्द्र ग्रहमा

---

[६०] मनिराज जोशी, आनन्दगीता कविता संग्रह 'प्रथम संस्क. २०५३' ।

बसाइ सार्ने तैयारीमा छ । कर्मेन्द्रियद्वारा हुने कार्य वैज्ञानिक उपकरणहरुले छिटोभन्दा छिटो गरिरहेको छ भने संचार सुविधाले र उपकरणले मानवलाई भौतिक सुखको चरम सीमामा पुऱ्याइसकेको छ तापनि आध्यात्मिक मनन् चिन्तन एवम् आत्मवोधाव्यमा आत्मामा अशान्तिको बाढी उर्लदो छ, फलस्वरुप गृहयुद्ध नचर्केका परिवार, गाउँ, देश विरलै मात्र भेटिन्छन् । आत्म सन्तुष्टि र आत्मानन्दको अभावले दिन प्रतिदिन भौतिक आवश्यकता अझ ओइरिदैछन् भन्ने भाव यस कविता सङ्ग्रहमा देख्न सकिन्छ ।

एकातिर अनास्थावादीहरु शक्ति प्रर्दशन गरिरहेका छन् भने अर्कातिर कट्टर धर्मात्मवादीहरु धर्मको नाममा हिंसा, अत्याचार, गुटवन्दी गरी यत्रतत्र अशान्ति फैलाउन लागिपरेका छन् । धर्म परिवर्तनको आँधी चलिरहेको छ भन्ने भाव देखाउँदै कविले आम मनुष्यलाई आध्यात्मवादी, अहिंसावादी र परोपकारी बन्न आह्वान पनि गरेका छन् ।

### ४.१.१.१.२ **विनोदानन्दमणि स्तुति काव्यको अध्ययन** (२०६१)

मिश्रा प्रिन्टर्स धनगढीद्वारा वि.सं २०६१ असाढमा प्रकाशित **विनोदानन्दमणि स्तुतिकाव्य** (२०६१) लघु काव्य हो । जम्मा बिस पृष्ठमा संरचित यस लघुकाव्यमा कविले पद्यात्मक शैलीमा माता भगवतीको स्तुति गरेका छन् । यो पूर्णत : जगदम्वा भगवतीको प्रार्थनामा आधारित आध्यात्मिक काव्य हो ।

संसारको सवभन्दा नजिकको साइनो आमा भएजस्तै जगत्जननी माताको करुणा पनि अद्वितीय छ । तिनै जगत्जननी माताको पुकार गर्नु यस काव्यको उद्देश्य हो ।[६१] श्री गणेश भगवानको पद्यात्मक पूजासंगै प्रारम्भ गरिएको प्रस्तुत लघुकाव्यको प्रथम श्लोकमा भनिएको छ :-

---

[६१] मनिराज जोशी, विनोदानन्दमणि स्तुति काव्य २०६१ लेखकीय मन्तव्य ।

*लामो सूढ गजेन्द्रका बदनमा, सिन्दूरमा शोभित*

*हे लम्बोदर ! एकदन्त भनिने, हे पार्वतीका सुत*

*गर्दैछु चरणारविन्द द्वयमा, साष्टाङ्ग भै नम्रित*

*यो यात्रा अविराम राम गर है, निर्विघ्नताका सित* [६२]

प्रस्तुत काव्यमा कविले माता जगत् जननी नवदुर्गा भगवतीलाई यो संसारकी सार तिमी हौ र तिम्रो आराधना गर्नु नै हामी मानवको कर्तव्य हो, तिमी नै यस लोककी सर्वशक्तिमान हौ भन्ने किसिमका उद्‌गार व्यक्तगर्दै जगत्‌जननीको स्तुति गर्न आम मनुष्यलाई आह्वान समेत गरेका छन् ।

## ४.२ मनिराज जोशीका खण्डकाव्यहरुको अध्ययन

### ४.२.१ सरिता खण्डकाव्य (२०५६) को अध्ययन

वि.सं. २०५६ सालमा विद्यार्थी साहित्य प्रतिष्ठान कैलाली बहुमुखी क्याम्पसद्वारा प्रकाशित **सरिता खण्डकाव्य** मनिराजजोशीको उत्कृष्ट खण्डकाव्य हो । छन्दबद्ध रुममा लेखिएको यस खण्डकाव्यले समाजको विकृति, विसंगति र निरीह असहायहरुलाई धनीमानी, शोषक र सामन्तहरुले कस्तो किसिमको थिचोमिचो र शोषण दमन गर्छन्  र ती अपराधीहरुलाई समाजका साधारण अर्द्धचेतनशील व्यक्ति (जो मध्यम वर्गका छन्) ले कसरी साथ दिन्छन् भनेर यथार्थ प्रस्तुत गरिएको छ ।

समाज सदियौंदेखि जति नै सभ्य र शिक्षित बने पनि मानिसले मानिसलाई कहिल्यै पनि समान व्यवहार गर्नसकेको छैन । क्षणिकतामा भुलेर छड्के कमाइ गर्ने शोषक र सामन्तलाई साथ दिएर गरीव र असहायहरुलाई उठिवास पार्ने मानिसहरु आज मानिसभन्दा एक तह तल गिर्दैछन् भन्ने सन्देश पनि यस खण्डकाव्यले दिएको छ । कविले यस खण्डकाव्यमा सुरुमा नेपालका गाउँघरहरु प्राकृतिक सौन्दर्यमा एक

[६२] पूर्ववत् (प्रथम श्लोक) ।

स्वर्गपुरी नै छ विभिन्न रङ्ग विरङ्ग, कुसुम नदीनाला पहरा र छहराले शोभायमान निर्मल शुद्ध र शान्त छ भनि वर्णन गरेका छन् ।[६३]

*गाउँ एक थियो मनोरम तथा श्रृङ्गारले सज्जित*
*नाना रङ्ग विरङ्गका कुसुमले हुन्थ्यो सदा छादित*
*छन् पाटी पहरा नदी र लहरा उद्यान संशोभित*
*झर्ना निर्मल शुद्ध शान्त रवमा ऐश्वर्य आनन्द छ ।*[६४]

यस काव्यबाट कवि मनिराज जोशीले नेपाल प्राकृतिक सम्पदाले यति धनी र रमणीय भए पनि सत्य र निष्ठावान व्यक्तिहरुमा मात्र सदा दैवको लाठी परिरहेको र ती निरीहहरु सधैं गरीवीमा जिउनु परिरहेको छ भन्ने सन्देश दिदै कवि भूपि शेरचन, गोपालप्रसाद रिमाल, पारिजात, देवकोटा र लेखनाथ जस्ता कविहरुको काव्य पथलाई पछ्याउँदै अती रमणीय र सुखी जीवन विताइहेका सरिताका दम्पत्तीमा अचानक दैवको लाठी बज्रेर सरिता विधवा भएकी र उनका दुई बच्चाहरुको विजोग भएको अवस्था कविले देखाएका छन् :-

*एकातर्फ छ लास त्यो पुरुषको नाङ्गै लडेको बरा*
*अर्का तर्फ अचेतमा छ विचरा रोएर पोथी चरा*
*छन् अण्डा अझ कोपिला रगत को डल्ला लडेका त्यहीं*
*रुन्छन् पर्वत राज आज वसुधा आँसु झरीमा बही*[६५]

---

[६३] महादेव अधिकारी 'सरिता खण्डकाव्य र मनिराज जोशीको समीक्षा', सेती समाचार वर्ष ४ अङ्क ९१ ।

[६४] सरिता खण्डकाव्य सर्ग १ श्लोक १ ।

[६५] पूर्ववत् प्रथम सर्ग ।

यस संसारमा जतिपनि दुःख कष्टहरु छन् ती सवै गरीव र असहायले मात्र भोग्नु पर्छ र नेपालीहरु विधवा, असहाय, दलित र गरीवहरुलाई शोषकहरुले स्वतन्त्रता, मानवता र समानतालाई कुल्चिएर क्षणिक फाइदामा अल्भिएर अनेक किसिमका जाल बुनेर असहायहरुको जीवनलाई तहस नहस पार्न पछि पर्दैनन् भन्ने कुरा पनि कविले व्यक्त गरेका छन् ।

गाउँमा असहाय र विधवाहरुको इज्जत लुट्न र भए नभएको आरोप लगाएर अर्काको सम्पति कसरी हडप्ने गरिन्छ भन्ने कुरालाई प्रष्ट्याउँदै कविले देवकोटाको **मुनामदनमा** जस्तै सरितालाई पनि गाउँको एक गुण्डाले उनको इज्जत लुट्ने प्रयास गरेको र परिआएमा नारीहरु महाकाली, नवदुर्गा बनि रणचण्डीको रुपधारण गर्न पनि पछि पर्दैनन् भन्ने देखाइ गुण्डालाई सरिताले पिटेर लखेटेको तर गाउँको गन्य मान्य व्यक्तिहरुले त्यही गुण्डाको पक्ष लिएर सरिताको सम्पत्ति खाने प्रयास गरी कपोल कल्पित आरोप लगाएपछि तिमीहरुले मेरो सम्पती खान रचेको जाल मैले थाह पाएँ, माखोका शिकार गर्ने बाघहरुले आफ्नै आमालाई पनि लुट्छन भने कसको के लाग्छ र ? मेरो सम्पत्ती खाउ तर म माथि कुनै त्यस्तो अपराधी आरोप नलगाउ विवेकले इन्साफ गर भन्दै सारा सम्पत्ती भन्दा नारीको अस्मिता र पतिब्रता धर्म ठूलो हुन्छ भन्ने कुरा खण्डकाव्यमा व्यक्त गरिएको छ ।

यति भएर पनि खण्डकाव्यमा डिठ्ठा र शिवलाल जस्ता शोषक र सामन्तहरुले ती एक्ली, असहाय विधवानारी सरितालाई पञ्चको अगाडी पिटेर रगतको आहलमा डुवाएर अचेत अवस्थामा छाडेपछिको सरिताको अवस्थालाई साधारण तरिकाले देखाए पनि स्पष्ट रुपले देखाउन नसक्नु र शब्द चयनमा बीच बीचमा गएर शुरु र अन्तको जस्तो मीठास पाउन नसक्नुमा कविको कमजोरी पक्ष मान्न सकिन्छ । तर त्यति भएर पनि अन्तमा कविले भगवान कुनै मन्दिर र मुर्तिमा होइन तिनै गरीव निरीह श्रमजीवीहरुको दुःख, पीडा र वेदनामा मात्र इश्वर छ, इश्वरको सच्चा दर्शन

असहायहरुको सेवामा मात्र प्राप्त हुन्छ भनी महाकवि देवकोटाको पथलाई पछ्याउँदै कवि भन्छन् :-

*जाउ पाउ समाउ दीनहरुका जाउ परेला मुनी*

*रुन्छन् रोग र भोक खप्न नसकी छन् मृत्यु शैया मुनि*

*त्यो खाल्डो मनको पुरे मलमले यै हो बुझ्नौं आर्जन*

*यै हो मानव जन्मको सरलता यै हो तपस्वी पन* [६६]

ती अपराधीहरु आफू सफल भएको र सरिताको भएको सम्पत्ति आफू, आफूले भागबण्डा लगाइ शिवलालले लिएको र हेमेलाइ ढाँटेको घटना खण्डकाव्यमा छ । जुन सम्पत्तिका लागि सबै मिलेर त्यस्तो जघन्य अपराध गरेका थिए तर त्यही सम्पत्ति पनि बराबर पार्न नसकी आफू आफूमा शत्रुता बढेको कुरा कविले व्यक्त गरेका छन् । यो संसार एउटा दु:खको सागर हो यहाँ जसले दु:ख, कष्ट बेदना, पीडा भित्र दविएर बाँचेको हुन्छ उसमा अन्तमा जीवनको अनुभूतिमात्र सार्थक हुन्छ । दु:खको फल अति नै मीठो हुन्छ, दु:ख र कष्टमा मात्र शिव लगायतका इश्वरको वास हुन्छ र दु:खमा मात्र सम्झिन्छ भन्ने कुरा यसरी व्यक्त गरिएको छ :-

*दु:खैको फल मात्र लाग्छ गुलियो दु:खै छ प्यारो पनि*

*दु:खैमा शिव छन् र देवहरु छन् दु:खै छ सञ्जीवनी* [६७]

वेद व्यासको भागवत गीतालाई अनुशरण गर्दै कविले अपराधबाट कमाएको सम्पत्तिले सन्तानलाई पिर्छ, जस्तो कर्म गरिन्छ त्यस्तै फल पाइन्छ । डिठ्ठा शिवलाल र हेमेले पनि पापकर्मबाट सरिताको सम्पत्ति आफ्नो बनाएकोले यसको परिणाम तिनिहरुका सन्तानमा परेको कुरा कविले व्यक्त गरेका छन् ।

---

[६६] पूर्ववत् चतुर्थ सर्ग श्लोक ३ ।

[६७] पूर्ववत् सर्ग ६ श्लोक ५१ ।

पापको परिणाम कहिल्यै पनि राम्रो हुँदैन, क्षणिक राम्रो देखिए पनि अन्तमा त्यसको परिणाम भयङ्कर घातक हुनपुग्छ भन्दै कथाकार गुरुप्रसाद मैनालीको अनुशरण गर्दै दुवैजना पापीहरुका छोरा पवन र मिलनलाई हेमेले आफूले भाग नपाएको रीसमा सम्पत्ति बरवाद पार्ने उद्देश्यले तिनीहरुलाई जड्याहा, गुण्डा डाँका वनाइदिन्छ र यो संसारमा कलियुगले सबैको बुद्धि भ्रष्ट पार्नसक्ने बरदान पाएको छ । सबैलाई पापको मुखमा होम्नु परेको छ, त्यसैले पापीहरुलाई केही समयका लागि फलिफाप भएको देखाइन्छ तर एकदिन पाप पाक्छ । अरु सबै चीज पाकेपछि मात्र मीठो हुन्छ भने पाप पाकेपछि त्यसले पुरै खानदानलाई बरबाद पारिदिन्छ भन्ने कुरालाई पुष्ट्याउँदै तिनै पापीहरुका छोराले आफ्ना बाबुहरुको पिटेर हात खुट्टा भाँची नदीपारी पुऱ्याइ दिन्छन् र ती अपाङ्गहरु पापको पश्चाताप गर्दै सरिताले आयोजना गरेको महायज्ञमा शरण पर्न जान्छन् तर गाउँबाट खेदिएका सरिताका छोरा छोरी एउटा डाक्टर र अर्को पाइलट भएर आउँछन् । सुरेश र सुनितालाई आमाको साथमा देखेपछि आफ्नो पापको पश्चाताप गर्दै शरणमा परेको कुरा कविले यसरी ब्यक्त गरेका छन् :-

*माग्दै माफ गई परे चरणमा दोषी म पापी भनी*

*पायौं आज कुकर्मको फल भयौ संसारको पूज्यनी*

*भन्छिन् ती दुई पुत्रलाई सरिता आफ्नो कहानी सब*

*भन्छन् ती शिवलाल पातकहरु डिट्ठा महाशोषक* [६८]

अन्तमा मानवयज्ञ सञ्चालन गरिवसेकी सरिताको शरणमा पुगेको शिवलालले पापको पश्चाताप गर्छ र माफी मागी शेष जीवन व्यतित गरेको घटनाबाट खण्डकाव्यको कथा वस्तु टुङ्गिएको छ ।

---

[६८] पूर्ववत् सर्ग ८ श्लोक ८ ।

## ४.२.२ धौली खण्डकाव्य (२०६४) को अध्ययन

वि.सं. २०६४ सालमा कवि मनिराज जोशीकी बुहारी श्रीमती तारा जोशीले प्रकाशन गरेको धौली खण्डकाव्य झण्डै नब्बे पृष्ठमा संरचित छ ।

प्रस्तुत धौली खण्डकाव्य नारकीय जीवनमा छट्पटाइरहेकी हाम्री चेलीबेटीहरुको साझा व्यथा हो । सुख खोज्ने परिकल्पनामा हिंडेकी कैयौं धौलीको जीवन यसरी नै समाप्त हुँदै गैरहेको, निराशा,कुण्ठा र पश्चातापले आत्महत्या गर्नु एकमात्र बाटो रहेको देखिन्छ । कुनै नोकरी दिलाइदिने बहानामा बेचिएकी छिन् भने यस्ता गिरोहहरु गावैं पिच्छे अनेकौं जाल बुनिरहेका र तिनिहरुका षड्यन्त्रका शिकार सोझासाझा अशिक्षित गरीव र मीठो खाने राम्रो लाउने चाहना भएकाहरु परेका छन् ।[६९]

धौली खण्डकाव्य भित्रको विषयबस्तु हेर्दा पहाडमा जन्मेकी धौली साँच्चिकै अत्यन्त सुन्दर हुन्छिन् । सोझीसाझी एवं अशिक्षित भए पनि प्रकृतिको सुन्दरतालाई नै चुनौती दिईरहेकी धौलीसंग एक गिरोहको नाइके धौलीका भाइसँग मित लाएर धौलीसंग हेलमेल गर्न पुग्दछ । शहरमा गएर सीप सिकाउने निहुँमा धौलीलाई कोठीसम्म पुऱ्याउन सफल हुन्छ । पासविक यातनामा पिल्सिएकी धौलीमा एकाएक चेतना जागृत हुन्छ र नर्ककुण्डमा परेकी तमामौं धौलीहरु जुर्मुरिन्छन् र आफ्नो जेलनेल तोड्दै संगठन गर्न तम्सिन्छन् । यतिकैमा उनीहरुको मुक्तिको लागि कार्यरत संस्थासँग उनको भेट हुन्छ । पछाडीबाट सहयोग पाइसकेपछि धौलीहरुको कान्तिले उग्ररुप लिन्छ । धौलीद्वारा आह्वान गरिएको आन्दोलन जनसागर भएर उर्लिन्छ र ती बेश्यालय कोठी अर्थात् नर्कका कुण्डहरु भत्काइन्छन् । नर्काधीसहरुको विजोग भएर भागाभाग गर्दा गर्दै आन्दोलनले राष्ट्रिय रुप लिन पुग्दछ । देशमा ऐन कानून बन्छन् र लुकिछिपी अवैध बेश्याबृत्तिको धन्दा चलाउनेहरु सजायका भागीदार बन्छन् ।

---

[६९] मनिराज जोशी, 'धौली' खण्डकाव्य २०६४ लेखकीय मन्तव्य ।

राष्ट्रिय आन्दोलनकी नेतृ धौली स्वदेश फर्किन्छे। राजकीय सम्मानका साथ धौलीलाई स्वदेश भित्र्याइन्छ । एड्स रोगको शिकार बनेकी धौली केही सर्तका साथ दुलही बन्छिन् र दाम्पत्य जीवनमा पर्न पुग्दछिन् र उनमा भएको आत्मबलका अगाडी कालले हार खान्छ र धौलीको दीर्घायू हुन्छ । यही कथाबस्तुबाट धौली खण्डकाव्य टुङ्गिएको छ ।

कवि मनिराज जोशी पहलमानसिंह स्वार र दशरथ चन्द जस्तो महाकाव्य सिर्जना गर्ने स्रष्टा हुन् । उनको लेखनमा वर्णन शक्ति प्रशस्त पाइन्छ ।[७०] प्रस्तुत धौली खण्डकाव्यमा कवि जोशीले हेमगौरी धौलीको शिल्प सौन्दर्य र उसका सुकोमल भावनाको साथै उसले नर्कमा परेर भोग्नु परेका मर्माहत पीडा र आफ्नो र आफू जस्तै अरु चेलीको उन्मुक्तिको निम्ति सिर्जिएको रोमाञ्चक वर्णन पाइन्छ। यो एउटा धौलीको मात्र होइन बेचिन बाध्य भएका हजारौं नेपाली चेलीहरुको कथा हो ।

प्रस्तुत खण्डकाव्यले मूल रुपमा नेपाली चेलीहरु कसरी भारतमा दलालहरु द्वारा बेचिन्छन् र उनीहरुको जीवन वर्वाद हुन्छ भन्ने कुराको दृष्टान्त प्रस्तुत गरेको छ ।

## ४.३ मनिराज जोशीका महाकाव्यहरुको अध्ययन

### ४.३.१ पहलमानसिंह स्वार (महाकाव्य) २०६१ को अध्ययन

#### ४.३.१.१ पृष्ठभूमि

सुदूपश्चिमाञ्चल क्षेत्र अन्तरगत अछामको रिडिकोटमा जन्मेका नेपाली साहित्यका विराट प्रतिभा, प्रथम मौलिक दुःखान्त नाटककार पहलमानसिंह स्वार नेपाली साहित्य क्षेत्रका उज्ज्वल तारा हुन् । नेपाली साहित्य भण्डारमा करिव तीन दर्जन कृति सुम्पिनु भएका कवि स्वारको जीवन अत्यन्त कष्टकर रहयो । विशेषगरी

[७०] पूर्ववत् माधब घिमिरेको भूमिका ।

अमर साधक पहलमान सिंह स्वाँरको जीवनी, व्यक्तित्व र उनले जीवनमा भोग्नुपरेका घटनाक्रमलाई पद्यानुबाद गरी महाकाव्यको रुपमा कवि मनिराज जोशीले पस्किनु भएको छ ।

### ४.३.१.२ विषयवस्तु

मनिराज जोशीद्वारा सृजना गरिएको ऐतिहासिक अनसन्धानमूलक यस महाकाव्यमा एकातिर स्वार अनुवंशको सजीव चित्रण हुनपुगेको छ भने अर्कोतिर पहलमान सिंह स्वारको दुःखान्त नाटक 'अटलवहादुर' को सृजनाकाल, सृजना परिवेश र सृजनाको विषयबस्तुलाई यथार्थपरक रुपमा प्रस्तुत गर्ने कार्य भएको छ ।[७१] वि.सं. २००० भन्दा अगाडी नेपाल कति पछाडी थियो भन्ने कुराको झल्को यस महाकाव्यमा पाइन्छ ।

अमरसाधक **पहलमानसिंह स्वार महाकाव्यमा** सर्गबन्धको विषयबस्तुलाई अध्ययन गर्दा सिङ्गो महाकाव्य २१ वटा सर्गहरुमा विभाजित छ र ती सर्गहरुमा विभिन्न छन्दहरुको प्रयोग भएको छ । सुन्दर शिल्प शैली र मिठासपूर्ण साहित्यिक अभिव्यञ्जनले पूरै अलंकृत बनेको छ । प्रत्येक सर्गहरुले छुट्टाछुट्टै विषयवस्तुको व्याख्या र विश्लेषण गर्दै सर्गका अन्त्यमा सर्गको विषयवस्तुलाई महाकाव्यको मूल मर्म र भावनासंग एकाकार गराइएको छ ।

प्रत्येक सर्गहरुको छुट्टाछुट्टै अध्ययन गर्दा ती सर्गहरुमा उठाइएका विषयबस्तुहरुको पूर्ण अर्थबोध हुने र महाकाव्यको अध्ययन गर्दा सबै सर्गहरुलाई महाकाव्यको संरचनामा आवद्धगरी महाकाव्यका नायक पहलमान सिंह स्वारको जीवनवृत्तलाई उद्घाटित गरेको छ । जसरी प्रत्येक फूलका आ-आफ्नै शोभा, रङ्ग र विशेषता छन् तापनि ती फूलहरुलाई एउटै सुत्रमा गुँथी दिँदा सुन्दर माला वनेर

---

[७१] मनिराज जोशी, पहलमानसिंह स्वार महाकाव्य (पहलमानसिंह स्मृति प्रतिष्ठान काठ.) पद्मराज जोशीको भूमिका ।

फुल्छ र मालाले आफ्नै विशेषता र मौलिकतालाई प्रदर्शन गर्दछ । यिनै फूल र मालाको प्रतीक बनेको छ महाकाव्य - **'अमर साधक पहलमानसिंह स्वार'** ।

महाकाव्यमा विभिन्न मिथक, विम्व र प्रतीकहरुको सुन्दर प्रयोग भएको छ । आध्यात्म, नीति, जीवन दर्शनका विषयमा कवि मनिराज जोशीको बौद्धिक व्यक्तित्व उद्घाटित भएको छ । अतीतका सपना भविष्यका कल्पना र वर्तमानका यथार्थ भोगाइहरुले महाकाव्य गुञ्जायमान भएको छ । विषयवस्तुका सन्दर्भहरु ठीक ठाउँमा ठीक ढङ्गले प्रयोग भएका छन् । विभिन्न सर्गहरुमा कवि जोशीले युगसन्देश दिने कार्य गरेका छन् । महाकाव्यको प्रथम सर्गमा नै वर्तमान नेपालको चरित्र चित्रण हुन पुगेको छ । मुलुकले भोगिरहेको कारुणिक दशा छर्लङ्गिएको छ । कविको दिव्य दृष्टि राष्ट्रको मर्म मर्ममा केन्द्रित भएको छ । जस्तै :-

*मेरा गौरवका महान वनमा यो शान्ति उद्यानमा*
*लाशै लाश अपार राश दिनहौं देखेर तत्कालमा*
*रोएको छ बसुन्धरा अधमरा देखेर कालो छवि*
*मेरो यो समवेदना सुनिदिने श्रीबुद्ध जन्मिन्छ कि* [७२]

महाकाव्यकार जोशीले दोस्रो सर्गमा दार्शनिक पक्षको प्रधानता देखाउनु भएको छ । शरीर, विज्ञान र आध्यात्म चेतनाको अनुसन्धान, खगोल शास्त्रीय ज्ञान, विश्व व्रह्माण्डको विवेचना र मानव जीवनको सार्थकता सम्बन्धी विषयबस्तुहरुलाई दार्शनिक दृष्टिले परिभाषित गर्नु भएको छ ।

यसैगरी महाकाव्यको तेस्रो सर्गमा पहलमानसिंह स्वारको जन्मथलो, सुदूरपश्चिमको भूगोल, प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । पाँचौ सर्गमा पहलमानसिंह स्वारको प्रारम्भिक शिक्षा, गुरुकूलको वर्णन, वालमनोविज्ञान

---

[७२] पूर्ववत् प्रथम सर्ग श्लोक संख्या १२ ।

बाललीलाको चित्रण गरिएको छ । छैठौं सर्गमा स्वाँरको बंशवर्णनका साथै समकालीन समाजमा राणाहरुले स्वारलाई मुद्दा लगाई  घरवारविहीन बनाएको प्रसङ्ग उल्लेखित छ । यस घटनाबाट लेखकलाई कवि स्वारका प्रति गहिरो प्रभाव परेको देखिन्छ ।

यसरी लेखकले सातौं सर्गमा नायक स्वारकै विषयमा गुणानुवाद गर्नुभएको छ । आठौं सर्गमा स्वारको व्यक्तित्व कृतित्व, उहाँले भोग्नुभएको दुःख, दर्द र पीडा **'अटल बहादुर'** नाटकको सृजना स्रोत, परिवेश र कालको वर्णन गरिएको छ । महाकाव्यले नायक स्वारलाई जहाँनिया राणा शासनको विरोधी तथा जनाधिकारको लागि उभिने स्वतन्त्र सेनानीका रुपमा प्रस्तुत गरेको छ । नवौं सर्गमा सुदूरपश्चिमको जनजीवनलाई **'अटल बहादुर'** नाटककै सन्दर्भमा चित्रण गर्दै त्यसको व्याख्या र विश्लेषण गरेको छ । दशौं सर्ग पूरै आध्यात्मिक भावधाराबाट ओतप्रोत छ । एघारौं सर्गमा स्वारले भाारतको सिंगाइमा निर्वासित जीवन विताउनु परेको प्रसङ्ग उल्लेख छ । साथै स्वारले कपडा बुन्ने कारखानाको स्थापना गरी लोक कल्याण तथा मुलुकलाई आर्थिक समृद्धि प्रदान गर्न पहल गरेको विषय बस्तुहरु उठाउनु भएको छ । बाह्रौं सर्गमा राणाहरुले पुनः दोस्रो पटक जीवन विताउनु परेको, देशमा फर्किदा राणाहरुले जेलमा थुनेको र जेलबाट नै विभिन्न कृतिहरु सृजना गर्नुभएको प्रसङ्ग उल्लेख गर्नु भएको छ ।

तेह्रौं सर्गमा नाटककार स्वारले आफ्नो नाटकमा राणाशासनको चरित्र चित्रण गर्ने कार्य गर्नुभएको छ, चौधौं सर्ग नीतिसारले गरिमामय भएको छ ।

पन्ध्रौं सर्गमा प्रेम प्रसङ्ग र मनोविज्ञानको व्याख्या गरिएको छ । यस सर्गमा यस महाकाव्यका नायक स्वारका कृतिहरुमा अन्तरनीहित भावधाराहरु प्रवाहित भएका छन् । सोह्रौं सर्गमा स्वारको विवाह प्रसङ्ग उल्लेखित छ, सत्रौं सर्गमा जीवन जगतका विषयमा सूक्ष्म विश्लेषण भएको छ । अठारौं सर्गमा नेपालको सामाजिक

व्यवस्थाको चित्रण गरिएको छ । यसमा महाकाव्यकार जोशीले अमरसाधक श्री पहलमानसिंह स्वाँरको भाव भूमिकाको पृष्ठभूमिमा जातिवादको विरोध गर्दै वर्तमान विश्व दृष्टिकोणले अंगालेका मानव अधिकार, लैङ्गिक समानताको लागि लिङ्गभेद, जाति भेद जस्ता रुढिग्रस्त विचारको निर्मूल गर्नुपर्ने सन्देश दिएकाछन् ।

उन्नाइसौं सर्गमा माटोको ममतालाई छर्लङ्ग पारिएको छ । राष्ट्र सेवा र समाज सेवालाई नागरिक कर्तव्यसंग जोडिएको छ । सर्जकले सुरुमा माटोको सृजना गरेको र त्यसै माटोमा मानवप्राणी पुष्पित र पल्लवित बन्दै बर्तमान युगसम्म आइपुगेको प्रसङ्ग कोट्याउँदै आजका सबै स्रष्टाहरुले माटोको महिमामा नै केन्द्रित हुनुपर्ने सन्देश दिनुभएको छ । बीसौं सर्गमा आध्यात्मिक भावधाराको विश्लेषण गरिएको छ, एक्काइसौं सर्गमा महाकाव्यकारले बहुप्रतिभाका धनी पहलमानसिंह स्वारको विषयमा प्रकाश पार्नुभएको छ । यसमा उहाँको संक्षिप्त जीवनी प्रदर्शन भएको छ । यो सर्गको आन्तरिक संरचना समग्र महाकाव्यको उपसंहारको रुपमा प्रस्तुत भएको छ । महाकाव्यको अन्तमा महाकाव्यकारले आफ्नो परिचय दिदै महाकाव्यलाई टुङ्ग्याउनुभएको छ ।

### ४.३.१.३ निष्कर्ष

यस महाकाव्यका प्रमुख नायक बहुप्रतिभाका धनी पहलमानसिंह स्वार हुन् भने खलनायकका रुपमा कविलाई पटक पटक दुःख दिने राणा शासकहरुको समुहलाई समाविष्ट गरिएको छ । तत्कालीन प्रचलित भाषाभन्दा साहित्यकार पहलमानसिंह स्वारको लेखनीले उच्च स्थान लिएको पाइन्छ भने लेखनशैली आकर्षक पाइन्छ । तुरुन्तै आफ्नो शैली, भाषा र छन्दमा उतार्न सक्ने उनको आश्चर्यपूर्ण कला पाइन्छ । भाषा र शैली दुवै तत्कालीन परिवेशमा सर्ववोध्य बनाएर प्रयोग भएको छ ।

पहलमानसिंह स्वारका विषयमा नेपाली साहित्यमा प्रयाप्त कलम नचलेको र राष्ट्रिय स्तरमा उनले पाउनु पर्ने सम्मान प्राप्त गरिनसकेको परिस्थितिमा यस महाकाव्य लेखनले उनको अनुसन्धान र अन्वेषणमा सहयोग पुग्नुका साथै उनले साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्चतम कदर गर्नु नै यस महाकाव्यको मूल उद्देश्य मान्नु पर्छ ।

### ४.३.२ दशरथ चन्द महाकाव्यको अध्ययन

#### ४.३.२.१ विषय परिवेश

मूलतः **दशरथचन्द** महाकाव्यमा महाकाव्यकार मनिराज जोशीले नेपालको ऐतिहासिक सन्दर्भ र त्यसले नेपाली समाजमा पारेको गहन प्रभावलाई विषयबस्तु बनाएको देखिन्छ । महाकाव्यमा नेपालका चार जना अमर शहीदमध्येका एक **'दशरथ चन्द'** लाई महाकाव्यको नायक बनाइएको छ भने तत्कालीन राणाकालको सामाजिक तथा राजनीतिक परिवेशको वृहत् चित्रण समेत महाकाव्यमा गरिएको देख्न सकिन्छ । वास्तवमा राष्ट्र र राष्ट्रियताको उन्नति र प्रगतिका लागि आफ्नो प्राण उत्सर्ग गर्न सक्ने व्यक्ति नै शहीद हुन् ।

यसबाट के प्रष्ट हुन्छ भने मृत्यु आफैमा शाश्वत विषय भएता पनि सबै मृत्यु शहीदको परिभाषा भित्र पर्दैन । जसले राष्ट्र र समाजको आमूल परिवर्तनका लागि लड्दा लड्दै मृत्युवरण गर्न पुग्छ त्यो नै वास्तविक शहीद हो । वर्तमान अवस्थामा युद्धमा मर्ने र मारिने जो सुकै व्यक्तिलाई दवावमूलक तरिकाले शहीद घोषणा गर्ने परिपाटीले नेपालमा शहीदको संख्या निकै बढेको छ, वास्तवमा यो प्रकृयाले वास्तविक नेपाल आमाका सन्तान शहीदहरुको मनमा चोट परेको हुनसक्छ । एकसय चार वर्षे निरङ्कूश राणाशासन कालमा निरङकूशताको पराकाष्ठा थियो भन्ने कुरा सबैले स्वीकारेको कुरा हो । प्रजातन्त्र र स्वतन्त्रताका पक्षमा काम गर्ने व्यक्ति र

आफ्नो समर्थनमा काम नगर्ने व्यक्तिहरु प्रति राणाहरु क्रुद्ध हुन्थे । त्यतिबेलाको निरङ्कूश जहाँनिया परिवेशमा मुलुकमा प्रजातन्त्रको त के कुरा जनताले आफ्नो आधारभूत हक अधिकार खान, बस्न लाउन, पढ्न र स्वतन्त्रतापूर्वक हिंडडुल गर्न तथा लेख्न समेतबाट जनता वञ्चित थिए । तत्कालीन परिवेशमा मानव अधिकार हननको चरम उल्लङ्घन भएको कुरा इतिहासवाट देख्न सकिन्छ । राणा शासनका विरोधमा उत्रिएका दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुकराज शास्त्रीले अन्ततः राणाहरुको क्रुरतापूर्वक हत्याको शिकार हुनु पर्‍यो । यिनै चार जना अग्रणी सहिदहरु मध्येका एक जना सहिद 'दशरथ चन्द' को वीरताको व्याख्या र विश्लेषण प्रस्तुत महाकाव्यमा गरी कवि मनिराज जोशीले उहाँ प्रति भावपूर्ण श्रद्धा समेत प्रकट गरेका छन् ।

दशरथ चन्दले सहिदका रुपमा पाएको उच्च सम्मान र ऐतिहासिक महापुरुषका रुपमा प्राप्त गरेको छवि आम नेपालीहरुका लागि गौरवको विषय हो । यस महाकाव्यमा कवि मनिराजले मुख्यतया दशरथचन्दको जीवनी र व्यक्तित्वको काव्यात्मक चित्रण गर्न सफल भएका छन् । शहीद **दशरथचन्द महाकाव्य** लेखनीका क्रममा प्रथम सर्गमा मंगलाचरणअन्तर्गत लेखनी पूरा गर्न प्रार्थना गरेका छन् कविले । कवि भन्छन् :-

*हे काली ! घनकालीका भगवती हे ! चण्डिके मुण्डिके*
*नाङ्गो खड्ग छ हातमा रगतले उन्मत्त वाली शिवे*
*आएँ पुजन गर्न तर्न जलधी, देउ मुमा जाँगर*
*सोझै तर्न सकेर अग्र गतिमा जाउँ म यो सागर* [७३]

प्रथम सर्गमा दैवीय शक्तिहरुसंग लेखनी पूराहोस् भन्ने कामना गर्दै कविले प्रार्थना गरेका छन् भने दोस्रो सर्गमा महाकाव्यकारले आफ्नो जीवन परिवेशको

[७३] मनिराज जोशी दशरथ चन्द महाकाव्य

परिचय दिदै प्राकृतिक सम्पदाको क्रियाकलापको व्याख्या गरिएको छ । कविले यसमा आफू सदा प्रजातन्त्रवादी र लोकतन्त्रवादी रहेको भाव प्रकट गर्दै आम नेपालीले एकताबद्ध हुनसके  मात्र परिवर्तनको वास्तविक अनुभव जनताले गर्नपाउने जस्ता अर्थपूर्ण अभिव्यक्ति यहाँ प्रकट गरिएको छ । तेस्रो सर्गमा पनि कविले दोस्रो सर्गकै जस्तो भावनालाई निरन्तरता दिएको देखिन्छ भने विशेषगरी यसमा शहीदहरुको तातो रगतले सिञ्चित गरिएको नेपाल भूमिलाई सदैव पबित्र र उन्नत पारिराख्न मुलुकमा लोकतन्त्र रहिरहनु पर्ने, लोकतन्त्रलाई बचाउनका लागि सबैमा निस्वार्थ कर्म र आफ्नो कर्तव्य बोध आवश्यक पर्ने कुरालाई पनि यहाँ उजागर गरिएको छ ।

कवि भन्छन् : -

*देखेंथे सपना शहीदहरुले हाम्रो प्रजातन्त्रको*
*भोगेनन् विपना उडे गगनमा कुर्वान भो प्राणको*
*आफ्नो प्राण दिए महाजन थिए त्यागे सबै उत्कट*
*पायौं यो जनतन्त्र तैपनि भयौं हामी सबै लम्पट* [७४]

सर्ग तीनमा कविले आफूभित्रको राष्ट्र प्रेमको गहिरो चिन्तन सहित् राष्ट्रियताको अहम् प्रसङ्गलाई समेत उजागर पारेका छन् । कविले चौथो सर्गमा नेपालका वीर शहीदहरुको साहसको कदर गर्दै गरिमापूर्ण अभिव्यक्ति दिएका छन् । कविले राष्ट्र र राष्ट्रियता प्रति आफ्नो ज्यान उत्सर्ग गर्ने वीर शहीदहरु प्रति सच्चा श्रद्धा सुमन चढाएका छन् । शहीदहरुमा सुदूर पश्चिम भूमिका दशरथ चन्द सर्वश्रेष्ठ भएको सङ्केत समेत कविले दिएको भान हुन्छ । चौथो सर्गमा कविले दशरथ चन्दको वंशावली अर्थात् पिता पूर्खाको जैवनिक परिवेशलाई समेत उल्लेख गरेका छन् । दशरथ चन्द आमाको गर्भमा रहेको संकेत दिइ चौथो सर्गलाई कविले विश्रान्ति दिएका छन् ।

---

[७४] पूर्ववत् सर्ग ३ श्लोक १९ ।

दशरथ चन्द महाकाव्यको पाँचौ सर्गमा कविले दशरथ चन्दका वीर पुर्खाहरुको महिमायुक्त वर्णन गरेका छन् । यस सर्गको मध्य भागमा दशरथ चन्दको जन्मको हर्षोल्लासको थोरवहुत चर्चा संगै महाकाव्यका अन्य सर्गहरु शहीद दशरथ चन्दसँग सम्बन्धित भएर लेखिएका छन् । दशरथ चन्दको वाल्यकाल देखिकै बिलक्षण प्रतिभालाई महाकाव्यमा बडो गम्भीर र रोचक तरिकाले उठान गरिएको छ । वाल्यकाल देखि नै निडर हक्की, शालीन देखिदै आएका दशरथ चन्द युवा अवस्था हुँदै प्रौढ अवस्थामा पुग्दा अत्यन्त जुझारु, संघर्षशील र क्रान्तिकारी देखापरेको कथा महाकाव्यमा छ । सानै उमेरदेखि अन्याय, अत्याचार सहन गर्न नसक्ने र मानव अधिकारको रक्षागर्न जुट्नुपर्छ भन्ने सन्देश बोकेका वीर शहीद दशरथ चन्दलाई तत्कालीन निरङ्कूश राणाहरुको अत्याचार मन नपर्दा उनी राणाहरुको विरुद्धमा उत्रेका छन् । वास्तवमा दशरथचन्द मानवीय भावना भएका र आम नेपालीले खान, लाउन, पढ्न र न्यूनतम आवश्यकता परिपूर्ति गर्न पाउनु पर्छ भन्ने स्वभावका थिए । उनी नेपालीहरुले स्वाभिमानी जीवन विताएको देख्न चाहन्थे । अन्याय अत्याचारका विरुद्ध भारतका जनता उठेको घटना देखेपछि दशरथ चन्दमा झन् उत्साह थपिएको छ र यो उत्साहले वीर दशरथ चन्दमा आत्मविश्वास पलाएको छ ।

महाकाव्यमा दशरथ चन्दको क्रान्तिकारी चेतलाई वडो मार्मिक ढङ्गबाट उजागर गर्न कवि सफल भएका छन् । दशरथ चन्दले राणा शासनको चर्को दमन, शोषण र अत्याचार सहन गर्न नसकी राणा विरुद्ध विभिन्न लेख समेत लेखेर पत्रपत्रिकामा छापेको र राणाविरद्ध पर्चा समेत बाँडेको चाल पाएपछि चन्दमाथि राणाहरुले कडा निगरानी राखेका छन् । क्रान्तिको ज्वाला दन्किदै जाँदा क्रूर राणाहरुको दमनबाट दशरथ चन्द र गंगालालको गोलीवाट हत्या गरियो । वि.सं.

१९९७ माघ १४ गतेको त्यो कालोदिन नेपाली जनताका मनमष्तिस्कमा वीरताको निसानी बनेर बसेको तथ्य पनि महाकाव्यमा उजागर गरिएको देख्न सकिन्छ ।[७५]

यदि अत्याचारी राणाका अगाडी दशरथ चन्द थोरै पनि झुकेको भए उनको हत्या गरिदैन थियो होला तर सच्चा सपूत दशरथले झुक्नु भन्दा प्राणको उत्सर्ग गरेर शहीद बन्नुमा नै आनन्द माने । दशरथ चन्द जस्ता वीर सपुतको अन्त्यपछि नेपाली जनता झन् क्रुद्ध भै राणा विरुद्धमा युद्धमा होमिएको र आँखिर २००७ साल फगुन ७ गते जनताको वलिदानबाट प्रजातन्त्र स्थापना भएपछि दशरथ चन्दको उच्च सम्मान भएको ऐतिहासिक प्रसङ्ग पनि महाकाव्यको विषय बनेको छ ।

### ४.३.२.२ दशरथ चन्द महाकाव्यमा छन्दको प्रयोग

महाकाव्य लेखनका लागि छन्दको प्रयोग अत्यन्त महत्वपूर्ण मानिन्छ । हुन त छन्दबिना गद्यमा पनि महाकाव्य लेख्न नसकिने होइन तर छन्दबिनाको महाकाव्यको ओज त्यति देखिदैन यो सत्य हो । मनिराज जोशीद्वारा लिखित दशरथ चन्द महाकाव्यमा विविध शास्त्रीय छन्दको प्रयोग गरी महाकाव्यलाई ओजपूर्ण बनाइएको छ । विषयबस्तुले मागेअनुसार नै छन्दको प्रयोग सवै ठाउँमा प्रयोग भएको छ । हरेक सर्गमा नयाँ छन्दको प्रयोग गरिनु पर्ने नयाँ मान्यतालाई कवि मनिराज जोशीले यस महाकाव्यमा दर्शाएका छन्, जुन उनले उनको प्रथम महाकाव्य पहलमानसिंह स्वारमा गरेका थिएनन् । कविले लोकछन्दलाई पनि शास्त्रीय मान्यता दिइनुपर्ने कुरालाई देखाएका छन् जस अनुरुप झ्याउरे, कर्खा जस्ता छन्दले पनि महाकाव्यमा सम्मानित हुने अवसर पाएको छ ।

दशरथ चन्द महाकाव्यको प्रथम सर्गमा शार्दूलविकीडित्का ५३, वसन्ततिलकाका-३, उपजातिका ५५ गरी जम्मा १११ श्लोक रहेका छन् ।

[७५] पूर्ववत् माधब वियोगीको भूमिका ।

महाकाव्यको दोस्रो सर्गमा शार्दूलविकीडित्का ८७, अनुष्टुपका १८, बसन्ततिलकाका ३ र उपजातिका ३ गरी जम्मा १११ श्लोक भन्छन् । तेस्रो सर्गमा शार्दूलविकीडित्का २५, द्रुतविलम्बितका ४६, बसन्ततिलकाका ३०, अनुष्टुपका २ र उपजातिका ८ गरी जम्मा १११ श्लोक रहेका छन् । यसैगरी चौथोसर्गमा बसन्ततिलकाका, इन्द्रबज्रा, मालिनी, भुजङ्गप्रयात र स्रग्धारा गरी १११ श्लोक छन् । पाँचौ सर्गमा शार्दूलविकीडित, अनुष्टुप, मालिनी, बसन्ततिलका र शिखरिणीको प्रयोग गरिएको छ । यसैगरी महाकाव्यमा कर्खा, भ्याउरे, इन्द्रवंशा, शालिनी, स्रग्धरा आदि छन्दको पनि प्रयोग भएको छ । महाकाव्यमा समग्र श्लोक संख्या १२४१ रहेको छ । हरेक सर्गमा कविले १११ श्लोकको रचना गरेका छन् । प्रयोगका दृष्टिले शार्दूलविकीडित, अनुष्टुप र बसन्ततिलका क्रमस : पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।[७६] महाकाव्यमा प्रयोग भएका छन्दहरुको प्रयोग सम्बन्धी परिचय समेत दिइएकोले यो महाकाव्य सिकारुका लागि पनि महत्त्वपूर्ण छ भन्न सकिन्छ ।

### ४.३.२.३ दशरथ चन्द महाकाव्यमा रस र अलङ्कारको स्थिति

मुलत : भावलाई रस भनिन्छ । काव्य शास्त्रकारहरुले रसलाई पदार्थमा हुने गुण मानेका छन् । महाकाव्य रचनामा विभिन्न रसको प्रयोग अनिवार्य तत्व हो । रसका दृष्टिले पनि यो महाकाव्य उच्च कोटीको छ । पहिलो, दोस्रो र तेस्रो सर्गमा भक्ति, शान्त, करुण रस प्रवाहित भएको छ भने चौथो सर्ग वीर रसले ओतप्रोत भएको छ । पाँचौ सर्गदेखि वीभत्स अद्भूत र शान्त रसका साथमा वीर रस नै अङ्गीरस बनेर प्रयोग भएको छ । महाकाव्यका नायक दशरथ चन्दको वीरत्वको चर्चा यस महाकाव्यको मूल उद्देश्य भएकोले वीर रस अपेक्षित हुनु स्वभाविकै देखिन्छ ।

---

[७६] पूर्ववत् ।

काव्यमा जसले सिँगार्छ वा चिटिक्क पार्नेकाम गर्छ त्यो नै अलङ्कार हो । साहित्यमा अलङ्कारको प्रयोग कठीन मानिन्छ । महाकाव्यमा जोशीजीले अलङ्कारको प्रयोगमा त्यति ध्यान दिएको देखिदैन तर पनि कतिपय अवस्थामा अलङ्कारहरु स्वत : स्फूर्त रुपमा प्रयुक्त भएका देखिन्छन् । महाकाव्यमा अनुप्रास अलङ्कार नै बढी सशक्त रुपमा प्रयोग भएको देखिन्छ ।

महाकाव्यमा अत्यानुप्रास जति सवल रुपमा प्रयोग भएको छ त्यति वृत्यानुप्रास र छेकानुप्रासको सवल रुपमा प्रयोग भएको देखिदैन । महाकाव्यमा बक्रोक्ति, समासोक्ति, श्लेष, यमक, दृष्टान्त, रुपक, उत्प्रेक्षा अलङ्कारहरु पनि कहिँ कतै प्रयोग भएका देखिन्छन् ।[७७]

### ४.३.२.४ दशरथ चन्द महाकाव्यमा सूक्तिको प्रयोग

मानवलाई सार्थकतातर्फ उन्मुख गराउनका निम्ति उचित निर्देश गर्ने खालका अभिव्यक्तिलाई सूक्ति भनिन्छ । असल साहित्य सूक्तिमय हुन्छ । साहित्य सिर्जनाको ध्येय पनि व्यक्ति र समाजलाई सार्थकतातर्फ उन्मुख गराउनु हो । साहित्यको अध्ययन वा श्रवणपछि पाठक वा स्रोताले मष्तिष्कमा बिम्बका रुपमा जुन भाव ग्रहण गर्छ त्यो समग्र सूक्ति हो । सूक्ति लेखकीय दृष्टिकोण पनि हो भन्न सकिन्छ । अर्को कुरा जीवन र जगतलाई लामो समयावधि सम्म आवलोकन गरिसकेको व्यक्तित्वबाट अभिव्यक्त उद्‌गारलाई पनि सूक्ति मान्न सकिन्छ । जुन महाकाव्यमा जीवनोपयोगी सूक्तिको बाहुल्यता रहन्छ त्यो महाकाव्य उत्तम कोटीमा पर्दछ । **'दशरथ चन्द' महाकाव्यमा** कवि मनिराज जोशीले थुप्रै सूक्तिको प्रयोग गर्नुभएको छ । ती सुक्ति कुनै पौराणिक कुनै ऐतिहासिक कुनै धार्मिक र कुनै सामाजिक परिसन्दर्भसँग आवद्ध छन् । प्रयुक्त सूक्तिहरु कतिपय व्यवहारमा प्रचलित छन् भने कतिपय कवि स्वयम्ले

[७७] पूर्ववत् ।

निर्माण गरेका छन् । सूक्तिको प्रयोग स्वभाविक रुपमा भएको पाइन्छ । महाकाव्यमा प्रयोग भएका केही सूक्तिहरु हेरौ :

*होस्टे गर्न अघि सरे मन उही गन्तव्य पुग्ने छ रे (**सर्ग१**)*

*देखिन्नन् मनभावना जब भने जान्दैन संसारले*

*हाम्रो देह विदेह हुन्छ क्षणमै नासिन्छ संसार यो (**सर्ग२**)*

*केही गर्न सके हुनेछ पछिको जीवन्त आशा पूरा*

*गर्दैनौ शुभकार्य मानव हुने गर्छौं 'उपाधि' कुरा (.**सर्ग२**)*

महाकाव्यमा यस्ता अनेकौं सूक्तिको प्रयोग गरिएका छन् ।

### ४.३.२.५ निष्कर्ष

अत्यन्त प्रभावशाली व्यक्तित्व वीर शहीद दशरथ चन्दलाई नायक बनाएर लेखिएको प्रस्तुत महाकाव्यले शास्त्रीय महाकाव्य लेखनको इतिहासमा राम्रै स्थान पाउनसक्ने देखिन्छ । करिव एक महिनाको अवधिमै यति उत्कृष्ट महाकाव्य लेख्नु त्यसमा पनि स्वाध्यायन व्यक्तिले कुनै चानचुने कुरा होइन । महाकाव्यकार जोशी वास्तवमा धन्यवादका पात्र छन् । मनिराज जोशी जस्ता सुदूर धर्तीमा रुमल्लिएका प्रतिभालाई राष्ट्रले चिन्न नसक्नु बिडम्बनाको कुरा हो । काठमाण्डौंले उनलाई नचिने पनि उनको विलक्षण प्रतिभाको कदर समयले अवश्य गर्नेछ । यस्ता स्रष्टाहरुले राज्यबाट केही मात्रामा भए पनि सहयोग र हौसला पाउने हो भने नेपाली साहित्यको स्तर शीखरमा पुग्ने कुरामा शंका छैन ।

अत्यन्त प्रभावशाली पात्रको चयन गरेर रचना गरिएको यस महाकाव्यले भाषिक संयोजनका दृष्टिले आदर्श राघव, शाकुन्तल, मृत्युञ्जय जस्ता महाकाव्यका हाराहारीमा आफूलाई उभ्याएको छ । आकारमा दृष्टिले यो महाकाव्य सानै छ तापनि विषय बस्तुको संक्षेपीकरणका दृष्टिले हेर्दा सानो भन्न नमिल्ने देखिन्छ ।

## ४.४ मनिराज जोशीको कथात्मक कृतिको अध्ययन

### ४.४.१ दुई लाखको अर्ति कथा सङ्ग्रह (२०६१) को अध्ययन

मनिराज जोशीको हालसम्म प्रकाशित एकमात्र कथा संग्रहको नाम हो **'दुई लाखको अर्ति'** । सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीद्वारा वि.सं २०६१ माघमा प्रकाशित यस कथा सङ्ग्रहमा विभिन्न तेह्रवटा कथाहरु समावेश गरिएका छन् । **दुई लाखको अर्ति** कथा संग्रहमा संकलित कथाहरु यस प्रकार छन् :-

१) प्रतिस्पर्धाको परिणाम २) जिन्दगीको रहर ३) डोटेली वालकथा ४) गाँणीको छोरो ५) माइली भाउजू ६) कालेको सपना ७) बूढीआमाको सपना ८) जिरे ९) शहरिया आमा १०) दुईलाखको अर्ति ११) मूल्य निर्धारण १२) बाजेको घण्टी र १३) अधुरो सपना ।

यस कथा सङ्ग्रहमा प्रस्तुत गरिएका कतिपय कथाहरु पत्रिकाका माध्यमबाट पहिल्यै प्रकाशित भैसकेका देखिन्छन् । **सुरभि, सेतीसमाचार, महामाया, मालिका** लगायतका विभिन्न पत्र पत्रिकाबाट कतिपय कथाहरु साभार गरिएका छन् ।[७८] प्रस्तुत कथा सङ्ग्रह भित्रका कथाहरुको संक्षेपमा यहाँ मूलभाव उल्लेख गरिएको छ :-

#### ४.४.१.१ प्रतिस्पर्धाको परिणाम कथा

यस कथामा रामे र श्यामे नाम गरेका दुई भाइको आपसी प्रतिस्पर्धाका कारण दुवै जनाले अन्तमा अन्धा हुनुपरेको तीतो कथा छ । मानिसले आफ्नो क्षमता र बल तथा रहनसहन लवाइ खवाइ भन्दा बाहिर गएर कहिल्यै काम गर्नु हुँदैन, यदि कसैले गर्छ भने त्यो पीडादायी हुने सन्देश यस कथामा छ । दुई जना दाजुभाइको अस्वस्थ प्रतिस्पर्धाका कारण दुवै भाइले नोक्सानी बेहोर्नु परेको यथार्थ कथा यसमा छ । इर्ष्या द्वेष र अभिमानले गर्दा मानिस आफ्नो हानी स्वयम् गर्न पुग्दछ, प्रतिस्पर्धा जहिले पनि

[७८] शोधनायकबाट प्राप्त जानकारी ।

स्वच्छ र स्वस्थ हुनु पर्दछ र त्यो प्रतिस्पर्धा उन्नति र प्रगतिका लागि हुनु पर्दछ, आफूसमान कोही नहोस् भन्ने चाहना राख्नु हरकसैको पनि गलत सोचाइ हो । आफ्नो पङ्तिमा अरुलाई देख्न नसक्ने र प्रतिस्पर्धामा उत्रिनेको परिणाम दुःखदायी हुन्छ भन्ने नै यस कथाको मूल भाव हो ।

### ४.४.१.२ जिन्दगीको रहर कथा

प्रस्तुत कथा नेपाली चेलीहरु कसरी भारतका बेश्यालयमा बेचिन बाध्य छन् भन्ने कुराको संकेत दिएको छ । कथावस्तु अनुसार मानिषा थापा नाम गरेकी काली केटीको आत्मालाप यसमा देखाइएको छ । आफू काली भएको र गरीव परिवारमा जन्मिएकोमा कालीलाई हीनताबोध भएको छ । कालीले शहरकी धनाढ्य घरकी एक मैंयाको सुख सयलसंग आफ्नो कल्पना गरेकी छिन् । कल्पनामा डुल्दा डुब्दै कालीलाई गाईवस्तु चराउन जंगलतिर गएका बेला दुई जना दलालहरुले विवाह गर्ने र सुख सयल दिने प्रलोभनमा फुक्याएर भारतको एक बेश्यालयमा बेचेर भागेको कारुणिक कथा उल्लेख छ । समग्रमा यस कथाको माध्यमबाट कथाकारले नेपालको गरीवी उजागर गर्नुका साथै विशेषगरी नेपालको सुदूर पश्चिमी पहाडी जिल्लाहरुका निम्न वर्गका मानिसको कथालाई विषयबस्तु बनाएका छन् । गाउँकी अनपढ सोझी साझी र इमानदार युवतीहरुलाई दलाल, फटाहा र गुण्डाहरुले कसरी बलिको बोको बनाउँछन् भन्ने कुराको तीतो यथार्थ यस कथामा पाइन्छ ।

### ४.४.१.३ डोटेली बाल कथा

पूर्णतया दन्त्यकथामा आधारित प्रस्तुत कथाका माध्यमबाट कथाकारले अर्काको देखासिकीबाट होइन कि आफ्नै बुद्धि विवेकबाट काम गर्नुपर्दछ भन्ने सन्देश दिएका छन् । कथाबस्तु अनुसार एउटा बुढाका तीन छोरी मात्र भएको र छोरा नभएको प्रसङ्गबाट कथाको सुरुवात भएको छ । बुढाले आफ्नी तीन छोरीमध्ये

जेठीको बाघसंग, माहिलीको भालुसंग र कान्छीको चीलसंग विवाह गरिदिएका हुन्छन् । एकदिन बूढो जेठी छोरी अर्थात् बाघ ज्वाँइका घरमा भेटघाट गर्न जान्छ र बाघले आफ्नो स्वभावबाट बाखो मारेर बूढालाई सत्कार गर्छ । बूढोघर फर्के पछि बूढीलाई पनि मासु खुवाउने रहरले बाघको जस्तै स्वभावबाट बाखो मार्न खोज्दा आफैले घाइते हुनु परेको घटना छ । त्यसै. प्रकार बूढो एकदिन माहिलीछोरी अर्थात् भालु ज्वाँइ र कान्छी छोरी अर्थात चील ज्वाँइ कहाँ भेट्न जान्छ । दुवै ज्वाँइले ससुरालाई सत्कार गर्छन् आ-आफ्नो स्वभावबाट । बूढाले पनि चील र भालुको नक्कल गर्न खोज्दा अन्तमा बुढा बूढी दुवैको मृत्यु भएको कथा यसमा छ ।

### ४.४.१.४ गाँणीको छोरो कथा

गाँणीको छोरो कथामा कथाकारले मानिसरुप र शारीरिक बनावटले नभै उसको स्वभाव चरित्र र गुणले राम्रो ठहरिन्छ भन्ने सन्देश दिन खोजेका छन् । आफ्नी आमा रुपमा जस्तीभएपनि आमा आमा नै हुन्छे । आफ्नी आमा बराबरको स्नेह र ममता सौतेनी आमाबाट पाइँदैन भन्ने सन्देश पनि कथाले देखाएको छ ।

मनिस अपाङ्ग हुनु, शारीरिक दुर्वलता हुनु गलामा गाँण आउनु प्रकृतिको नियती भएको बताउँदै कथाकारले वर्तमान समाजमा रुप र फेसनको बढी कदर हुने गरेकोमा त्यसप्रति व्यङ्ग्य गर्न पनि सफल भएका छन् ।

### ४.४.१.५ माइली भाउजू कथा

माइली भाउजू कथा नेपालमा महिलाहरुको वर्तमान अवस्था र सामाजिक कुरीतिलाई देखाउन सफल कथा हो । यस कथामा कथाकारले हाम्रो समाजमा लोग्ने मरेकी विधवा महिलालाई समाजले हेर्ने दृष्टिकोणका बारेमा प्रष्ट पारेका छन् ।

विधवा महिला एक लोग्नेको देहान्तबाट पीडित भएकी हुन्छे त्यसैमा उसैलाई गाउँ, समाज र आफ्नै घरमा **पोइटोकुवा, अलच्छिनी** जस्ता अपहेलित शब्द प्रयोग

गरी उसको मानसिक स्थितिमा नै आघात पार्ने काम गरिन्छ । यस्तो कुसंस्कार, कुरीति र अन्धविश्वासका बिरुद्ध सबैले एकजुट हुनुपर्छ भन्ने सन्देश नै प्रस्तुत माइली भाउजू कथाले दिएको छ ।

### ४.४.१.६ कालेको सपना कथा

कालेको सपना कथा पनि नेपालको वास्तबिकतासंग सम्बन्धित कथा हो, एक छाक खान र लाउनको अभावमा नेपालका सुदूरपश्चिमी भागका कैयौं निम्न वर्गीय व्यक्तिहरु पैसा कमाउने सपना बोक्दै आफ्नो घरखेत समेत बेचेर विदेश जाने गर्छन् र तिनिहरु विदेश पुगिसकेपछि अत्यन्त दःख पाउँछन् भन्नेकुरालाई देखाइएको छ ।

कथामा नेपालका कतिपय म्यानपावर कम्पनीहरुले गरीव, असहाय र कमजोर आर्थिक अवस्था भएका मानसहरुलाई विदेश पठाइदिने बाहानामा लाखौं रुपैंया असुल्ने र विदेशमा पुऱ्याएर अलपत्र छोड्ने गरेको कारुणिक यथार्थता पनि छ । कथाले विदेश गएर ठूलै धन सम्पत्ति कमाइन्छ भन्ने सपना देखेका निम्न वर्गीय व्यक्तिहरुलाई त्यस्तो सपना नदेख्न र वरु नेपालमै आफ्नो श्रम बेचेर गुजारा गरी नेपाल आमाको सेवागर्न समेत उत्प्रेरित गरेको छ ।

### ४.४.१.७ बूढी आमाको आँसु कथा

यस कथामा कथाकारले नेपालमा भएको माओवादीको दस वर्षे जनयुद्धका बेलाको नेपालको वास्तविकतालाई एक बूढी आमाको मध्यमबाट देखाएका छन् । जनयुद्धका बेला हजारौं मानिसको अकालमा ज्यान गएको, कैयौ नावालक टुहुरा भएका, कैयौंको घरवार लुटिएको र कैयौं महिलाले बैंश उमेरमै विधवा भएर बाँकी जीवन कष्टकर रुपमा भोग्नु परेको पीडादायी प्रसङ्गलाई कथाकारले देखाएका छन् । मूल रुपमा नेपालमा भएको हत्या, हिंसाको राजनीतिबाट नेपाल आमा चिन्तित भएको र राष्ट्र असफलतातिर गैरहेको संकेत कथाकारले गर्न खोजेका छन् ।

### ४.४.१.८ जिरे कथा

'जिरे' यस कथाको एक पात्र हो । यस कथामा पनि कथाकारले ग्रामीण समाजमा खेलिने जुवातास र त्यसबाट बर्बाद भएर घरवार बित्यास पार्नेहरुको कथा समाविष्ट छ । खराव संगतले गर्दा बर्षौंदेखि मेहनत गरी कमाएको सम्पत्ति समेत बर्बाद पार्छन् जुवाडेहरु । जुवाको नसामा डुब्दै जाँदा एकदिन उनीहरु आफ्नो घर खेत र गरगहना समेत बेच्छन् र परिवारलाई सडकछाप बनाउन पुग्छन् भन्ने तीतो यथार्थ नै यस कथामा उल्लेख छ ।

### ४.४.१.९ शहरिया आमा कथा

प्रस्तुत कथामा वर्तमान अवस्थामा कतिपय व्यक्तिहरु आफू सवल र सक्षम भएपछि आफूलाई जन्मदिने आमालाई समेत तिरस्कार गर्न पुग्छन् भन्ने कुरा देखाइएको छ । नौ महिना गर्भमा राखी अत्यन्त प्रसव वेदनाका साथ जन्माएकी आमालाई समेत आजकालका आधुनिक भनाउदाहरु बुढेसकालमा विर्सन्छन् र आमालाई दःख दिन्छन् भन्ने वास्तविकता तिर कथा जोडिएको छ । आधुनिकताका नाममा आफ्नी आमा कुरुप र नराम्री भएपछि आमा समेत भन्न छाडी सहरिया आमा बनाउँछन् उनीहरु । तर आमाको वास्तविक याद त्यतिबेला आउँछ जति बेला दुःखमा साथ दिने कोही हुँदैन ।

यस कथाले मुख्य रुपमा संस्कृतको एउटा श्लोकसंग आफूलाई उभ्याएको छ - **"कुपुत्रोजायत् क्वचिदपि कुमाता नभवति"** अर्थात् संसारमा कुपुत्रहरु धेरै जन्मिन सक्छन् तर कुआमा कैहिल्यै जन्मिन सक्दैनन् भन्ने वास्तविकतालाई उजागर गरेको छ ।

### ४.४.१.१० दुईलाखको अर्ति कथा

**दुईलाखको अर्ति** कथा यस संग्रह भित्रको प्रमुख कथा हो । यस कथामा एउटा धनाढ्य सेठकी छोरीलाई उसै सेठको घरमा चौकीदारी गर्ने चौकिदारले प्रेमजालमा फसाएर भगाएर लैजान्छ । सुखसयलमा हुर्केकी सेठकी छोरी चौकिदारसँग विवाह गरी भागेपछि उनीहरुलाई एक दिन आर्थिक शंकट उत्पन्न हुन्छ र उनीहरु एउटा गाउँमा आएको विद्वानबाट धनकमाउने दुईवटा अर्ति एक एक लाखमा खरिद गर्छन् । विद्वानले दुई वटा अर्ति भन्छ - अर्ति नं. १) पैसा कमाउनका लागि लाज सरम केही नमानी जस्तो सुकै काम गर्न पछि नपर्नु र अर्ति नं. २) आफ्नो गोप्य कुरा श्रीमतीसंग कहिल्यै नखोल्नु ।

यिनै अर्तिको सहायताबाट चौकिदार एकदिन त्यस क्षेत्रकै नामूद धनी हुनपुग्छ । यस कथामा मूल रुपमा लेखकले अर्काको रीस गर्नेमान्छेले दुःख पाउँछ भन्ने सन्देश दिएका छन् भने अर्कोतिर अर्तिका माध्यमबाट मानिसलाई काम गर्न अप्ठ्यारो मान्नु नपर्ने सन्देश पनि दिएका छन् ।

### ४.४.१.११ मूल्य निर्धारण कथा

यसकथामा विशेषगरी कथाकारले दुईवटा सुगाको मूल्य निर्धारण गरेका छन् । जस्तो मानिसको आचरण र व्यवहार छ सुगा पनि त्यस्तै बन्छ भन्ने कुरा देखाउँदै कथाकारले **संगत गुनाको फल**लाई चरितार्थ गरेका छन् ।

सुगा भनेको मान्छेको मुख हो, जे मान्छेले सिकायो सुगाले त्यही कुरा सिक्छ । यही मुखबाट निस्कने शव्दले गर्दा मानिस संसारकै पूजनीय बन्न सक्दछ भने यही मुखबाट निस्कने कठोर शब्दकै परिणाम मानिसले जेलनेल देखि मृत्युवरणसम्म भोगेका तमामौं उदाहरण छन् भन्ने कुरा कथामा देखाइएको छ ।

### ४.४.१.१२ बाजेको घण्टी कथा

प्रस्तुत कथा आध्यात्मिकता तिर ढल्किएको कथा हो, यसकथामा कथाकारले हाम्रो समाजमा मानिसहरुले आफ्नो संस्कार र संस्कृति बिर्सदैं गएको, भगवानको पूजा अर्चना गर्न छाडेको र मानिसहरु आधुनिकताका नाममा छाडा र पश्चिमी संस्कृतिमा रमाइरहेको प्रति आक्रोश पोखेका छन् । यस कथामा कथाकारले भगवानको नित्य पूजा, अर्चना र स्तुतिबाट मानिसको मनोकामना पूर्ण हुने र शंकट निवारण हुने पनि देखाएका छन् । हाम्रा बाजे बराजुले मान्दै आएको संस्कार र संस्कृतिलाई आजको पिढींले बिर्सदै गएकोमा लेखकले चिन्ता व्यक्त गर्दै मानिसलाई आध्यात्मिकता तिर लाग्न प्रेरित गरेका छन् ।

### ४.४.१.१३ अधुरो सपना कथा

अधुरो सपना कथामा कथाकारले समाजमा मेहेनत गरी पसिना बगाउने मानिसले त्यसको फल चाख्न नपाएको तीतो यथार्थ छ । मानिस आज दासताबाट घेरिएको र समाजका शोषक, सामन्तहरुले निम्न बर्गीय मानिसलाई हाड घोटाएर पनि खान लाउन नदिएको प्रति तीखो व्यङ्ग्य प्रहार गर्न कथाकार सफल देखिएका छन् । एउटा निम्न वर्गीय, असहाय मानिसको सपना कहिल्यै पूरा हुन नसकेको रोदन प्रस्तुत गर्दै कथाकारले दासताबाट मुक्तिका लागि सबैले जुट्नु पर्ने संकेत दिएका छन् ।

## ४.५ मनिराज जोशीका प्रवन्धात्मक कृतिको अध्ययन

### ४.५.१ 'श्री बेहडा बाबाको उत्पत्ति र महिमा' प्रवन्ध कृतिको अध्ययन

प्रस्तुत कृति वि.सं. २०४६ सालमा प्रकाशन भएको हो । कृतिगत रुपमा मनिराज जोशीको यो पहिलो कृति हो । जम्मा बिस पेजको अत्यन्त लघु आकारको यो कृति लेखक स्वयम्ले प्रकाशन गरेका हुन् । यस कृतिको मुद्रण श्री शारदा छापाखाना महेन्द्रनगर कञ्चनपुरले गरेको देखिन्छ ।

यस कृतिमा कैलाली जिल्लामा अवस्थित भगवान बेहडाबाबा (देवादिदेव सदा शिव) को महिमा र उत्पत्तिको वर्णनलाई साधारण जन समक्ष पुऱ्याउने उद्देश्य राखी प्रकाशन भएको देखिन्छ ।

कुनै पनि कृतिको सिर्जना कुनै न कुनै प्रयोजनद्वारा गरिएको हुन्छ । प्रस्तुत कृतिको मुख्य प्रयोजन कैलाली जिल्लामा रहेको 'बेहडाबाबा मन्दिरको ऐतिहासिक परिचय, किम्बदन्ती र जनश्रुतीहरुलाई समेटी वेहडाबाबाको महिमा गान गर्नु हो । बेहडाबाबालाई भगवान शिवजीको अर्को रुप मानिन्छ । प्रस्तुत कृतिको प्रथम खण्डमा श्री गणेश प्रार्थना छ । आफ्नो कृति लेखन कार्य निर्विघ्नतापूर्वक सम्पन्न होस् भन्ने उद्देश्यले लेखकले कृतिको सुरुमा श्री गणेश प्रार्थना राख्नुभएको हो । जसमा भनिएको छ :-

*श्री विघ्नराज चरणं मनसा स्मरामी*
*श्री ढुण्डीराज चरणं वचसा गृहणामी*
*श्री एकदन्त चरणं शिरशा नमामी*
*श्री मुषकेश चरणं शरण प्रपद्ये ॥१॥*
*लम्बोदर मे जनकं च माता*
*लम्बोदर मे सुहदं च भ्राता*
*अतस्त्वमेव. शरणं प्रपद्ये*
*लम्बोदर रक्षतु सर्वकालम् ॥२॥*
*श्री गणेश नमस्कृत्वां नमस्कृत्वा विनायकम्*
*गजाननं नमस्कृत्वा उमासुत नमस्तुते ॥३॥* [७९]

प्रस्तुत कृतिमा 'बेहडाबाबाको उत्पत्ति सम्बन्धी' कुराहरु करिव ६ पृष्ठमा वर्णन गरिएको छ । कृतिमा बेहडाबाबाका आरती, शिवस्तुति लगायत स्तोत्र आरती समेत गरी बिस पृष्ठमा सम्पूर्ण कृति समेटिएको छ ।

---

[७९] मनिराज जोशी 'बेहेडाबाबाको उत्पत्ति र महिमा' (२०४६) अग्र पृष्ठ श्री गणेश प्रार्थना ।

बेहडाबाबाको पुण्य स्थलको पूर्व-उत्तर कैलालीको चौमाला गाविस र पश्चिममा उर्मा गाविस पर्दछ । प्राकृतिक सौन्दर्यले सिंगारिएको यस रमणीय उपवनमा बेलपत्र, खजुर, साखु, खयर सिसम आदि बृक्षहरु पाइन्छन् । शिवजीको अत्यन्तै प्रिय मानिएको बेलपत्रको वर्णन शिव पुराणादिमा गरेको पाइन्छ । त्यस्तै अमला आदि रुखले र लताहरुले गर्दा यो वनको सौन्दर्यलाई अरु सिंगारेको छ । जेष्ठ शुक्ल पक्षको दशहरामा यस पुण्यस्थलमा निकै ठूलो मेला लाग्दछ । धेरै टाढाटाढाबाट शिवभक्तहरु दर्शन गर्न यहाँ आउँछन् । धनगढी बजारदेखि पदयात्रा गर्नुपर्ने हुँदा दर्शनार्थीहरु समूहका समूह भै लहराकार भएर धनगढीदेखि बाटोघाटोलाई रंगाइ शिव गंगामा स्नान गर्न ओइरिन्छन् । स्नान गरिसकेपछि शिवलिङ्ग दर्शन पूजा गर्ने, त्यसपछि रुद्री पाठ गर्ने गराउने, कथा लगाउने, गौदानगर्ने, अभिषेक लिने र पुजारीबाट टिका प्रसाद लिई उपबास पूर्ण गर्ने परम्परा छ ।[८०]

प्रस्तुत **'बेहडाबाबाको उत्पत्ति र महिमा'** कृतिमा लेखक मनिराज जोशीले मूल रुपमा शिवजीको रूप **'बेहडाबाबाको उत्पत्ति,** यसको धार्मिक महत्व र वि.सं. २०४५ सालमा लेखक स्वयम् वेहडाबाबा स्थल जाँदा अनुभव गरेका कुराहरुको सारसंक्षेपमा वर्णन गरेका छन् । कैलाली जिल्लामा अवस्थित 'बेहडाबाबा' को धार्मिक महत्व र महिमागान गर्नु नै यस कृतिको मूल उद्देश्य देखिन्छ ।

### ४.५.२ बालज्योतिसार (०४९) को अध्ययन

प्रस्तुत कृतिको लेखन र प्रकाशन वि.सं. २०४९ मा भएको हो । यस कृतिको प्रकाशन जोशी ज्योतिषी सेवाले गरेको हो । विशेषगरी यो कृति ज्योतिष शास्त्रमा रुचि राख्ने व्यक्तिहरुका लागि तयार पारिएको हो । लेखक स्वयम् ख्यातिप्राप्त ज्योतिष

---

[८०] पूर्ववत् ।

भएको हुँदा उनले आम जनमानसमा सहजताको लागि प्रस्तुत कृतिको लेखन कार्य गरेको देखिन्छ ।

मनिराज जोशी द्वारा लिखित **'बालज्योतिसार'** नामक कृति ज्योतिष सिक्न चाहने जुनसुकै व्यक्तिका लागि अति उपयोगी देखा पर्छ । ज्योतिष सम्बन्धी आवश्यक कुराहरुको सम्बन्धमा सबै, किसिमको जानकारी यस पुस्तकमा पाइन्छ । ज्योतिषमा सिकारू भई अभ्यास गर्न चाहनेहरुलाई यो पुस्तक धेरै लाभदायी सिद्ध हुनेछ, साथै अरु विद्धानहरुले पनि यसमा चाहिने आवश्यक ज्योतिष सम्बन्धी कुराहरुको समाधान गर्नुपरे चाहेको कुरा भेटाउन सक्नेछन् । यस्तो उपयोगी ग्रन्थ नेपालीमा यस किसिमबाट संग्रह भएको सबै ठाउँ पाइँदैन । सेती अञ्चलमा यस प्रकारको यस्तो किताब तयार गर्ने व्यक्ति मनिराजजी नै पहिलो व्यक्ति हुनुहुन्छ ।[८१]

पुस्तकमा प्रयोग भएका प्रत्येक शब्दले आ-आफ्नै भूमिका निर्वाह गरेका छन् भने यस पुस्तकको माध्यमद्वारा दिन खोजेको कुरा प्रष्ट र सहज छ । यस पुस्तकले जोशीजी को कार्य कुशलता छर्लङ्गयाएको छ ।[८२]

पुस्तुत कृति जम्मा असी पृष्ठमा संरचित रहेको देखिन्छ । पात्रो हेर्ने तरिका, कुण्डली जन्मपत्री निर्माण, भावफल बताउने तरिका साथै बार नक्षत्र आदिको उत्पत्ति पनि प्रस्तुत कृतिमा समाविष्ट गरिएको छ । तिथि, बार, नक्षत्र, योगादिको परिचय सामाजिक व्यवहारका मुख्य मुख्य मुहुर्त एवं मूलाश्लेषादि अशुभ सूचक र नवग्रह शान्त्यर्थ दान, यन्त्रतन्त्र र मन्त्र समेत यथासक्य छोटकरीमा प्रस्तुत गरिएको छ ।

---

[८१] डा.रामचन्द्र भट्ट 'वालज्योतिसार' (जोशी ज्योतिषी सेवा, धनगढी, २०४९) शुभकामना मन्तव्य

[८२] ज्यो .चेतराज रेग्मी बाल ज्योतिसार (जोशी ज्योतिषी सेवा धनगढी, २०४९) शुभकामना मन्तव्य

### ४.५.३ वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता कृति (२०६१) को अध्ययन

साहित्यकार पं. मनिराज जोशी (२०१२) द्वारा लिखित **'वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता'** वि.सं. २०६१ सालमा प्रकाशन भएको हो । यस कृतिका प्रकाशक रोहित कुमार मिश्रा हुन् । यस कृतिमा लेखकले कृतिलाई दुई खण्डमा विभाजन गरेका छन् । पहिलो खण्डमा सङ्कलन खण्ड रहेको छ भने दोस्रो खण्डमा लेख खण्ड रहेको छ । लघु आकारमा संरचित प्रस्तुत कृति करिव एकसय पृष्ठको रहेको छ ।

लेखकले पहिलो खण्डमा नवग्रह पूजा विधि बारे विभिन्न ग्रन्थबाट साभारित उपासना श्लोक र विधिको उल्लेख गर्नु भएको छ । यस खण्डमा लेखकको आफ्नो रचना नभइ वभिन्न धार्मिक ग्रन्थबाट संकलन गर्नुभएको देखिन्छ । दोस्रो खण्डमा ज्योतिषी सम्बन्धमा लेखकका गहन बिचारहरु निवन्धात्मक शैलीमा राखिएका छन् ।

ज्योतिषशास्त्र के रहेछ ? यसको उपयोग गर्दा हुने उपलब्धी र उपयोग नगर्दा हुने हानीका साथै ज्योतिष शास्त्रले मानवीय विचार संरचनामा पार्ने प्रभावको बारेमा छोटोमीठो जानकारी दिनु नै यस कृतिको मुख्य विषय रहेको छ ।[८३] ज्योतिष जस्तो गहन विषयमा विज्ञानसम्मत परिभाषित गर्ने जमर्को गर्नुका अतिरिक्त मानव विचारमा प्रत्यक्ष प्रभाव पार्ने स्वतन्त्र एवम् मौलिक लेख लेख्ने प्रयास लेखकबाट भएको देखिन्छ ।

नवग्रह स्तोत्र पूजाविधि छुट्टै उपलब्ध नभइ रहेको र सानो स्तोत्रका लागि ठूलो पुस्तक खरिदगर्नुपर्ने बाध्यतालाई मध्यनजर गरी यस कृतिमा पहिलो खण्डमा लेखक द्वारा नवग्रहको पूजापाठ र स्तोत्र सहितको छुट्टै खण्ड समावेश गरिएको छ ।

[८३] मनिराज जोशी 'वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता' २०६१ लेखकीय मन्तव्य ।

# पाँचौं परिच्छेद

## उपसंहार

### शोध निष्कर्ष

प्रस्तुत शोधका दोस्रो, तेस्रो र चौथो परिच्छेदमा गरिएको मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी अध्ययनको निष्कर्ष तलका बुँदाहरुमा समेटिएको छ :-

**क**) साहित्यकार मनिराज जोशी (२०१२) सेती अञ्चलको डोटी जिल्लाअन्तर्गत गाँजरी गाँउमा जन्मी संस्कृत र ज्योतिष विधामा विशिष्ट स्वाध्ययन गरेका व्यक्ति हुन् । उनी वेदान्त, ज्योतिष शास्त्र र कर्मकाण्डका पनि विद्वान् हुन् । उनी झन्डै तीन दशकदेखि नेपाली साहित्यमा पनि साधनारत प्रतिभा हुन् ।

**ख**) धार्मिक-सामाजिक र ज्योतिष क्षेत्रमा  विशेष ख्याति कमाएका मनिराज जोशीका व्यक्तित्वका अनेक आयाम छन् । साहितियिक क्षेत्रमा उनको व्यक्तित्वलाई कवि, निवन्धकार, प्रवन्धकार, कथाकार र समालोचकका रूपमा यस शोधमा पहिचान गरिएको छ । साहित्येतर लेखकका रूपमा पनि उनको व्यक्तित्वको प्रस्फुटन एवम् विकास भएको देखिन्छ तर त्यो यस शोध भन्दा छुट्टै अध्ययनको विषय हो ।

**ग**) वि.सं. २०३३ देखि २०३५ सम्म आफू पढेकै डोटी गाँजरी गाउँको शिशुसुधार प्रा.विमा शिक्षण सेवा गरेका मनिराजको शिक्षक व्यक्तित्व पनि  गौरवमय रहेको छ । उनका धार्मिक, आध्यात्मिक व्यक्तित्व र साहित्यकार व्यक्तित्वले समाजमा प्रसिद्धि कमाएका छन् ।

**घ**) साहित्यकार मनिराज जोशी र उनका रचनाहरुका बारेमा समालोचकहरुले गरेका टिप्पणी, व्याख्या, विश्लेषण र समीक्षा एकदमै न्यून छन् तापनि उनका वारे पटक्कै चर्चा नभएको चाहिँ होइन । उनीका कतिपय पुराना प्रकाशित सामग्री पाउन सकिएन । साहित्यकार जोशी स्वयम्को सङ्कलनवाट प्राप्त सामग्रीहरु नै

उनीवारे भएका पूर्वाध्ययनको सर्वेक्षण गर्ने प्रमुख स्रोत हुन् । तिनको अध्ययन गर्दा उनको साहित्यिक तथा अन्य व्यक्तित्वलाई चिनाउने प्रयास केही मात्रामा भएको देखिन्छ ।

**ङ)** साहित्यकार मनिराज जोशीले बाल्यकालमै नेपाली भाषामा केही कविता लेखेर साहित्यिक क्षेत्रमा प्रवेश गरे पनि वि.सं. २०३५ सालमा धनगढीबाट प्रकाशित सेती समाचारमा 'यो जिन्दगी के छ र' शीर्षकको कविता लेखेर औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । तत्पश्चात् साहित्य - सिर्जनामा सक्रिय भएका जोशीले निबन्ध, कविता, कथा र समालोचनामा कलम चलाएको पाइन्छ । उनका कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, प्रबन्धकार व्यक्तित्व र समालोचक व्यक्तित्वमध्ये कवि व्यक्तित्व नै सवैभन्दा सशक्त छ ।

**च)** मनिराजका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरु दश वटा छन् ती हुन् :- १) **बेहडाबाबाको उत्पत्ति र महिमा** (२०४६) २) **वालज्योतिसार** (२०४९), ३) **सरिता खण्डकाव्य** (२०५६) ४) **विनोदानन्दमणि स्तुति काव्य** (२०६१), ५) **वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता** (२०६१), ६) **अमर साधक पहलमानसिंह स्वाँर महाकाव्य** (२०६१), ७) **दुईलाखको अर्ति** (कथा संग्रह २०६१) ८) **धौली खण्डकाव्य** (२०६४), ९) **आनन्दगीता** (कविता संग्रह २०५३) र १०) **दशरथ चन्द महाकाव्य** (२०६५) आदि । उनले थुप्रै फुट्कर कविता, समालोचना तथा विभिन्न स्रष्टाहरुका पुस्तकमा भूमिका, मन्तव्य लेखेर कविता र समालोचना क्षेत्रमा पनि योगदान दिएका छन् । जोशीका थुप्रै फुट्कर कविता, निवन्धहरु पत्रपत्रिकामा छरिएका छन् उनका रचना **गरिमा, सुदूर साप्ताहिक, सेती समाचार, सुरभि, मालिका, सौरभ, फूलबारी, धनगढी पोष्ट** लगायतका पत्रपत्रिकामा प्रकाशित छन् ।

**छ**) साहित्यकार मनिराज जोशीको हालसम्मको जीवनयात्रा पुगनपुग साढे पाँच दशक हुन थालेको छ । बाल्यकालदेखि नै आफ्नै मावली बाजे, मामाहरू, दाजु तथा पं. चेतराज रेग्मीको सान्निध्यमा रहेर उनले संस्कृत काव्यहरुको अध्ययनका साथै ज्योतिषी विद्याको गहन स्वध्यायन गरेका थिए । औपचारिक रूपमा कक्षा पाँचसम्म मात्र शिक्षा लिएका मनिराजले स्वाध्यनबाटै आफ्नो जीवनलाई पुष्पित र पल्लवित पारेका छन् ।

**ज**) वाल्यकालदेखि नै निकै मेधावी र लगनशील  व्यक्तित्वका धनी मनिराज समय समयमा विभिन्न पुरस्कार-सम्मानहरूद्वारा सम्मानित हुँदै आएका पनि छन् । साहित्य-लेखन, समाजसेवा, ज्योतिष र पुराणवाचन नै प्रमुख पेशा भएका मनिराज जोशी बेलाबखत विभिन्न सङ्घसंस्थाहरूमा समेत संलग्न देखिन्छन् । यिनले विभिन्न सिलसिलामा नेपाल र भारतका विभिन्न ठाउँहरुको भ्रमण पनि गरेका छन् ।

**झ**) बाल्यावस्थादेखि नै साहित्यप्रति अभिरुचि राख्ने मनिराजको औपचारिक लेखनको प्रारम्भ भने डोटीबाट कैलालीतिर बसाइ-सराइ पछि २०३५ सालदेखि भएको हो । उनको पहिलो कृति उनको स्थान-परिचयको एक साधनका रूपमा रहेको भए तापनि उनका पछिल्ला कृतिहरू राष्ट्रिय भावनाले ओतप्रोत देखिएका छन् । साहित्यकार मनिराज जोशीको जीवन-यात्राको अधिकांश समय साहित्य-लेखन र ज्योतिष परामर्शमा नै व्यतीत भएको देखिन्छ । ज्योतिषका रूपमा सुदूर पश्चिमाञ्चल क्षेत्रमा उनले कमाएको ख्याति एकदमै लोभलाग्दो छ । हिन्दू शास्त्र र शास्त्रीय कर्म तथा ज्योतिषका सम्बन्धमा कुनै दुविधा वा मतमतान्तर हुँदा त्यसको निरूपण गर्ने व्यक्तिका रूपमा पनि उनी मानिएका छन् ।

मनिराज जोशी समसामायिक कालका सशक्त कवि हुन् । आदिकवि भानुभक्त आचार्य, कवि शिरोमणि लेखनाथ पौड्याल र महाकवि लक्ष्मी प्रसाद देवकोटाको

कवित्वबाट अत्यन्त प्रभावित मनिराज जोशीका कविता अत्यन्त शिष्ट, मर्यादित, छन्दोबद्ध र राष्ट्रिय भावनाबाट ओतप्रोत छन् । उनका कृति सनातन हिन्दू धर्म-संस्कृति, नेपालीपन, आफ्नै रीतिरिवाज र राष्ट्रिय अस्तित्व  खोज्नमा तल्लीन छन् भने तिनको परिवेश प्राय : वैदिक छ । उनका कतिपय कृतिहरुको मूलभाव निरङ्कूशताको अन्त्य हुनुपर्ने , जातीय छुवाछुतको अन्त्य हुनुपर्ने, नेपालको अस्तित्व रक्षाका लागि सबैले एकजुट हुनुपर्ने तथा सामाजिक सांस्कृतिक मूल्य-मान्यताको संरक्षण, संवर्द्धन हुनुपर्ने भन्ने रहेको छ ।

**ञ)** साहित्यकार मनिराज जोशीले साहित्य लेख्ने प्रेरणा आफ्नो समाज, संस्कृति,परिवेश र राजनीतिबाट प्राप्त गरेका हुन् । प्रत्यक्ष रुपमा उनी राजनैतिक क्षेत्रमा संक्रिय नभए पनि मुलुकमा लोकतन्त्रको स्थायित्व हुनुपर्ने आवाज उनको छ । वि सं. २०४६ को ऐतिहासिक जनआन्दोलन र २०६२/०६३ को जन आन्दोलनमा पनि उनले प्रत्यक्ष-परोक्ष रूपमा लोकतन्त्रका लागि आवाज उठाएका थिए । आफ्ना प्रत्येक प्रवचन, धार्मिक सभा, गोष्ठी लगायतका स्थानमा मनिराजले मुलुकमा लोकतन्त्रको स्थायित्व भए मात्र नेपालीको शिर उचो हुने सन्देश दिने गरेका छन् ।

**ट)** मनिराजले सीमित रूपमा कथा, समालोचना, डोटेली डेउडा गीत, निबन्ध लेखेका छन् । उनले फुटकर रचनातर्फ केही मात्रामा भजन, प्रार्थनामूलक कविता पनि लेखेका छन् । उनका अप्रकाशित कृतिहरूमा **जयपृथ्वी बहादुर सिंह** महाकाव्य, **कवि देबकान्त खण्डकाव्य, कर्मकाण्ड भाष्कर, मेरो कर्तव्य** कविता सङ्ग्रह, **शैलेश्वरी महाकाव्य** लगायत एक दर्जन जति छन् ।

ठ) साहित्यकार मनिराज जोशी नेपाली साहित्यकाशमा मूलतः धार्मिक, आध्यात्मिक र सामाजिक व्यक्तित्वकै रूपमा सुपरिचित देखिन्छन् । कृतिहरूको परिमाणात्मकताका दृष्टिले उनका एक दर्जन जतिको संग्रह उल्लेखनीय नै ठहर्छ

भने गुणात्मकताका दृष्टिले उनका कृति निकै घतलाग्दा रहेका छन् । उनका महाकाव्यको भाषाशैलीले त उनलाई वास्तवमै एक राष्ट्रिय प्रतिभाको रूपमा उनको विद्वतालाई चिनाएको छ । साहित्यकार मनिराज जोशीका साहित्य लेखनका क्रममा देखिएका प्रमुख साहित्यिक प्रवृतिहरू समेत समावेश गरी हेर्दा उनी जीवनवादी, मानवतावादी, भाषा-संस्कृतिप्रेमी, राष्ट्रप्रेमी र दार्शनिक लेखकका रूपमा सुपरिचित देखिन्छन् ।

**ङ**) साहित्यकार मनिराज जोशीको साहित्य-यात्राको शोध अध्ययनको महत्वपूर्ण पाटो उनका पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषणसँग सम्बन्धित रहेको छ । कृति- विश्लेषणको क्रममा उनका प्रकाशित अधिकांश पुस्तकहरू धार्मिक चिन्तनका र लघु आकारका भएकोले ती कृतिहरुको संक्षेपमा विश्लेषण गरिएको छ । आध्यात्मिक चिन्तनले जीवन-जगत्को गोरेटोलाई सम्हाल्न सक्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । मनिराज जोशीलाई नायक बनाएर नेपाली साहित्य भण्डारमा महाकाव्य पनि लेखिएको छ । पोखराका कवि रामनाथ अधिकारीले साहित्यकार मनिराज जोशीलाई माहाकाव्यको नायक बनाएर २०६५ सालमा **'मनिराज'** महाकाव्य प्रकाशित गरेका छन् । रामनाथ अधिकारी संगीद्वारा लिखित उक्त कृतिको प्रकाशन बिष्णुमाया वाङ्मय प्रतिष्ठान पोखराले गरेको हो । उक्त महाकाव्यमा नेपाली साहित्यजगतका विशिष्ट व्यक्तित्व, समाजसेवी महाकवि, ज्योतिषविद् एवम् सुदूर पश्चिमका साहित्यिक तारा मनिराज जोशीको जीवनका आयामलाई छर्लङ्ग्याइएको छ । यस अर्थमा पनि मनिराज विशिष्ट साहित्यिक व्यक्तित्व भएको पुष्टि हुन्छ । मनिराज जोशीका केही कृतिहरू लघु आकारका रहेका छन् । उनका लेखनमा अधिकांश तत्सम स्रोतका शब्द प्रयोग गरिएका छन् भने न्यूनरूपमा तद्भव र आगन्तुक शव्हरुको प्रयोग पनि देखिन्छ । शब्दहरुका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयन-समुच्चयनबाट उनका रचनाहरूमा विशिष्ट पाठकका निम्ति उपयुक्त र बोध्य उच्च शैलीको प्रयोग

हुन गएको भेटिन्छ । वर्तमान अवस्थामा पनि निरन्तर साधनामा तल्लीन रही मनिराज जोशीले आफ्नो जीवनको झन्डै साढे तीन दशक साहित्य साधनामा बिताएका छन् । उनीबाट अझै थुप्रै स्तरीय कृतिको अपेक्षा सुदूर पश्चिमको नेपाली साहित्यले गरेको छ ।

**ढ**) मनिराज जोशी नेपाली समसामायिक कविता फाँटका उच्च कोटिका कवि हुन् । नेपाली काव्यजगत्मा उनको संख्यात्मक योगदानलाई र लेखनगत द्रुतशैलीलाई लेखनाथ पौड्याल र महाकवि देवकोटा कै परिप्रेक्ष्यमा पनि कतिपयले हेरेका छन् । मनिराजका काव्यहरूमा आत्मपरक भाव, सामाजिक चेतना, उच्च वैचारिक चिन्तन तथा वर्णनात्मक भाषाको प्रयोग भेटाउन सकिन्छ । समग्रमा भन्दा मनिराज वर्तमान पुस्ताका एक सशक्त, क्षमतावान् र निरन्तर साधनाशील नेपाली कवि तथा चिन्तक मध्ये कै एक बौद्धिक कवि हुन् ।

नेपाली साहित्यको श्रीवृद्धिका लागि अहोरात्र खट्ने व्यक्तित्वहरू मध्ये मनिराज जोशी प्रतिभाशाली व्यक्तित्व हुन् । नेपालको सुदुरपश्चिमी क्षेत्रको डोटी जिल्लामा वि.सं. २०१२ अशोज १२ गते जन्मेका कवि मनिराज जोशीले हाल कैलालीलाई आफ्नो कर्मथलो वनाइरहेका छन् । मनिराज जोशीको साहित्य साधना वर्तमान नयाँ पुस्ता र भावी पुस्ताका लागि उत्प्रेरक बनेको छ । विशेषगरी फुटकर कवितादेखि महाकाव्य लेखनसम्मको रचनाको स्तरसम्म पुग्न सकेको उनको सिर्जनशील व्यक्तित्व लेख, निवन्ध तथा फाटफुटरूपमा आख्यानमा समेत पुगेको छ । जे होस्, मनिराज जोशी मूलत : कवि हुन् । नेपाली साहित्य भण्डारमा दश वटा कृति सुम्पिसकेका साहित्यकार जोशीले आफ्नो विलक्षण प्रतिभाका जोडले दुई वर्षभित्र पाँच महाकाव्य लेखेर सुदूर पश्चिममा नै सबैलाई चकित पारेका छन् । उनका **पहलमानसिंह स्वार** र **दशरथ चन्द महाकाव्य** प्रकाशित भैसकेका छन् भने **जयपृथ्वी बहादुर सिंह, शैलेश्वरी र देवकान्त पन्त खण्डकाव्य** एवं **कर्मकाण्ड भाष्कर** शीघ्र प्रकाशोन्मुख

छन् । यस बाहेक पनि एक दर्जनभन्दा बढी कृति उनका अप्रकाशित छन् जो पाण्डुलिपिका रूपमा थन्किएका छन् । औपचारिक रूपमा कुनै विशिष्ट शिक्षा नलिएका साहित्यकार मनिराज जोशीले स्वाध्ययनबाटै आफूमा यति ठूलो बहुमुखी प्रतिभा देखाएबाट निश्चय पनि सरस्वती माताको कृपा उनमा परेको देखिन्छ ।

**ण**) विभिन्न धार्मिक संघ-संस्थामा भएको मनिराजको आवद्धता दैनिक रूपमा हुने पूजा-पाठ र भजन कीर्तनमा सापेक्षिक सहभागिता हेर्दा उनीभित्र धार्मिक व्यक्तित्व पनि झल्किएको देख्न सकिन्छ । सुदूर पश्चिममा बसेर साहित्य-साधनामा तल्लीन व्यत्तित्व मनिराज जोशी एक सशक्त एवं होनहार प्रतिभा हुन् । एउटा प्रसिद्धिप्राप्त ज्योतिष र वरिष्ठ समाजसेवीको रूपमा समेत स्थापित मनिराज जोशी एक विशिष्ट साहित्य साधक हुन् । बोलीमा नम्रता, शिष्टता, भद्रता, लगनशीलता, धैर्य र आत्मविश्वासका धनी मनिराज एक कुशल स्रष्टा हुन् । डोटी जिल्लाको गाँजरी, दानकोट गाउँमा जसुदा जोशी र धर्मराज जोशीका ज्येष्ठ पुत्ररत्नका रूपमा जन्मेका मनिराज जोशीले जीवन बाँच्ने कला राम्ररी बुझेका छन् । आफ्नो पुख्यौली थलो छाडेर कैलालीको धनगढीलाई आफ्नो कर्मथलो बनाई साहित्य र समाजसेवा गरिरहेका जोशीले विभिन्न पुरस्कार तथा सम्मान पाउन समेत सफल भइसकेका छन् । राष्ट्रियता र देशप्रेमको भावनालाई राम्ररी बुझेका मनिराज जोशी प्रायः आफ्ना रचनामा पनि त्यही सन्देश दिन्छन् । **'जननीजन्मभूमिश्च स्वर्गादपि गरीयसी' को** आदर्शलाई उनले राम्ररी बुझेका छन् । सुदूर पश्चिमाञ्चल साहित्य समाज, कैलाली जनपुस्तकालय, नेपाल लेखक संघ ,नेपाली भाषा-संस्कृति परिषद्, नेपाल प्रेस युनियन, नवदुर्गा अनुष्ठान केन्द्र, नैनादेवी भगवती मन्दिर, नेपाल ज्योतिष परिषद्, छन्द प्रतिष्ठान, कवि देवकान्त स्मृति प्रतिष्ठान, नेपाल रेडक्रस सोसाइटी, परिवार नियोजन संघ, नवरत्न साहित्य संगम लगायतका असंख्य र दर्जनौ सङ्घसंस्थामा संलग्न भई साहित्य र समाजसेवामा क्रियाशील व्यक्तित्व

जोशी वास्तवमै बहुमुखी प्रतिभा हुन् भन्न सकिन्छ । यति धेरै संस्थासित आवद्ध भई साहित्य सृजना गर्नसमेत भ्याइरहेका उनको विलक्षण प्रतिभाको कदर नेपाली समाजले गर्नुपर्ने हुन्छ ।

त) साहित्यकार मनिराज जोशी राष्ट्रिय पहलमानसिंह पुरूस्कार, सुदुर पश्चिमाञ्चल साहित्य पुरस्कार , विद्यार्थी साहित्य पुरस्कारलगायत सयौं अभिनन्दन र सम्मानपत्र बाट सुसज्जित भैसकेका छन् । उनको निवासमा झुन्ड्याइएका सम्मानपत्र, अभिनन्दन-पत्र, प्रशंसा-पत्र, कदर-पत्र र प्रमाण-पत्रले उनको उत्कृष्ट व्यक्तित्वलाई अझ उजागर गर्दछन् ।

यसरी हेर्दा निरन्तर प्रवाहमा बग्ने मनिराज जोशीको कलमले वास्तवमै साहित्यभण्डारलाई पुष्पित र पल्लवित पारेको ठहर्छ । सुदूर पश्चिमाञ्चल क्षेत्रमा नै आफूलाई नेतृत्वशाली र अग्रणी कविको रूपमा स्थापित गर्न सफल भइसकेका मनिराज जोशीको सिर्जनशीलताले भविष्यमा अझ ओजस्वी र गहकिला कृति प्रस्तुत गर्दै जानेछ भन्ने सम्भावना देखाएको छ ।

मनिराज जोशी बहुआयामिक प्रतिभाका धनी हुनुहुन्छ । मान्छेको हृदय छुनसक्ने साहित्यको सृजना गर्नु उनको विशेषता हो । यति हुँदाहुदै पनि मनिराज जोशीमा केही कमि कमजोरीहरु देखिन्छन् । हरेक मानिसमा केही न केही कमजोरीहरु र आलोचनात्मक पक्ष हुन्छ । ती मनिराजमा पनि छन् । मनिराजका केही कमजोरीहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क) अरुलाई चाँडै विश्वास गर्नु ।

ख) चित्त नबुझेको कुराको खरो विरोध गर्नु ।

ग) समयमा खानपिन र आहार विहार नगर्नु ।

घ) आफ्नो स्वास्थ्यप्रति ख्याल नराख्नु ।

ङ) नास्तीकहरुलाई अबहेलना गर्नु ।

च) आधुनिकताको अनुसरण नगर्नु र पुरातन मान्यतामाथि अगाध आस्था राख्नु ।

# सन्दर्भग्रन्थसूची

## क) पुस्तकसूची

अधिकारी, रामनाथ 'संगी' **मनिराज महाकाव्य**, प्रथम संस्क. पोखरा:, विष्णुमाया वाङ्मय प्रतिष्ठान-२०६२ ।

अधिकारी, रामनाथ 'संगी', **श्री स्वस्थानी महाकाव्य,** धनगढी: स्वयम् २०६४।

गौतम, देवीप्रसाद र लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली निवन्ध,** काठमाडौं: नवीन प्रकाशन २०५४ ।

जोशी, मनिराज **सरिता खण्डकाव्य**, धनगढी: विद्यार्थी साहित्य प्रतिष्ठान २०५६ ।

जोशी, मनिराज **दुई लाखको अर्ति कथासंग्रह**, धनगढी: सुदूर पश्चिमाञ्चल साहित्य समाज २०६१ ।

जोशी, मनिराज, **धौली (खण्डकाव्य)** प्रथम संस्क. धनगढी: तारा जोशी २०६४ ।

जोशी, मनिराज, **आनन्द गीता कविता संग्रह** प्रथम संस्क., धनगढी: स्वयम् २०५३ ।

जोशी, मनिराज, **विनोदानन्दमणि (काव्य),** धनगढी: मिश्रा प्रिन्टर्स, २०६१ ।

जोशी, मनिराज, **बेहडाबाबाको उत्पत्ति र महिमा**, धनगढी: प्रथम संस्क., स्वयम् २०४६ ।

जोशी, मनिराज, **बालज्योतिसार**, धनगढी: जोशी ज्योतिषी सेवा, २०४९ ।

जोशी, मनिराज, **वर्तमान युगको माग र ज्योतिषको अपरिहार्यता** धनगढी: मिश्रा प्रिन्टर्स, २०६१ ।

जोशी, मनिराज, **पहलमानसिंह स्वार महाकाव्य,** काठमाडौं: पहलमानसिंह स्वार स्मृति प्रतिष्ठान, २०६१ ।

जोशी, मनिराज, **दशरथ चन्द महाकाव्य,** काठमाडौं: दशरथ चन्द मेमोरियल ट्रस्ट, २०६५

जोशी, पद्मराज, **गौरापर्व एक परिचय,** धनगढी: सुदूर पश्चिमाञ्चल संस्कृति सम्बर्द्धन समिति, २०५९ ।

जोशी, टीएन्, 'किशोर', **देश रोएका बेला** गजल संग्रह, धनगढी: सुप साहित्य समाज ०६२ ।

थापा, हिमांशु, **साहित्य परिचय,** काठमाडौंः तेस्रो संस्क, साझा प्रकाशन २०४७ ।

पौडेल, नारायणप्रसाद, **साहित्यकार पण्डित रुद्रमणि अधिकारीको जविनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** प्रकाशक निर्मलमणि अधिकारी २०६३ ।

बन्धु, चुडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन** काठमाडौंः साझा पुस्तक भण्डार, २०५२ ।

लुइटेल, खगेन्द्र प्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौंः, नेराप्रप २०६० ।

शर्मा, गोपीकृष्ण **नेपाली निबन्ध परिचय**, छैटौं संस्क. काठमाडौंः रत्नपुस्तक भण्डार, २०५१ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्दप्रसाद, **शोधविधि,** काठमाडौँ साझा प्रकाशन २०५५ ।

श्रेष्ठ, दयाराम, शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौंः छैटौं संस्क., साझा प्रकाशन २०५९ ।

**ख) पत्रपत्रिकासूची**

- अधिकारी, महादेव, 'सरिता खण्डकाव्य र मनिराज जोशी' समीक्षा **सेती समाचार** (बाडुली अंङ्) धनगढीः वर्ष ४, अङ्क ९१, पृष्ठ २, २०५८ ।
- जोशी, टी.एन.किशोर **सौरभ (मासिक**) धनगढीः पौष, वर्ष १ अङ्क १, पृष्ठ ३, २०५२ ।

**ग) शोधपत्रसूची**

- जोशी, दुर्गाप्रसाद, **साहित्यकार दुर्गाप्रसाद भण्डारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** अप्रकाशित शोधग्रन्थ त्रि.वि. २०६३ ।

## सम्भावित शोध शीर्षकहरु

साहित्यकार मनिराज जोशीका विषयमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्ने कार्य यसअघि भएको पाइँदैन । उनका बारेमा लेखिएको यो पहिलो अनुसन्धान हो । साहित्यकार मनिराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्वलाई यस शोधपत्र मार्फत् प्रष्ट्याउने कार्य भएको छ । यसबाहेक पनि जोशीका बारेमा निम्न अनुसारका सम्भावित शोध शीर्षकहरु हुनसक्ने देखिन्छ ।

क) मनिराज जोशीको महाकाव्यकारिता

ख) मनिराज जोशीको कवित्वको अध्ययन र विश्लेषण

ग) मनिराज जोशी र उनका खण्डकाव्यको अध्ययन

घ) मनिराज जोशीका महाकाव्यमा छन्द, रस र अलङ्कारको प्रयोग

ङ) मनिराज जोशीको कथाकारिता

च) मनिराज जोशीको निबन्धकारिता

छ) मनिराज जोशीका प्रकाशित फुट्कर कृतिको अध्ययन

ज) मनिराज जोशीका कवितामा राष्ट्रप्रेम

झ) मनिराज जोशीका आध्यात्मिक कृतिहरुको अध्ययन

ञ) मनिराज जोशीका कृतिहरुमा तत्सम शब्दको प्रयोग

ट) मनिराज जोशी र उनका समालोचनाको अध्ययन



(शोधनायक साहित्यकार श्री मनिराज जोशी)

ठेगाना :- धनगढी नगरपालिका वार्ड नं.१, बसन्तटोल, कैलाली

सम्पर्क फोन नं. ०९१-५२२७५०